# मध्यमकालीन खर्च सरंचना
# (आर्थिक वर्ष २०८०/८१-२०८२/८३)



**दार्मा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
फारुलाचौर, दार्मा, सल्यान,
कर्णाली प्रदेश, नेपाल

# मध्यमकालीन खर्च संरचना (आ.व.२०८०/८१-२०८२/८३)

प्रकाशक : दार्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सर्वाधिकार : प्रकाशकमा

आवरण फोटो : दार्मा गाउँपालिका

प्रकाशन मिति : २०८०

प्राविधिक सहयोग : स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (**LISP**)

सम्पर्कका लागि : गाउँ कार्यपालिकाको कार्यालय

सल्यान, कर्णाली प्रदेश, नेपाल

ईमेलः ito.darmaumun@gmail.com

# दार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
# फारुलाचौर, सल्यान

**मन्तव्य**



अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले संघ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै दार्मा गाउँपालिकाले आफ्नै पहलमा यो त्रिबर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने अवसर जुटेकोमा हामीलाई खुशी लागेको छ ।

जनचाहना र विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई गाउँपालिका  स्वयंका लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ । यस गाउँपालिकाले हालसम्म आवधिक योजना तर्जुमा गरि कार्यान्वयनको चरणमा रहेको उक्त योजना, गाउँपालिकाका नीतिहरू, विषयगत गुरुयोजनाहरू, प्रदेश तथा संघ सरकारका सम्बन्धित नीति तथा योजनाहरूलाई मध्यनजर गरी निर्वाचित पदाधिकारीको दोश्रो कार्यकाल आरम्भको रुपमा यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। यसका लागि सम्बन्धित विज्ञहरू धन्यवादका पात्र हुनुहुन्छ ।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छ, र यस दस्तावेजले गाउँपालिकाबाट परिचालन हुने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही ढङ्गले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यो त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न प्राविधिक सहयोग गर्ने स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP), का योजना तथा क्षमता विकास सल्लाहकार श्री पोषण सेन्चुरी, सम्पूर्ण कर्मचारी, पदाधिकारी तथा सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

...............................

निम बहादुर देवकोटा

अध्यक्ष

# दार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
# फारुलाचौर, सल्यान

**मन्तव्य**



सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ। सार्वजनिक वित्त व्यवस्थापनलाई चुस्त र दुरुस्त तुल्याउदै आवधिक योजनाका लक्ष्य, उद्देश्य र नीतिगत प्राथमिकतालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले संघ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। सोही अनुरुप दार्मा गाउँपालिकाले यो त्रिबर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ।

मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको दिर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व र गाउँपालिकाको लागि आवश्यकताको विषयका रुपमा रहेको छ। मध्यमकालीन खर्च संरचनाले यस गाउँपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्नेतर्फ गाउँपालिकाको वित्त व्यवस्थापनलाई मार्गदर्शन गर्नेमा म विश्वस्त छु।

मध्यकालीन खर्च संरचनाले दिगो विकासका लक्ष्यहरू, लैगिक समानता तथा विपद् तथा जलवायुजन्य जोखिम तथा यसबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचना दस्तावेजले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिका का समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने आधार तयार भएको छ।

अन्त्यमा, यो त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न प्राविधिक सहयोग गर्ने स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP), का योजना तथा क्षमता विकास सल्लाहकार श्री पोषण सेन्चुरी,सम्पूर्ण कर्मचारी, पदाधिकारी तथा सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

..............................

जुना मल्ल चन्द

उपाध्यक्ष

# दार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
# फारुलाचौर, सल्यान



**दुई शव्द**

गाउँपालिकाको मार्गदर्शन दस्तावेजको रुपमा पहिलो पटक दार्मा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुऱ्याउनुका अतिरिक्त गाउँपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु।

विगत दशकहरूमा विपद्का विभिन्न घटना एवम् जलवायुजन्य विषमता तथा तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ। यी घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ।

दिगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषय भएको हुनाले यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट गाउँपालिकाबाट गरिने सार्वजनिक खर्चलाई लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने विश्वास लिएको छु।

अन्त्यमा, यो त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न प्राविधिक सहयोग गर्ने स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP), का योजना तथा क्षमता विकास सल्लाहकार श्री पोषण सेन्चुरी,सम्पूर्ण कर्मचारी, पदाधिकारी तथा सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

.............................

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत

विषयसूची

**परिच्छेद एक : परिचय**

१.१ पृष्ठभूमि ........................................................................................................ १
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ........................................................................१
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ...................................................................... १
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ..................................................................... १
२ १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ...........................................................२

**परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना**

२.१ पृष्ठभूमि........................................................................................................ ५
२.२ चूनौति तथा अवसर ........................................................................................६
२.३ सोच, उद्देश्य तथा रणनीति ................................................................................... ६
२.४ मध्यमकालीन आर्थिक खाका ..............................................................................७
२.५ मध्यमकालीन नतिजा खाका ...............................................................................८
२.६ मध्यमकालीन बजेट खाका ................................................................................९
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ....................................................................११
२.८ विषय क्षेत्रगत बाँडफाँट.......................................................................................१५

**परिच्छेद तीन : आर्थिक क्षेत्र**

३.१ कृषि तथा खाद्य सुरक्षा ..........................................................................................१६
३.१.१ पृष्ठभूमि..........................................................................................................१६
३.१.२ समस्या तथा चूनौति ..........................................................................................१६
३.१.३ सोच..............................................................................................................१६
३.१.४ उद्देश्य ..........................................................................................................१६
३.१.५ रणनीति ......................................................................................................... १६
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ................................................................१७
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....................................................... १८
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण................................................................... १८
३.१.९ जोखिम पक्ष तथा अनुमान .................................................................................. १९

३.२ पशुपंक्षी विकास............................................................................................ १९
३.२.१ पृष्ठभूमि........................................................................................................ १९
३.२.२ समस्या तथा चुनौति ...........................................................................................१९
३.२.३ सोच............................................................................................................. २०
३.२.४ उद्देश्य.......................................................................................................... २०
३.२.५ रणनीति......................................................................................................... २०
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ................................................................... २०
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.......................................................... २०
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..................................................................... २१
३.२.९ जोखिम पक्ष तथा अनुमान .................................................................................... २२

३.३ सिंचाइ ........................................................................................................ २२
३.३.१ पृष्ठभूमि........................................................................................................ २२
३.३.२ समस्या तथा चूनौति........................................................................................ २२
३.३.३ सोच........................................................................................................ २२
३.३.४ उद्देश्य........................................................................................................ २२
३.३.५ रणनीति........................................................................................................ २२
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................ २३
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.............................................. २३
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................ २३
३.३.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ २३

३.४ पर्यटन तथा संस्कृति ........................................................................................ २४
३.४.१ पृष्ठभूमि........................................................................................................ २४
३.४.२ समस्या तथा चूनौति ........................................................................................ २४
३.४.३ सोच ........................................................................................................२४
३.४.४ उद्देश्य........................................................................................................ २५
३.४.५ रणनीति........................................................................................................ २५
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................ २५
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान .............................................. २६
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........................................................ २६
३.४.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ २६
३.५ उद्योग तथा व्यापार........................................................................................ २६
३.५.१ पृष्ठभूमि........................................................................................................ २६
३.५.२ समस्या तथा चूनौति ........................................................................................ २७
३.५.३ सोच ........................................................................................................ २७
३.५.४ उद्देश्य........................................................................................................ २७
३.५.५ रणनीति........................................................................................................ २७
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................ २८
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.............................................. २९
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................ २९
३.५.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ ३०
३.६ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी ........................................................ ३०
३.६.१ पृष्ठभूमि........................................................................................................ ३०
३.६.२ समस्या तथा चूनौति........................................................................................ ३०
३.६.३ सोच ........................................................................................................ ३१
३.६.४ उद्देश्य........................................................................................................ ३१
३.६.५ रणनीति ........................................................................................................ ३१
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................ ३१
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान .............................................. ३१
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................ ३१
३.६.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ ३२

३.७ श्रम, रोजगारी तथा गरिवी निवारण ........................................................................ ३२
३.७.१ पृष्ठभूमि........................................................................................................ ३२
३.७.२ समस्या तथा चनौति ......................................................................................... ३३
३.७.३ सोच.............................................................................................................. ३३
३.७.४ उद्देश्य......................................................................................................... ३३
३.७.५ रणनीति......................................................................................................... ३३
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ................................................................. ३३
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ................................................. ३४
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........................................................................ ३४
३.७.९ जोखिम पक्ष तथा अनुमान ..................................................................................... ३५

**परिच्छेद चार : सामाजिक क्षेत्र**

४.१ शिक्षा, विज्ञान तथा प्रविधि.................................................................................... ३६
४.१.१ पृष्ठभूमि ....................................................................................................... ३६
४.१.२ समस्या तथा चूनौति ........................................................................................ ३६
४.१.३ सोच ............................................................................................................. ३६
४.१.४ उद्देश्य ......................................................................................................... ३६
४.१.५ रणनीति......................................................................................................... ३७
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...................................................................... ३८
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ................................................... ३९
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...................................................................३९
४.१.९ अनुमान तथा जोखिम ........................................................................................ ४०
४.२ स्वास्थ्य तथा पोषण .............................................................................................४०
४.२.१ पृष्ठभूमि .......................................................................................................४०
४.२.२ समस्या तथा चूनौति ........................................................................................४१
४.२.३ सोच.............................................................................................................४१
४.२.४ उद्देश्य ........................................................................................................४१
४.२.५ रणनीति ......................................................................................................... ४१
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..................................................................... ४२
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.................................................... ४३
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण .................................................................... ४३
४.२.९ जोखिम पक्ष तथा अनुमान ................................................................................... ४४

४.३ खानेपानी तथा सरसरफाई ..................................................................................... ४५
४.३.१पृष्ठभूमि......................................................................................................... ४५
४.३.२ समस्या तथा चूनौति ....................................................................................... ४५
४.३.३ सोच............................................................................................................ ४५
४.३.४ उद्देश्य ........................................................................................................ ४५
४.३.५ रणनीति ....................................................................................................... ४५
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य .................................................................... ४६

४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ ४७
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४७
४.३.९ जोखिम पक्ष तथा अनुमान ........ ४८

४.४ युवा तथा खेलकुद........ ४८
४.४.१ पृष्ठभूमि ........ ४८
४.४.२ समस्या तथा चूनौति ........ ४९
४.४.३ सोच........ ४९
४.४.४ उद्देश्य ........ ४९
४.४.५ रणनीति........ ४९
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४९
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ ५०
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५०
४.४.९ जोखिम पक्ष तथा अनुमान ........ ५१

४.५ महिला, बालबालिका तथा समाजिक समावेशिकरण ........ ५१
४.५.१ पृष्ठभूमि........ ५१
४.५.२ समस्या तथा चूनौति ........ ५१
४.५.३ सोच........ ५२
४.५.४ उद्देश्य........ ५२
४.५.५ रणनीति ........ ५२
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५२
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५३
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५४
४.५.९ जोखिम पक्ष तथा अनुमान ........ ५५

४.६ सामाजिक सुरक्षा र पञ्जीकरण ........ ५५
४.६.१ पृष्ठभूमि........ ५५
४.६.२ समस्या तथा चूनौति ........ ५५
४.६.३ सोच........ ५५
४.६.४ उद्देश्य........ ५६
४.६.५ रणनीति........ ५७
४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५८
४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५९
४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ ५७
४.६.९ जोखिम पक्ष तथा अनुमान........ ५७

**परिच्छेद पाँच : पूर्वाधार क्षेत्र**

५.१ आवास, भवन तथा शहरी विकास ........ ५८
५.१.१ पृष्ठभूमि........ ५८
५.१.२ समस्या तथा चूनौति........ ५८

५.१.३ सोच........ ५८
५.१.४ उद्देश्य........ ५८
५.१.५ रणनीति........ ५८
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ५९
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ ५९
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६०
५.१.९ जोखिम पक्ष तथा अनुमान ........ ६०

५.२ सडक, पुल तथा यातायात ........ ६०
५.२.१ पृष्ठभूमि........ ६०
५.२.२ समस्या तथा चूनौति ........ ६१
५.२.३ सोच ........ ६१
५.२.४ उद्देश्य........ ६१
५.२.५ रणनीति........ ६१
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६१
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६२
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६३
५.२.९ जोखिम पक्ष तथा अनुमान ........ ६४

५.३ जलस्रोत, विद्युत तथा उर्जा ........ ६४
५.३.१ पृष्ठभूमि ........ ६४
५.३.२ समस्या तथा चूनौति ........ ६४
५.३.३ सोच........ ६४
५.३.४ उद्देश्य ........ ६४
५.३.५ रणनीति........ ६५
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६५
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........६५
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६६
६.३.९ जोखिम पक्ष तथा अनूमान ........ ६६

५.४ सूचना तथा सञ्चार ........ ६६
५.४.१ पृष्ठभूमि ........ ६६
५.४.२ समस्या तथा चूनौती ........ ६७
५४.३ सोच ........ ६७
५.४.४ उद्देश्य........ ६७
५.४.५ रणनीति ........ ६७
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६७
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६८
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६८
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान........ ६९

**परिच्छेद ५ : वातावरण तथा विपद व्यवस्थापन**


६.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण ........ ७०
६.१.१ पृष्ठभूमि ........ ७०
६.१.२ समस्या तथा चूनौति ........ ७०
६.१.३ सोच ........ ७०
६.१.४ उद्देश्य ........ ७०
६.१.५ रणनीति ........ ७०
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७१
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७१
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७२
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ७२

६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ७२
६.२.१ पृष्ठभूमि ........ ७२
६.२.२ समस्या तथा चुनौति ........ ७२
६.२.३ सोच ........ ७३
६.२.४ लक्ष्य र उद्देश्य ........ ७३
६.२.५ रणनीति ........ ७३
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७३
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७३
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७४
६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ७४

६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ........ ७४
६.३.१ पृष्ठभूमि ........ ७४
६.३.२ समस्या तथा चूनौति........ ७५
६.३.३ सोच ........ ७५
६.३.४ उद्देश्य........ ७५
६.३.५ रणनीति........ ७५
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७५
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........७६
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७६
६.३.९ जोखिम पक्ष तथा अनुमान ........ ७७


**परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र**


७.१ नीति, कानून, न्याय तथा सुशासन ........ ७८
७.१.१ पृष्ठभूमि........ ७८
७.१.२ समस्या तथा चूनौति ........ ७८
७.१.३ सोच........७८
७.१.४ उद्देश्य........७८
७.१.५ रणनीति ........ ७८

७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...................................................................... ७९
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान .............................................................. ७९
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ ७९
७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ..................................................................................... ८०

७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ....................................................................... ८०
७.२.१ पृष्ठभूमि.................................................................................................... ८०
७.२.२ समस्या तथा चूनौति ........................................................................................ ८०
७.२.३ सोच ......................................................................................................... ८१
७.२.४ उद्देश्य...................................................................................................... ८१
७.२.५ रणनीति.................................................................................................... ८१
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य .................................................................... ८१
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............................................................ ८२
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ ८२
७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ................................................................................... ८२

७.३ राजस्व तथा स्रोत परिचालन ................................................................................ ८२
७.३.१ पृष्ठभूमि.................................................................................................... ८२
७.३.२ समस्या तथा चूनौति ........................................................................................ ८३
७.३.३ सोच......................................................................................................... ८३
७.३.४ उद्देश्य...................................................................................................... ८३
७.३.५ रणनीति.................................................................................................... ८३
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...................................................................... ८३
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान .............................................................. ८४
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................................................................... ८४
७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान ..................................................................................... ८४

७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन .................................................................... ८५
७.४.१ पृष्ठभूमि..................................................................................................... ८५
७.४.२ समस्या तथा चूनौति ......................................................................................... ८५
७.४.३ सोच.......................................................................................................... ८५
७.४.४ उद्देश्य..................................................................................................... ८५
७.४.५ रणनीति..................................................................................................... ८५
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...................................................................... ८६
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............................................................. ८६
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ ८६
७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ....................................................................................... ८७

अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल ................................................... ८८
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ......... ८९
अनुसूची ३ : तीन आवको खर्च, स्रोतअनुमान, कार्यक्रमगत बजेट, प्राथमिकीकरण सांकेतीकरण .................. ९१
अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण ।

# तालिका सूची


तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा) ........................ ७

तालिका २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य .......................................... ८

तालिका २.३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण .......................................................९

तालिका २.४: रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण ........................ ११

तालिका २.५: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ................... १२

तालिका २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ................ १२

तालिका २.७: लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........... १३

तालिका २.८: जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण .......... १४

तालिका २.९: आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण .......................... १४

# परिच्छेद-१: परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो । मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेट बीच तादात्म्यता कायम गराउने हुँदा यसलाई योजना र बजेटबीचको सेतुको रुपमा समेत परिभाषित गरिन्छ । यसले प्राथमिकता प्राप्त कार्यक्रम/आयोजनमा श्रोत विनियोजनको सुनिश्चितता गर्दछ । कार्यान्वयन ईकाइलाई जिम्मेवार र जवाफदेही बनाउने हुँदा वित्तीय अनुशासन कायम गर्न मद्दत गर्छ । सिमित श्रोत साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च प्रणालीको स्थापना, सामाजिक, आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना अत्यन्तै महत्वपूर्ण हुन्छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी दायित्व उल्लेख रहेको छ । उल्लिखित कानूनी दायित्व पूरा गर्न तथा दार्मा गाउँपालिकाले आफ्नो आर्थिक प्रणालीलाई मितव्ययी, पारदर्शी बनाउँदै विकासका आयोजनालाई वस्तुगत आधारमा प्राथमिकिकरण गर्न यो मध्यमकालीन खर्च संरचना तयार गरेको हो ।

यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन र आवधिक योजना, दिगो विकासका लक्ष्य तथा दार्मा गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजनालाई समेत मध्यनजर गरिएको छ । नेपालको संविधानद्वारा निर्दिष्ट कार्यक्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ लाई मार्गनिर्देशक दस्तावेजको रुपमा लिइ यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराउनु र वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहाय अनुसारको विशिष्ट उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

(ख) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु,

(ग) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.३ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दीगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५ २०३०)
- दिगो विकासका लक्ष्यको स्थानीयकरण सम्वन्धि स्रोत पुस्तिका

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७९/८०)
- कर्णाली प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८१/८२),
- गाउँपालिकाको आवधिक योजना (२०७८/७९-२०८२/८३)
- गाउँपालिकाको अन्य विषय क्षेत्रगत नीति र योजनाहरु

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि र प्रक्रिया

राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अवधारणा, मार्गदर्शन तथा औजारहरु प्रयोग गरी यस दस्तावेज तयार गरिएको छ। मध्यमकालीन खर्च संरचना तयारीको चरण तथा प्रक्रिया देहाय बमोजिम रहेको छ :

### चरण १ तयारी चरण

### प्रक्रिया १: प्राविधिक सहयोगका लागी टोली परिचालन

दार्मा गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न प्राविधिक सहयोग टोली परिचालन गरियो । प्राविधिक सहयोग टोलीबाट चालु आवधिक योजना तथा बार्षिक विकास कार्यक्रम समीक्षा विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचनाको अवधारणा तथा तयारी प्रक्रियाको बारेमा अभिमुखीकरण गर्ने, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र कार्यदललाई आगामी तीन आर्थिक वर्षको स्रोत अनुमान तथा प्रक्षेपण गर्ने, विषयगत बजेट सीमा र मार्गदर्शन तयार गर्ने कार्यमा प्राविधिक सहयोग र सहजीकरण गरिएको थियो । यसैगरी विषयगत शाखासँग परामर्श गरी उपक्षेत्रगत रुपमा आयोजना तथा कार्यक्रमको विवरण तयार गर्ने, विषयगत नतिजा खाका समेत विषय उपक्षेत्रगत मध्यकालीन खर्च संरचना मस्यौदा तयार गर्ने, विषयगत समितिमा छलफल गर्ने, आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र सांकेतीकरण गर्ने, समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका तयार गर्ने, स्रोतको मध्यमकालीन अवधिका लागि बाँडफाँट गर्ने, मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गर्ने र मध्यमकालीन खर्च संरचनालाई दिगो विकास लक्ष्यमैत्री बनाउने कार्यमा प्राविधिक सहयोग टोलीबाट सहयोग र सहजीकरण गरिएको थियो ।

### प्रक्रिया २: नीतिगत, कानुनी दस्तावेज दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामाग्री संकलन तथा समीक्षा

स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो। दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो। यस मध्यमकालीन खर्च संरचना तयारीका लागि अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्रीहरु देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास

- नेपाल सरकार, प्रदेश सरकार एव दुल्लू नगरपालिकाको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेश तथा गाउँपालिकाका आवधिक योजना
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- दार्मा गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।

## प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा

मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी विधि, औजार एवं कार्ययोजना अन्तिम रुप दिन गाउँपालिकामा प्रारम्भिक छलफल गरियो । यस छलफलमा गाउँपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका पदाधिकारी, विषयगत शाखा तथा इकाईका प्रमुखहरु तथा प्रतिनिधिको सहभागिता थियो । बैठकमा भएको छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाव र पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तयार गरियो ।

## चरण २: लेखाजोखा चरण तयारी चरण

## प्रक्रिया ६: अभिमुखिकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले एक दिवसीय अभिमूखीकरण कार्यशालाको आयोजना गरियो । सो कार्यशालामा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि, शाखा प्रमुख सहित अन्य सरोकारवालाहरुको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा बुझाईमा एकरुपता कायम गरियो । सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति गरियो । यसका साथै स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो । सो कार्यदलको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## प्रक्रिया ७: विषयगन समिति तथा शाखासँग परामर्शको आयोजना

चालु आवधिक योजना, विषयगत रणनीतिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समितिहरुसँग परामर्श तथा छलफल गरियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

## प्रक्रिया ८: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण

राजस्व बाँडफाँट, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई राजश्व सुधार कार्ययोजनाका आधारमा अनुमान तथा प्रक्षेपण तयार गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीतिका र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका

आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसर तयार बजेट सीमालाई सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

## चरण ३: तयारी चरण विषयगन समिति तथा शाखासँग परामर्शको आयोजना

### प्रक्रिया ९: क्षेत्रगत योजना तर्जुमा

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरि, विषयगत शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गरियो । यसका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दीगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको संकेतीकरण गरियो ।

### प्रक्रिया १०: विषयगत क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत शाखहरु सँग छलफल गरी उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो । विषयगत शाखा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो ।

### प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी

विषयगत क्षेत्र मध्यमकालीन संरचना, आर्थिक खाका, नतिजा खाका र बजेट खाका समेतलाई समावेश गरी निर्धारित ढाँचामा मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग रायपरामर्श गरिएको थियो । विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, आवधिक योजना, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारंस समावेश गरिएको छ ।

### प्रक्रिया १३: मध्यमकालीन खर्च संरचनाको मस्यौदा, प्रस्तुति, छलफल तथा सुझाव संकलन

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मस्यौदा मध्यमकालीन खर्च संरचनाको प्रस्तुति, छलफल तथा आवश्यक सुझाव संकलनगरिएको थियो । कार्यशालामा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो । उक्त कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुति गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनकासाथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतिकरण समेत गरियो ।

### प्रक्रिया १४: मध्यमकालीन खर्च संरचनाको परमार्जित मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर प्राप्त पृष्ठपोषण तथा सुझावलाई समेटी मस्यौदा दस्ताबेजलाई आवश्यक परिमार्जन गरियो । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन गरी यस परिमार्जित मस्यौदामा समेटीएको छ ।

## प्रक्रिया १५: मध्यमकालीन खर्च संरचनाको स्वीकृति

उपरोक्त चरण र प्रक्रिया अनुसार तयार बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर गाउँ कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त नगर सभामा पेश गरी स्वीकृत गरियो ।

# परिच्छेद - २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। ऐनले खर्चको विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने समेत व्यवस्था रहेको छ । स्थानीय सरकारले तर्जुमा गरेको आवधिक योजना, कुशलतापूर्वक विनियोजन गरिएको सार्वजनिक खर्च र प्रभावकारी कार्यान्वयनले राष्ट्रिय र प्रादेशिक स्तरमा तय गरिएका दीर्घकालीन र आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउछ । उपलब्ध श्रोतको कुशल, मितव्ययी र प्रभावकारी व्यवस्थापनबाट आवधिक योजनाले पहिचान गरेको प्रमुख कार्यक्रम र सूचक हासिल गर्न मध्यमकालीन खर्च संरचना (२०८०/८१- २०८२/८३) तयार गरिएको छ ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् नेपाल सरकारले घोषणा गरेको **समृद्ध नेपालः सुखी नेपाली**को दीर्घकालीन सोच अनुरुप तयार चालु पन्ध्रौं योजना, पन्ध्रौं आवधिक योजना (२०७६/७७- २०८०/८१) तथा कर्णाली प्रदेश को आवधिक योजना (२०७६/७७-२०८०/८१) ले तय गरेका सोच "समृद्ध कर्णालीः सुखारी कर्णालीबासी" , गाउँपालिकाको प्रथम आवधिक योजना (२०७८/७९ - २०८२/८३) लाई दार्मा गाउँपालिकाले आत्मसात गर्दै "सुन्दर, शान्त, सभ्य र समृद्ध गाउँपालिका" सोच सहित मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ। योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीय ताको कुशल व्यवस्थापन, तीब्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ। दार्मा गाउँपालिकाले चालु आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरी तयार गरेको मध्यमकालीन खर्च संरचनामा राष्ट्रिय र प्रादेशिक आवधिक योजना, दिगो विकासका लक्ष्य तथा दार्मा गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजनाका समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिको आधारमा उपलब्धि सूचक निर्माण गरिएको छ। यसैगरी आन्तरिक र बाह्य श्रोत अनुमानको आधारमा आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका, बजेट खाका, नतिजा खाका निर्माण गरेको छ। आवधिक योजनाको रणनीतिक स्तम्भ, आयोजना/कार्यक्रमको प्राथमिकता क्रम, दिगो विकासको लक्ष्य, लैंगिक तथा जलवायु संकेत, स्थानीय गौरवका आयोजना तथा विषय क्षेत्रगत आयोजना/कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण गरिएको छ ।

## २.२ दीर्घकालिन सोच, लक्ष्य र रणनीति

| **दीर्घकालीन सोच** |
|---|
| "सुन्दर, शान्त, सभ्य र समृद्ध गाउँपालिका" |
| **लक्ष्य** |
| दिगो तथा सन्तुलित आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधारको विकास । |
| **उद्देश्यहरू** |
| ✓ उपलब्ध श्रोत साधनबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक वृद्धि र विकास गर्नु ।<br>✓ सबै नागरिकमा व्यावसायिक तथा व्यवहारिक शिक्षा, आधुनिक स्वास्थ्य प्रणाली, आधारभूत खानेपानी, सरसफाई तथा स्वच्छ वातावरणमा पहुँच पुऱ्याई गुणस्तरीय जीवन बनाउनु ।<br>✓ प्राकृतिक, सांस्कृतिक र साहसिक पर्यटनका क्षेत्रमा पूर्वाधारको विकास गर्दै पर्यटन र रोजगारीको प्रवर्द्धन गर्नु ।<br>✓ सडक भवन विद्युत सूचना प्रविधिका क्षेत्रमा दिगो तथा गुणस्तरीय पूर्वाधारको निर्माण गर्नु । |

| प्रमुख रणनीतिहरु |
|---|
| ▪ अन्तर सरकारी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यमा लगानी बढाई दिगो, फराकिलो र समतामूलक उच्च आर्थिक वृद्धि दर हासिल गर्ने, उत्पादन बढाई रोजगार सृजना गर्ने, सबै प्रकारका गरिबीको अन्त्य गर्ने । |
| ▪ सार्वजनिक–निजी साझेदारी सम्बन्धी स्थानीय नीति निर्माण गरि कार्यान्वयन गर्ने । |
| ▪ स्थानीय विकासमा निजी र सहकारी क्षेत्रको सहभागितालाई मूलप्रवाहीकरण गर्ने . |
| ▪ पिछडिएका क्षेत्र, सामाजिक बहिस्करणमा पारिएका र आर्थिक रुपले सीमान्तकृत वर्गलाई गाउँपालिकाको विकास निर्माणमा सहभागी गराई सन्तुलित र समता मूलक आर्थिक वृद्धि गर्ने । |
| ▪ आन्तरिक राजस्वको सम्भावनाको अधिकतम परिचालनका लागि उपयुक्त नीतिगत व्यवस्था गर्ने । |
| ▪ सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, राजस्व परिचालन र सार्वजनिक ऋण परिचालन कार्य वैज्ञानिक र लागत प्रभावी बनाउन अन्तर तहगत तथा अन्तर निकाय समन्वयलाई प्रगाढ बनाउने । |
| ▪ वित्तीय हस्तान्तरणको परिचालन पारदर्शी र आर्थिक अनुशासनमा रही शत प्रतिशत उपयोग गर्ने । |
| ▪ सामुदायिक तथा गैरसरकारी संघसंस्था सँगको सहकार्यमा एकल महिला, अपाङ्ग, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका र महिला, हिंसा पीडित व्यक्ति, सीमान्तकृत सामाजिक समूह, लोपोन्मुख जाति आदिको सामाजिक सुरक्षा सुदृढ गर्ने । |
| ▪ विद्यालय, क्याम्पस तथा विश्वविद्यालयमा क्रमशः साधारण शिक्षाबाट प्राविधिक शिक्षातर्फ रुपान्तरण गर्न प्रोत्साहन गरि स्थानीय उत्पादनलाई चाहिने प्राविधिक मानव संसाधन गाउँपालिका भित्रै उत्पादन गर्ने । |
| ▪ संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थाको सहकार्यमा आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा स्थानीय तहमा बसोबास गरेका सबै नागरिकको समान पहुँच को सुनिश्चितताका साथै वृद्धि गर्दै लैजाने । |
| ▪ स्थानीय शासन प्रणालीमा क्रमिक र समसामयिक सुधार गरि पारदर्शी, उत्तरदायी शासनप्रणालीको विकास गर्ने । |
| ▪ प्राकृतिक रूपमा रहेका विभिन्न ताल, तलैया, गुफा, नदी र ओडारको स्वरूपमा परिवर्तन नगरी संरक्षण र संम्वर्द्धन गर्दै र्‍याफ्टिङ्ग, कायाकिङ्ग, बोटिङ्ग आदिको विकास गरि पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने । |
| ▪ परम्परागत धर्म संस्कृति रीतिरिवाजलाई संरक्षण गर्दै आन्तरिक तथा वैदेशिक पर्यटनको आकर्षण बढाउने । |
| ▪ प्राकृतिक उचाइहरुको सदुपयोग गर्दै साहसिक खेलको विकास र उन्नयनका लागि भौतिक पूर्वाधारको विकास र वार्षिक खेल आयोजना गर्ने । |
| ▪ भौतिक पूर्वाधार निर्माण विकाससँग सम्बन्धित आवश्यक स्थानीय नीति तथा कानुन तर्जुमा / परिमार्जन तथा कार्यान्वयन गर्ने । |
| ▪ स्थानीय स्तरमा रहेको आर्थिक, भौतिक तथा मानवीय श्रोत र साधनको पहिचान तथा व्यवस्थापन साथै पारदर्शी तथा न्यायोचित, मितव्ययी र दिगो विकासमा आधारित लगानीको सुनिश्चितता गर्ने । |
| ▪ पूर्वाधारको दीर्घकालीन गुरुयोजना तयारी र निर्माण कार्यलाई सँगसँगै गर्ने गरि आवश्यक प्रकृया अगाडि बढाउने । |
| ▪ भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा जमिन तथा स्थानको व्यवस्थापन गर्ने तथा सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति गर्नुपर्ने अवस्था आएमा उचित र उपयुक्त मुआब्जाको निर्धारण गर्ने । |
| ▪ भूमिको वर्गीकरणका आधारमा भएको भू-उपयोग नीति बमोजिमको लगत कायम गर्ने तथा वर्गीकरणका आधारमा जग्गाको कित्ताकाट र भूमी लगत (नक्शा, स्रेस्ता) निर्माण र संरक्षण गर्ने । |

**प्रमुख रणनीतिहरु**

- हालको निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रिकीकरण र व्यवसायीकरण, सिंचाइ सुविधाको विस्तार, उच्च उत्पादन दिने उन्नत बिउ र प्राविधिक सहयोगको विस्तार गरि कृषि र पशुपालन क्षेत्रमा उच्च उत्पादन र उत्पादकत्व हासिल गर्ने ।
- संगठित क्षेत्रमा साना, मझौला तथा ठूला कृषि प्रशोधन र खनिज जन्य नयाँ उद्योगको स्थापना र विस्तार गर्न निजी स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रोत्साहन गरि प्रदेशको औद्योगिकीकरण गर्ने ।

## २.३ मध्यमकालीन आर्थिक खाका

गाउँपालिका क्षेत्रभित्र उपलब्ध मानवीय, प्राकृतिक, आर्थिक, सांस्कृतिक श्रोतको उच्चतम सदुपयोग मार्फत उत्पादनमुखी व्यावसायिक कृषि, उद्योग र पर्यटनको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने तथा सोको न्यायोचित र समतामूलक वितरण गरी समन्यायिक समाजको निर्माण गर्ने आवधिक योजना कार्यान्वयन गर्न आगामी तीन आर्थिक वर्ष निम्नानुसारको श्रोत संकलनको लक्ष्य सहित तयार गरिएका आर्थिक खाका तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं २.१: मध्यमकालीन समष्टिगत आर्थिक खाका**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७८/७९ सम्मको उपलब्धि | २०७९/८० सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कुल बार्षिक उत्पादन | रु. लाखमा | ८ | ९ | १० | ११ | १२ |
| १.१ | कृषि क्षेत्र | रु. लाखमा | ८३०० | ८५०० | ८७०० | ९००० | ९५०० |
| १.२ | गैर कृषि (उद्योग र सेवा) क्षेत्र | रु. लाखमा | ४००० | ४५०० | ५००० | ५५०० | ६००० |
| २ | औषत पारिवारिक आय | रु. लाखमा | ४ | ४.५ | ५ | ६ | ७ |
| ३ | उद्योग, व्यवापार र व्यवसाय | संख्या | २५० | ३०० | ४०० | ४५० | ५०० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | संख्या | ११०० | १२५० | १४०० | १६०० | १८०० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७० | ७२ | ७५ | ८० | ८५ |

*स्रोतः *दार्मा गाउँपालिका, कृषि शाखा, २०८०*

## मध्यमकालीन नतिजा खाका

पन्ध्रौ आवधिक योजना, कर्णाली प्रदेश को प्रथम पञ्चवर्षीय तथा दार्मा गाउँपालिकाको आवधिक योजना जस्ता आधारभूत र मार्गनिर्देशक दस्तावेजलाई आधार मानी यस गाउँपालिकाको मध्यमकालीन नतिजा सूचक तयार गरेको छ। यस अन्तर्गत आर्थिक वर्ष २०७८/७९ को वास्तविक २०७९/८० को अनुमानित उपलब्धि सहित आगामी तीन आर्थिक वर्षको गन्तव्य तय गरिएको छ ।

विकासको आवधिक लक्ष्य निर्धारण गर्दा आ.व. ०७९/०८० लाई आधार वर्ष मानिएको छ । संलग्न क्षेत्रको वृद्धिदर (Growth Rate), परिवर्तनको प्रवृत्ति (Change Trend) तथा अनुमानित समायोजन (Esitmated Adjustment) का आधारमा आवाधिक योजनाको अन्तिम वर्ष सम्मको अनुमानित लक्ष्य निर्धारण गरिएको छ। विकासको आवधिक लक्ष्य छुट्टै परिच्छेदमा विषयगत क्षेत्रको आधारमा प्रस्तुत गरिएको छ ।

**तालिका नं २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७८/७९ सम्मको उपलब्धि | २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८०/८१ | २०८०/८१ |
| १ | प्रतिव्यक्ति खाद्यान्न उत्पदन (केजी) | के.जी. | ३०० | ३२० | ३५० | ३८० | ४२० |
| २ | आफ्नो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ८५.६२ | ८१.३३ | ७७.२६ | ७३.४ | ७० |
| ३ | आफ्नो उत्पादन र आयले वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ५.१९ | ५.४५ | ५.७२ | ६ | ६.५ |
| ४ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिचाइ सुविधा उपलब्ध जमीन | प्रतिशत | ५ | ८.०५ | ८.१ | ८.१५ | ८.२ |
| ५ | साक्षरता दर | प्रतिशत | ९७ | ९७ | ९८ | ९८ | ९९ |
| ६ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९३ | ९७ | ९८ | ९८ | ९८ |
| ७ | माध्यमिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ४६ | ४८ | ५० | ५२ | ५४ |
| ८ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ४९ | ४८ | ५३ | ६० | ७० |
| ९ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा | जना | ० | ३ | २.५ | २ | १.८५ |
| १० | कुपोषण दर | संख्या | ७ | ११ | ८ | ५ | ३ |
| ११ | आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ४० | ५० | ६० | ७० | ८० |
| १२ | जीवनमा शारिरीक तथा यौन हिंसा भोगका महिला | प्रतिशत | १५ | १३ | १२ | १० | ८ |
| १३ | विषयगत समितिमा महिला प्रतिनिधित्व | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० |
| १४ | भवनसहिंता अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ० | ० | ५ | १० | १५ |
| १५ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | २ | २ | ५ | १५ | ३० |
| १६ | स्वच्छ उर्जामा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ८० | ९५ | ९६ | ९७ | १०० |
| १७ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहूँच भएका जनसंख्या | प्रतिशत | १० | २० | ३० | ४५ | ६० |
| १८ | हरियाली क्षेत्र | प्रतिशत | ४० | ४१ | ४२ | ४७ | ५० |
| १९ | गाउँपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |
| २० | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | ९.६८ | ८.६ | ४.४ | ४.४२ | ४.४२ |
| २१ | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिर्पोटिङ गर्ने वडाहरु | संख्या | ६ | ६ | ६ | ६ | ६ |
| २२ | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | ४० | ४५ | ५५ | ६५ | ७५ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७८/७९ सम्मको उपलब्धि | २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८०/८१ | २०८०/८१ |
| २३ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा तथा एकाइ | प्रतिशत | ८० | ९० | १०० | १०० | १०० |
| २४ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिचाइ सुविधा उपलब्ध जमीन | प्रतिशत | १० | ११ | १२ | १३ | १४ |

स्रोत: दार्मा गाउँपालिका

## मध्यमकालीन बजेट खाका

दार्मा गाउँपालिकाको आन्तरिक श्रोत, तहगत सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण लगायतका श्रोत समेटी गाउँपालिकाले आगामी तीन आर्थिक वर्षमा प्राप्त हुने आय र बृहत विकास योजना अनुसार आवश्यक विनियोजन हुने रकमलाई तलको तालिका नं ३ मा प्रस्तुत गरिएको छ।

**तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)**

| क्र.सं. | बजेटका स्रोतहरु | २०७७/७८ को यथार्थ | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| क. | राजस्व तथा अनुदान | ४३१४८३८३३ | ४५३०२२८३६ | ४१२४०५४९७ | ४४०४४०७ | ४८४४४८ | ५३२८९३ | १४५७७४८ |
| १ | आन्तरिक आय | ३५२२९८६ | ३३३७४७८ | ३०७६००० | ३५०० | ३५८० | ४२३५ | ११५८५ |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त आय | ५५४१७३२३ | ६५३५२७५५ | ६६३६८४९७ | ८११०३ | ८९२१४ | ९८१३५ | २६५४७३ |
| | *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | *५४९२१०८६* | *६३५९०२९१* | *६५१७२४८९* | *७९४५३* | *८७३९९* | *९६१३८* | *२६२९९०* |
| | *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि)* | *४९६२३७* | *१७६२४६४* | *११९६००८* | *७५०* | *८२५* | *९०८* | *२४८३* |
| ३ | रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व | ० | ० | ० | ० | ० | ० | ० |
| | *वन रोयल्टी* | *०* | *०* | *०* | *०* | *०* | *०* | *०* |
| | *खानी तथा खनिज रोयल्टी* | *०* | *०* | *०* | *०* | *०* | *०* | *०* |
| | *पर्वतारोहण रोयल्टी* | *०* | *०* | *०* | *०* | *०* | *०* | *०* |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्युत रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| | पानी तथा अन्य प्राकृतिक स्रोत | ३२०५२९३८१ | ३२२७४८३८० | २८१०१०९२३ | ० | ० | ० | ० |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ८७१००००० | ९०००००००० | ८७६९०००० | २९५६०० | ३२५१६० | ३५७६७६ | ९७८४३६ |
| | वित्तीय समानीकरण अनुदान | २०८०२५३५० | २२१९०३००० | १८४८३७५०० | ८४२०० | ९२६२० | १०१८८२ | २७८७०२ |
| | सशर्त अनुदान | ० | २०६४३६ | ११६७६३१० | १९६४०० | २१६०४० | २३७६४४ | ६५००८४ |
| | समपुरक अनुदान | २५४०४०३१ | १०६३८९४४ | १७९५७११३ | ५००० | ५५०० | ६०५० | १६५५० |
| | विशेष अनुदान | ३०८३४९५७ | २९६७७०९१ | ३७७८५५५८ | १०००० | ११००० | १२१०० | ३३१०० |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | १००१६००० | ९२३१००० | १४४५६७९९ | ४४२०४ | ४८६२४ | ५३४८७ | १४६३१५ |
| | वित्तीय समानीकरण अनुदान | ९५९५९५५ | १२१६३७५० | १३६३२६४९ | ९२३१ | १०१५४ | १११७० | ३०५५५ |
| | सशर्त अनुदान | ७५१३७०७ | ४५१६७३१ | ५८१४०४८ | १५९७३ | १७५७० | १९३२७ | ५२८७० |
| | समपुरक अनुदान | ३७०९२९५ | ३७६५६१० | ३८८२०६२ | १५००० | १६५०० | १८१५० | ४९६५० |
| | विशेष अनुदान | ० | ० | ० | ४००० | ४४०० | ४८४० | १३२४० |
| ६ | **अन्य अनुदान** | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | **अन्तर स्थानीय तहबाट साझेदारी रकम** | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | **जनसहभागिता** | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | **आन्तरिक ऋण** | २११७९१८६ | ३१९०७१३२ | २४१६४५१९ | ० | ० | ० | ० |
| १० | **मौज्दात रकम** | ४०८६६७९१ | ४०७६१४१९४ | ३९६९७२७५६ | १६००० | १७६०० | १९३६० | ५२९६० |
| **ख.** | **जम्मा खर्च** | २१७२६४६९५ | २९९५२८६३८ | २४३६२९३१८ | ४४०४०७ | ४८४४४८ | ५३२८९३ | १४५७७४८ |
| १ | चालु खर्च | १९१४०२०९६ | १०८०८५५५६ | १५३३४३४३८ | २७७४५७ | ३०५२०२ | ३३५७२२ | ९१८३८१ |
| २ | पुँजीगत खर्च | ३९०६१७०४२ | ४५४०८६४२ | १५४३२७४१ | १६२९५०.७ | १७९२४६ | १९७१७० | ५३९३६७ |
| | **बचत (+ वा -)** | २१४२१९१३८ | १५३४९४१९८ | १६८७७६१७९ | | | | |

### २.३.१ आय संरचनाको सारांश

| क्र.सं. | बजेटका स्रोतहरु | २०७७/७८ को यथार्थ | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| १ | आन्तरिक स्रोत | १८१८९१ | १८२२४० | २०००१० | १००६०३ | ११०६६४ | १२१७३० | २७७०५८ |
| २ | नेपाल सरकारको श्रोत | ५२३९४५ | ५३३४०२ | ५५१२८६ | २९५६०० | ३२५१६० | ३५७६७६ | ९७८४३६ |
| ३ | प्रदेश सरकारबाट प्राप्त श्रोत | ४४७८३ | ५३५२९ | १०२२९५ | ४४२०४ | ४८६२४ | ५३४८७ | १४६३१५ |
| ४ | ऋण तथा अन्य स्रोत | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ७५०६१९ | ७६९१७२ | ८५३५९१ | ४४०४०७ | ४८४४४८ | ५३२८९३ | १४५७७४८ |

## २.३ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको लागि विभिन्न आयामबाट गरिएको बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### २.३.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)**

| रणनीतिक सङ्केत | रणनीतिक स्तम्भ | आयोजना/ कार्यक्रम | २०८०/८१ को विनियोजन | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | आर्थिक विकास | २२ | २९०७० | ६.६% | ३२६७३ | ७% | ३५९०१ | ७% |
| २ | सामाजिक विकास | ३३ | २६७८७७ | ६०.८% | २९४६६४ | ६१% | ३२४१३० | ६१% |
| ३ | पुर्वाधार विकास | १३ | ३४१५० | ७.८% | ३७४०० | ७.८% | ४११४० | ७.८% |
| ४ | वन वातावरण तथा विपत व्यवस्थापन | ३ | ८५० | ०.२% | ५०० | ०.१% | ५०० | ०.१% |
| ५ | संस्थागत बिकास तथा सेवा प्रवाह | ४ | १०८४६० | २४.६% | ११९२११ | २५% | १३१२२२ | २५% |
| | कुल जम्मा | ७५ | ४४०४०७ | १००% | ४८४४४८ | १०० | ५३२८९३ | १००% |

## २.३.२. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

आयोजना प्राथमिकिकरण तथा सांकेतीकरणको आधारमा गाउँपालिकाले छनौट गरेका आयोजनाको प्राथकिताक्रम अनुसार बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को विनियोजन | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| P1 | ३२ | ९१९८१ | २१ | १०९०८० | २३ | ११८७४८ | २२ |
| P2 | ४३ | ३४८४२६ | ७९ | ३७५३६८ | ७७ | ४१४१४५ | ७८ |
| **जम्मा** | **७५** | **४४०४०७** | **१००** | **४८४४४८** | **१००** | **५३२८९३** | **१००** |

## २.३.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

क्षेत्र र उपक्षेत्रमा विनियोजित बजेटले दिगो विकास लक्ष्य प्राप्तिमा गर्ने योगदानलाई लक्ष्यगत तवरबाट देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना कार्यक्रम संख्या | २०८०/८१ को विनियोजन | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ३ | ५८४० | १.३२६ | ६३९८ | १.३२ | ७०३८ | १.३२ |
| २ | शून्य भोकमरी | १४ | १८६५० | ४.२३५ | २०५१५ | ४.२३ | २४५९९ | ४.६२ |
| ३ | स्वस्थ जीवन | ७ | २६२४५ | ५.९५९ | ३७०७४ | ७.६५ | ३७१७५ | ६.९८ |
| ४ | गुणस्तरीय शिक्षा | ९ | १७८९७३ | ४०.६३८ | १९६८७० | ४०.६४ | २१६५५६ | ४०.६४ |
| ५ | लैङ्गिक समानता | १० | ७४९५ | १.७०२ | ८२४४ | १.७० | ९०६९ | १.७० |
| ६ | स्वच्छ पानी र सरसफाइ | ५ | ४५३०४ | १०.२८७ | ४९८३६ | १०.२९ | ५४८१९ | १०.२९ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १ | १००० | ०.२२७ | ११०० | ०.२३ | १२१० | ०.२३ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | ११ | २५२०० | ५.७२२ | २७७२० | ५.७२ | ३०४९२ | ५.७२ |
| १० | असमानता न्यूनीकरण | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | दिगो शहर र बस्ती | ४ | ११४०० | २.५८९ | १२५४० | २.५९ | १३७९४ | २.५९ |
| १२ | दिगो उपभोग र उत्पादन | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | जलवायु परिवर्तन अनुकुलन | २ | ५०० | ०.११ | ५५० | ०.११ | ६०५ | ०.११ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | भूसतह स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | शान्ति, न्याय र सबल संस्था | १० | ११९७९९ | २७.२० | १२३६२१ | २५.५२ | १३७५२६ | २५.८१ |
| १७ | दिगो विकासको लागि साझेदारी | ० | ० | ० | ० | ० | ० | ० |
| **कुल जम्मा** | | **७५** | **४४०४०७** | **१००** | **४८४४४८** | **१००** | **५३२८९३** | **१००** |

## २.३.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

छनौट गरिएका आयोजना/कार्यक्रमको कार्यान्वयनबाट लैंगिक समानता कायम गर्न पुऱ्याउने योगदानको आधारमा आगामी तीन आर्थिक वर्षको लागि गरिएको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.७: लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रकम रु. हजारमा)**

| **सङ्केत नम्बर** | लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को विनियोजन | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ०१ | निर्दिष्ट | १६ | ६६७८० | १५ | ७६७३७ | १६ | ८९८०४ | १७ |
| ०२ | सहयोगी | ३० | १६६२७३ | ३७ | १७८८२६ | ३७ | २०८६४१ | ३९ |
| ०३ | तटस्थ | २९ | २०७३५ | ४८ | २२८८८५ | ४७ | २३४४४८ | ४४ |
| | **जम्मा** | ७५ | ४४०४०७ | १०० | ४८४४४८ | १०० | ५३२८९३ | १०० |

## २.३.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु परिवर्तनबाट सिर्जित असर र प्रभाव न्यूनीकरण तथा परिवर्तन अनुकूलका समायोजनामा सघाउने विशेषतायुक्त आयोजना/कार्यकमको आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका २.८: जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

**(रकम रु. हजारमा)**

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | कार्यक्रम/आयोजना | २०८०/८१ को विनियोजन | | आ.व. २०८१/८२ को खर्च प्रक्षेपण | | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ०१ | अत्यन्त सान्दर्भिक | ३ | १५०० | ०.३४ | १६५० | ०.३७ | १८१५ | ०.४१ |
| ०२ | सान्दर्भिक | २७ | ८७०७८ | २० | ९९०५७ | २० | १०५३६४ | २० |
| ०३ | तटस्थ | ४५ | ३५१८२९ | ८० | ३८३७४१ | ८० | ४२५७१४ | ८० |
| **कुल जम्मा** | | **७५** | **४४०४०७** | **१००** | **४८४४४८** | **१००** | **५३२८९३** | **१००** |

## २.३.५ विषय उपक्षेत्रगत बाँडफाँड

विषय उपक्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ। विषय उपक्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ।

**तालिका २.९ : आगामी तीन आ.व. मा .विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)**

| क. स | विषय क्षेत्र | २०८०/०८१ व्यय अनुमान | | | २०८१/०८२ को खर्च प्रक्षेवण | | | २०८२/०८३ को खर्च प्रक्षेवण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| १ | कृषि तथा खाद्य सुरक्षा | ७०७० | ५६५६ | १४१४ | ७७७७ | ६२२२ | १५१५ | ८५८५ | ६८४४ | १७११ |
| २ | सिंचाई | १३००० | २६०० | १०४०० | १४३०० | २८६० | ११४४० | १५७३० | ३१४६ | १२५८४ |
| ३ | पशु सेवा | २३०० | १८४० | ४६० | २५३० | २०२४ | ५०६ | २७८३ | २२२६ | ५५७ |
| ४ | उद्योग, व्यापार तथा व्यावसाय | २६५० | १५९० | १०६० | २९१५ | १७४९ | ११६६ | ३२०६ | १९२४ | १२८३ |
| ५ | पर्यटन तथा संस्कृति | २५० | ७५ | १७५ | २७५ | ८२ | १९२ | ३०३ | ९१ | २१२ |
| ६ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | १०० | ८० | २० | ११० | ८८ | २२ | १२१ | ९७ | २४ |
| ७ | श्रम, रोजगारी र गरिबी निवारण | ३७०० | १११० | २५९० | ४०७० | १२२१ | २८४९ | ४४७७ | १३४३ | ३१३४ |
| ८ | शिक्षा, कला, भाषा तथा साहित्य | १७५२७४ | १४८९८३ | २६२९१ | १९२८०१ | १६३८८१ | २८९२० | २१२०८१ | १८०२६९ | ३१८१२ |
| ९ | स्वास्थ्य तथा पोषण | ३०७२३ | २४५७८ | ६१४५ | ३३७९५ | २७०३६ | ६७५९ | ३७१७५ | २९७४० | ७४३५ |
| १० | खानेपानी तथा सरसफाइ | ५२१०० | १०४२० | ४१६८० | ५७३१० | ११४६२ | ४५८४८ | ६३०४१ | १२६०८ | ५०४३३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | ८०० | ७२० | ८० | ८८० | ७९२ | ८८ | ९६८ | ८७१ | ९७ |
| १२ | युवा, खेलकुद तथा नवप्रवर्तन | ३७०० | १११० | २५९० | ४०७० | १२२१ | २८४९ | ४४७६ | १३४३ | ३१३३ |
| १३ | सामाजिक सुरक्षा तथा पञ्जीकरण | ५२८० | १५८४ | ३६९६ | ५८०८ | १७४२.४ | ४०६५.६ | ६३८९ | १९१६.६४ | ४४७२.१६ |
| १४ | बस्ती विकास, आवास, भवन तथा शहरी विकास | ११४०० | ११४० | १०२६० | १२५४० | १२५४ | ११२८६ | १३७९४ | १३७९ | १२४१५ |
| १५ | सडक तथा यातायात | २१६०० | २१६० | १९४४० | २३७६० | २३७६ | २१३८४ | २६१३६ | २६१४ | २३५२२ |
| १६ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | १००० | १०० | ९०० | ११०० | ११० | ९९० | १२१० | १२१ | १०८९ |
| १७ | सूचना, सञ्चार तथा प्रविधि | १५० | ६० | ९० | १६५ | ६६ | ९९ | १८२ | ७३ | १०९ |
| १८ | वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण | १५० | ६० | ९० | १६५ | ६६ | ९९ | १८२ | ७३ | १०९ |
| १९ | वातावरण तथा फाहोरमैला व्यवस्थापन | २०० | ६० | १४० | २२० | ६६ | १५४ | २४२ | ७३ | १६९ |
| २० | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | ५०० | ३०० | २०० | ५५० | ३३० | २२० | ६०० | ३६० | २४० |
| २१ | नीति, कानून, न्याय तथा सुशासन | १३०० | १३०० | ० | १४३० | १४३० | ० | १५७३ | १५७३ | ० |
| २२ | संगठन, मानव संशाधन र क्षमता विकास | १०६२६१ | १०६२६१ | ० | ११६९६२ | ११६९६२ | ० | १२८७१० | १२८७१० | ० |
| २३ | राजस्व तथा राजस्व परिचालन | १०० | ८० | २० | ११० | ८८ | २२ | १२१ | ९७ | २४ |
| २४ | तथ्याङ्क, योजना तथा विकास परिचालन | ८०० | ८०० | ० | ४३६१ | ४३६१ | ० | ४७०२ | ४७०२ | ० |
| | **कूल जम्मा** | ४४०४०७ | ३१२८२२ | १२७५८३ | **४८४४४८** | २४४१२८ | १४०३१९ | **५३२८९३** | ३७८५६३ | १५४३३० |

आर्थिक वर्ष २०८०/८१ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय उपक्षेत्रगत नतिजा, विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय उपक्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ।

# परिच्छेद -३ : आर्थिक क्षेत्र

आर्थिक क्षेत्र अन्तर्गत कृषि, पशु विकास, उद्योग, वाणिज्य तथा आपूर्ति, पर्यटन, वैंक तथा वित्तीय क्षेत्र आदि उपक्षेत्रहरू पर्दछन । दार्मा गाउँपालिकामा उपलब्ध आर्थिक श्रोत तथा संभावनाको परिचालन र उपयोग मार्फत यस क्षेत्रका जनताको जीवनस्तरमा परिवर्तन ल्याउन स्थानीय सरकार, संघीय र प्रादेशिक सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र लगायतका सरोकारवाला निकाय र जनताबीच नीति, कार्यक्रम र बजेट तर्जुमा र कार्यान्वयनमा हातेमालोको आवश्यकता पर्दछ ।

आर्थिक क्षेत्र अन्तर्गत कृषि, पशु विकास, उद्योग, वाणिज्य तथा आपूर्ति, पर्यटन, वैंक तथा वित्तीय क्षेत्र आदि उपक्षेत्रहरू पर्दछन । दार्मा गाउँपालिकामा उपलब्ध आर्थिक श्रोत तथा संभावनाको परिचालन र उपयोग मार्फत यस क्षेत्रका जनताको जीवनस्तरमा परिवर्तन ल्याउन स्थानीय सरकार, संघीय र प्रादेशिक सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र लगायतका सरोकारवाला निकाय र जनताबीच नीति, कार्यक्रम र बजेट तर्जुमा र कार्यान्वयनमा हातेमालोको आवश्यकता पर्दछ ।

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

दार्मा गाउँपालिकामा ६,०७७ हेक्टर क्षेत्रमा कृषि गरिएको छ जुन कूल क्षेत्रफलको ४८.५ प्रतिशत भूभाग हुन आउँछ । गाउँपालिकाको झण्डै ६० प्रतिशत जनसंख्या कृषिमै आश्रित रहेको छ । गाउँपालिकामा व्यावसायिक कृषि गर्ने कृषकको उल्लेखनीय सहभागिता रहेको छ । पालिकामा पोल्टी फर्म को संख्या १४ वटा भन्दा बढि रहेको छ, बाखा फर्मको संख्या १० भन्दा धेरै रहेको छ, बंगुर फर्म ५ भन्दा धेरै, फलफुल तथा तरकारी उत्पादन कृषि फर्म को संख्या १३ भन्दा बढि रहेका छन् भने, ३२ वटा भन्दा धेरै दुग्ध उत्पादन फर्म रहेका छन् । त्यस्तै गााउँपालिका बाट सुन्तला, अदुवा, बेसार, कफि, तरकारी, मह, दुग्ध उत्पादन निर्यात हुने गरेको छ । .

### ३.१.२ समस्या तथा चुनौती

कृषि पूर्वाधारको कमी, निर्वाहमुखी कृषि, खाद्य सुरक्षाको कमी, न्यून उत्पादकत्व, उच्च उत्पादकत्व भएका पशु पालनको क्षेत्रमा व्यवसायीकताको कमी, नगदेबालीमा रोग किराको प्रकोप, सिंचाइको कमी, उन्नत बीउ र आधुनिक प्रविधिको अभाव, कृषि बजार, कृषि श्रमिक र सूचनाको अभाव आदि प्रमुख समस्या रहेका छन ।

### ३.१.३ सोंच

"कृषिको विकास हामी सवैको रहर, आर्थिक समृद्धिको दीगो आधार"

### ३.१.४ उद्देश्य

- समग्र कृषि प्रणालीमा यान्त्रीकरण र नवीन प्रविधिको प्रयोग गर्दै उत्पादन र उत्पादकत्व बढाउनु ।
- कृषि पेशालाई मर्यादित पेशाका रूपमा विकास गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नु ।
- वैदेशिक रोजगारीबाट प्राप्त युवाको अनुभव, सीप, ज्ञान, पूँजी र प्रविधिको अधिकतम उपयोग गर्नु ।
- कृषिलाई पर्यटन तथा उद्योगसँग जोड्दै आय तथा रोजगारीका अवसर वृद्धि गर्नु ।

### ३.१.५ रणनीति

- भौगोलिक क्षेत्र, कृषकको लगानी गर्ने क्षमता, उत्पादन हुन सक्ने मात्रा, त्यस्तो प्रविधिको निरन्तरता हुने सम्भावना, त्यस्तो प्रविधि अपनाउनका लागि आवश्यक पर्ने ज्ञान, सीप, आदिलाई बिचार गरि कृषिमा आधुनिक प्रविधि, उपकरण र मेशिनरीको प्रयोग गर्ने ।

- सम्भावित क्षेत्रको पहिचान गरि नगदे तथा तरकारीवालीको पकेट क्षेत्रको घोषणा गर्ने । एक वडा एक नमूना कृषि कार्यक्रम कार्यक्रम नीति अवलम्बन गर्ने ।
- कृषकको उत्पादकत्वमा ह्रास नहुने बैकल्पिक उपायसँगै कीटनाशक औषधिको प्रयोगलाई क्रमशः घटाउने र सबै कृषि उत्पादनमा जैबिक प्रणालीमा आधारित (अर्गानिक) कृषि प्रणाली अबलम्वन गर्ने ।
- अनुसन्धान र परीक्षण उत्पादनबाट प्रमाणित र उपयुक्त देखिएका उन्नतजातका बिऊविजनको प्रयोगमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- बजारीकरणका लागि सडक पूर्वाधार, हाटबजार, कृषि उपज संकलन केन्द्र, सहकारी क्षेत्रको विकास विस्तार गर्ने ।
- कृषकको पहिचान तथा बर्गीकरण गरि अभिलेख व्यवस्थापन गर्ने, कृषिभूमिको चक्लाबन्दी गरि व्यवसायिक खेती गर्नेलाई सुविधा दिने नीतिगत व्यवस्था मिलाउने ।
- बीउविजन लगायतका गुणस्तरीय उत्पादन सामग्री र कृषियन्त्र, उन्नत प्रविधि एवं सुलभ कृषि कर्जाको व्यवस्था गर्ने ।
- व्यवसायिक कृषि उत्पादनमा युवा कृषकको योगदानलाई अभिवृद्धि गर्न र युवालाई विदेश जान निरुत्साहित गर्न तथा कृषिमा आकर्षित गर्ने विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।
- कृषक, पर्यटन व्यवसायी, सहकारी/निजी क्षेत्रसँगको समन्वयमा स्थानीय गुणस्तरीय तथा अर्गानिक कृषि उत्पादनलाई पर्यटनसँग जोड्दै दिगो र आकर्षक कृषि पर्यटन प्रवर्द्धन गर्ने ।
- कृषिसहकारी संस्थाले बचत र कम कृषि उत्पादनमा लगानी गर्नुपर्ने, कृषि उद्यम एवं व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थाबाट सहुलियत व्याजदरको ऋण उपलब्ध गराउने नीतिगत गर्ने ।
- कृषि क्षेत्रको प्रवर्द्धन र विकासका लागि वैदेशिक लगानी आकर्षित गर्ने ।
- बैंक तथा वित्तीय संस्थाबाट मौद्रिक नीतिबाट निर्देशित कृषि क्षेत्रको लगानी अनुपात विस्तारका लागि यस्ता निकाय सँगको सहकार्यलाई प्रवर्द्धन गर्ने ।

### ३.१.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८०/८१ | २०८०/८१ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | ३१.६२ | ३३.२० | ३४.८६ | ३६.६० | ३८.४३ |
| आफ्नो आयको दुई तिहाइ भन्दा वढी खानामा खर्च गर्ने जनसंख्याको | प्रतिशत | ८५ | ८०.७५ | ७६.७१ | ७२.८७ | ६८.७२ |
| साना स्तरका खाद्य उत्पादकहरूको औसत आय | रु हजार | ८ | ८.४ | ८.८२ | ९.२६ | ९.७ |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी | संख्या | २६ | २७ | ३३ | ३९ | ४५ |
| कुल कृषि भूमिमध्ये खेति गरिएको भूमि | प्रतिशत | ४४.९२ | ४७.१६ | ४९.५१ | ५१.९८ | ५.४५ |
| स्थानीय उत्पादनले पुरा गर्ने तरकारी तथा कृषि उपजहरुको माग | प्रतिशत | ६० | ६३ | ६६ | ६९ | ७२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| खाद्यान्न बालीको औसत उत्पादकत्व (प्रति हेक्टर) | मे.टन | ३ | ३.१ | ३.२ | ३.३ | ३.४ |
| कुल तरकारी उत्पादन | मे.टन | २७६ | २९० | ३०४ | ३१९ | ३३५ |

## ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ७०७० | ५६५६ | १४१४ | ० | १००६ | ५१८० | ८८४ | ० |
| २०८१/८२ | ७७७७ | ६२२२ | १५५५ | ० | ११०७ | ५६९८ | ९७२ | ० |
| २०८२/८३ | ८५५५ | ६८४४ | १७११ | ० | १२१७ | ६२६८ | १०७० | ० |

## ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अदुवा वेसार पकेट विस्तार कार्य | अदुवा पकेट क्षेत्र विकास गरि अदुवा जोनको रुपमा विकास गन | २०८०/८१-२०८२/८३ | ६०० | पकेट क्षेत्र पहिचान भई ५० प्रतिशत अनुदान २५० कृषकले सहयोग लिइ पकेट विकास निर्माण भएको हुनेछ। |
| २ | उन्नत विउ वितरण कार्यक्रम | उन्नत जातका विउ वितरण गरि उत्पादन वृद्धि गर्ने | सालबसाली | १०८० | उत्पादकत्व २०% ले बृद्वी हुनेछ तथा व्यवसायिक कृषकहरु १५% ले बढ्नेछन्। |
| ३ | वाली संरक्षण, प्रवर्द्धन, कटानी तथा विज वृद्धि कार्यक्रम | लोपउन्ख तथा स्थानिय वालिको संरक्षण तथा प्रवध्दन | सालबसाली | ३७० | रैथाने वालिमा आत्मनिर्भर गराउने |
| ४ | किसान सुचिकरण तथा समुह व्यवस्थापन | किसानहरूको पहिचान किसान परिचय पत्र वितरण गर्ने | सालबसाली | २७९ | पालिकाका प्रत्येक घरधुरिको किसानहरुको सुचिकृत गराउने |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | विउ भण्डारणमा शेड तथा प्रिफ्याव कोल्डस्टोर निर्माण | उत्पादित विउ अन्न, फलफुल तथा तरकारीलाई सुरक्षित भण्डारण गरी वाह्रै महिना खान मिल्ने तथा विक्रि वितरण गर्न मिल्ने बनाउने । | २०८०/०८१-२०८२/०८३ | २०४० | कोल्ड स्टोर निर्माण भई सञ्चालनमा आउने छ |
| ६ | कृषि प्रसार, खाद्य सुरक्षा तथा पोषण,नर्सरी व्यवस्थापन,तथ्याङ्क अद्यावधिक, प्रबिधि हस्तान्तरण तथा नियमन कार्यक्रम | कृषि तथ्याङ्क अद्यावधिक, विरुवा उत्पादन, आधुनिक प्रविधि तथा सूचनामा कृषकको पहुँच वृद्धि गर्नु | सालबसाली | ११५० | कृषिको तथ्याङ्क अद्यावधिक हुनुका साथै प्रविधिवाट कृषि उत्पादलाई वजारीकरण भएका हुनेछन् । |
| | जम्मा | | | ५५१९ | |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

विभिन्न कृषि पेशामा संलग्न कृषकको खण्डिकृत तथ्याङ्क उपलब्ध हुने, व्यावसायिक कृषिका लागि आवश्यक प्राविधिक सेवामा सहज पहुँच सुनिश्चित हुने, उच्च मुल्यका बालीनालीबारे कृषकलाई जानकारी हुने, उद्यमी सोचयुक्त नवयुवा कृषिमा आकर्षित हुने, उचित भण्डारणका लागि शीतघर, बिक्री वितरण केन्द्र/कक्षको स्थापना हुने, उत्पादन संभावनाका आधारमा जोनिङ्ग हुने, जडीबुटी सम्बन्धी प्रोफाइलिङ्ग हुने, कृषि सामाग्रीमा अनुदान, सहुलियत प्राप्त भएको हुनेछ । उल्लेखित क्रियाकलाप प्राथमिकता र उचित लगानीका साथ संचालन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ३.२ पशुपंक्षी विकास

### ३.२.१ पृष्ठभूमि

कृषि कर्म, पशुपन्छी पालन, खुद्रा पसल सञ्चालन जस्ता वहुक्षेत्रमा संलग्न हुने तर कुनै क्षेत्र पनि प्राथमिकतामा नपर्ने कारणले हाम्रो व्यवसायिकताको विकास हुन सकेको छैन् । गाउँपालिकामा पशुपंक्षीपालन व्यवसाय पनि निर्वाहमुखी भएको र व्यवसायिकता तर्फ उन्मुख नभएकोले गाउँपालिकाको विकासमा यस क्षेत्रको योगदान अत्यन्त कमजोर रहेकोछ । दुध तथा मासुको आन्तरिक मागको आपूर्ति गर्दै पशुपंक्षीजन्य उपजको निर्यात गर्ने तर्फ गाउँपालिकाले आफ्ना कार्यक्रमलाई मुखरित गर्न आवश्यक रहेकोछ । कृषि र पशुपंक्षीपालनको अन्तरसम्बन्ध स्थापित गर्दै यस क्षेत्रको विकासमा जोडदिनु पर्ने देखिन्छ ।

### ३.२.२ समस्या तथा चुनौती

पशुपन्छी जन्य वस्तुको उत्पादन प्रशोधन र बजारीकरणलाई लागत-प्रभावी बनाउनु गुणस्तर तथा स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याई नाफा मूलक र प्रतिस्पर्धात्मक बनाउनु, पशुपंक्षीपालनको लागि आवश्यक पर्ने जग्गाजमीन, पानी, घाँस उत्पादन, चरन क्षेत्रको अभाव हुनु, कृषकले उत्पादन लागत अनुसारको मूल्य नपाउनु र बजारीकरणमा बिचौलिया हावी हुनु, बीमा, सुलभ ऋण जस्ता सेवामा कृषकको पहुँचन पुग्नु, पशुपालन पेशालाई सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्दा युवा वर्ग पशुपालन पेशामा आकर्षित नभई विदेश पलायन हुनु, वास्तविक किसानले भन्दा व्यवसायिक प्रस्ताव र कागजात बनाउन सक्नेले अनुदान प्राप्त गर्नु; सबै सरकारका बीचमा एकरूपता एवं समन्वय स्थापित गर्नु यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती रहेका छन् ।

### ३.२.३ सोंच

"उन्नत पशुपालन, समुन्नत किसान"

### ३.२.४ उद्देश्य

- गाउँपालिकालाई पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्नु ।
- पशुपंक्षी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु ।
- प्रतिस्पर्धात्मक तथा व्यवसायिक क्षमता विकास गरी आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु ।

### ३.२.५ रणनीति

- पशुपंक्षी क्षेत्रमा सहभागिता लगानी र रोजगारी बढाई आर्थिक विकास तथा स्थानीय उत्पादनको उपभोग संस्कृति प्रवर्द्धन नहुने गरी नीति, कानुनको कार्यान्वयन एवं प्रचलन बसाइनेछ ।
- अध्ययन, अनुसन्धान र परीक्षणबाट सिफारिस गरिएका उन्नत जातको नश्लको प्रयोग मार्फत उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिइनेछ ।
- प्रत्येक वडामा घाँसेवाली स्रोत केन्द्र स्थापनालाई प्राथमिकता दिइनेछ ।
- पशुपंक्षीको नश्ल सुधार, पौष्टिक दाना आहाराको व्यवस्था, र पशुपंक्षी स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- निजी क्षेत्रलाई पशुदाना उत्पादन गर्ने कारखाना खोल्न प्रोत्साहन गरिनेछ ।
- व्यवसायिक कृषि उत्पादनमा युवा कृषकको योगदानलाई अभिवृद्धि गर्न र युवालाई विदेश जान निरुत्साहित गर्न तथा कृषिमा आकर्षित गर्ने विशेष कार्यक्रमको व्यवस्था गरिनेछ । सहुलियतपूर्ण ऋण तथा ब्याजमा अनुदान जस्ता सेवा प्रदान गरि व्यवसायिकता तर्फ उन्मुख हुन प्रोत्साहन गरिनेछ ।
- पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने नीति तथा कार्यक्रम अनुरूप प्रशोधन र बजारीकरण सम्म साझेदारी र सहलगानीको प्रारम्भ गरिनेछ ।
- पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रको विकासको लागि उन्नत वैदेशिक प्रविधि तथा प्रत्यक्ष वैदेशिक लगानी भित्राउने आवश्यक नीति अपनाईनेछ ।
- प्रविधिसँग व्यवसायलाई आवद्ध गर्न सार्वजनिक निकायका सेवालाई मोबाइल एप्स तथा म्यासेज प्रणालीको विकास र अवलम्बन गरिनेछ ।
- नेपाल सरकारको भू-उपयोग नीति अनुकूल हुनेगरी कृषि तथा पशुपन्छीपालनका लागि भूमिको वर्गीकरण गर्दै पशुपन्छी क्षेत्र घोषणा गरिनेछ ।

### ३.२.६ पशुपंक्षी विकासको नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| दुग्ध उत्पादन (लिटर) | लाखमा | ८ | १० | १०५० | ११ | ११५० |
| दुग्ध चिस्यान केन्द्र | संख्या | ५८७ | ६१० | ६४५ | ६७५ | ७०० |
| व्यवसायिक पशु फार्म (सक्रिय) | संख्या | ३६९ | ३८० | ३९५ | ४०५ | ४२० |
| पशुपालन कृषक समुह | संख्या | २ | २ | ३ | ४ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मासु उत्पादन | मे ट | ९७ | ११९ | १३५ | १५० | १७० |
| अण्डा उत्पादन | हजारमा | ४७ | ५१ | ६० | ७० | ८० |

## ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपंक्षी विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २३०० | १८४० | ४६० | ० | ० | २३०० | ० | ० |
| २०८१/८२ | २५३० | २०२४ | ५०६ | ० | ० | २५३० | ० | ० |
| २०८२/८३ | २७८३ | २२२६ | ५५७ | ० | ० | २७८३ | ० | ० |

## ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु.हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | कृत्रिम गर्भधान | लोकल जातका गाईहरुमा उन्नत जातको कृत्रिम गर्भधारण गर्ने | सालबसाली | १८८ | कृत्रिम गर्भधारण |
| २ | पशुपन्छीको औषधी खरीद | पशुपन्छीको उचार तथा महामारीको नियन्त्रण | सालवसाली | १२०० | पालीका क्षेत्रभीत्रका सम्पुण पशुपन्छीको उचार |
| ३ | दुधमा अनुदान | दुध उत्पादक कृषकहरुलाई प्रोत्साहान | सालवसाली | ४०० | पालीका क्षेत्रभित्रका सम्पुण कृषकहरु सहकारी वा डेरीमा जोडीने र व्यवसाहीक बन्ने |
| ४ | व्यावसायीक कृषक प्रोत्साहन कार्यक्रम | कृषकहरुलाई व्यावसायिक बनाउन | सालवसाली | ४०० | २५ प्रतिशत कृषकहरु व्यवासियक पशुपालनमाप्रति उन्मुख हुनेछन् |
| ५ | महामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रम | रोग नियन्त्रणका लागि खोप लगाउने | सालबसाली | १०० | रोग नियन्त्रणका लागि खोप लगाईन |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | इपिडिमियोलोजिकल रिपोर्टिङ | रोग पहिचान गरि रिपोर्टीङ् गर्ने | सालबसाली | १२ | रोग पहिचान गने |
| | जम्मा | | | २३०० | |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रमा पशुपंक्षी तथा माछा पालक कृषकको तथ्याङ्क उपलब्ध, प्राविधिक सेवाको विस्तार र सहज पहुँच स्थापना, संकलन तथा बिक्री वितरण केन्द्रको स्थापना पशुपंक्षी तथा माछा पालक कृषकलाई सहुलियत दरको ऋण तथा अनुदान उपलब्ध भएमा व्यवसायिक उत्पादन फस्टाउने संभावना रहन्छ । उपयुक्त लगानी, कृषक अभिमुखिकरण, बजारको पहिचान, माग र आपूर्तिबीत सम्बन्ध कायम गराउन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ३.३ सिंचाई

### ३.३.१ पृष्ठभूमि

गाउँपालिकाका धेरै घरपरिवारका लागि मुख्य पेशा भएको र उल्लेख्य मात्रामा कृषि भूमि उपलब्ध हुने भएकाले कृषि क्षेत्रमार्फत् गाउँपालिकामा आर्थिक वृद्धि, विस्तार र समृद्धि हासिल गर्न सिंचाइ क्षेत्रको भूमिका अहम् रहेको छ । यद्यपि गाउँपालिकामा आवश्यकता अनुसार पर्याप्त मात्रामा वर्षैभरि उपलब्ध हुने सिंचाइ सुविधाको भने कमी रहेको छ । कुल कृषि भूमिको करिब ११ प्रतिशत क्षेत्रफलमा मात्र वर्षैभरि सिंचाइ सुविधा उपलब्ध रहेको अनुमान छ ।

### ३.३.२ समस्या तथा चुनौती

सिँचाईका लागी पक्की कुलाको कमी, भएका सिंचाई आयोजनाहरुको नियमित मर्मत संभार नहुनु, सुख्खायाममा सिंचाई सुविधा पर्याप्त नहुनु, परम्परागत शैलीको सिंचाई प्रविधि अपनाउनु, पानीको स्रोत कम हुदै जानु, तटवन्धको अभावले सिंचाई योजना सुरक्षित नहुनु, सबै वडामा सिंचाई सुविधाको समान वितरण नहुनु, पानीको स्रोतको पहिचान हुन नसक्नु, सिंचाई आयोजना सञ्चालनमा बजेटको अभाव हुनु सिंचाई क्षेत्रका प्रमुख समस्या हुन् ।

### ३.३.३ सोंच

"दिगो पुर्वाधार सहितको ब्यवस्थित सिंचाई"

### ३.३.४ उद्देश्य

१. सञ्चालनमा रहेका सिंचाई प्रणालीहरूको समुचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरेर दिगो तथा लाभदायी उपयोग गर्नु ।

२. सिंचाइको प्रभाव क्षेत्र बाहिर रहेका कृषि भूमिका लागि उपयुक्त सिंचाइ प्रणालीहरू विकास, विस्तार गर्नु

३. प्रविधिमा आधारित नयाँ आयोजनाहरूको विकास सिंचाई सुविधा नपुगेका ग्रामीण तथा पहाडी क्षेत्रमा सर्वसुलभ सिंचाई सुनिश्चित गर्नु ।

### ३.३.५ रणनीति

१. सिंचाईका स्रोत र मुहानहरूको संरक्षण र संवर्द्धन गर्ने ।

२. समथर भूभागमा भएका ठूला नहर र सिंचाई प्रणालीहरूको संरक्षण र दिगो सदुपयोग गर्ने ।

३. सिंचाई सुविधा नपुगेका ग्रामीण र भिरालो क्षेत्रमा लिफ्ट तथा अन्य प्रविधिमा आधरित सिंचाई प्रणालीको प्रवर्द्धन गर्ने ।

४. मर्मत सम्भार कोषवाट सिंचाइका आयोजनाको नियमित मर्मत सम्भार गरि आयोजनाको दिगोपन सुनिश्चित गर्ने

५. स्रोत कम भएका स्थानहरूमा वैकल्पिक सिंचाइ प्रणालीहरूको प्रवर्द्धन गर्ने ।

### ३.३.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| वर्षैभरी सिंचाई सुविधा उपलब्ध भूमि | प्रतिशत | १० | ११ | १२ | १३ | १४ |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १३००० | २६०० | १०४०० | ० | ० | १३००० | ० | ० |
| २०८१/८२ | १४३०० | २८६० | ११४४० | ० | ० | १४३०० | ० | ० |
| २०८२/८३ | १५७३० | ३१४६ | १२५८४ | ० | ० | १५७३० | ० | ० |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सिंचाई उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स. | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु.हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | ठूलाखोला मसानघाट सिंचाई कुलो निर्माण | पकेट क्षेत्र लगायत साना सिचाई आयोजना मार्फत बर्षभरी सिचाई सुबिधा विकास र विस्तार गर्नु । | २०८०/८१ | १५०० | बर्षभरी सिचाई सुबिधा उपलव्ध हुनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | तल्लो साङटा हुँदै स्यालाखेत सौरे सम्म सिंचाई कुलो निर्माण | खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलव्ध गराउने | २०८०/८१ | १५०० | बर्षभरी सिचाई सुबिधा उपलव्ध हुनेछ । |
| ३ | LISP सँगको साझेदारीमा सिंचाइ योजना | खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलव्ध गराउने | सालवसाली | १०००० | बर्षभरी सिचाई सुबिधा उपलव्ध हुनेछ । |
| | जम्मा | | | १३००० | |

### ३.३.९ जोखिम तथा अनुमान

मौसम परिवर्तनका कारण बर्षायाममा पहिरो तथा हिउँदमा अत्यन्तै सुख्खा खडेरी हुने कारणले गर्दा सतह सिचाईका पूर्वाधारबाट पानीको मात्रा घट्न तथा क्षति हुन सक्ने सम्भावना रहन्छ, साथै प्रविधि तथा नविनतम् खोज तथा विकास गरेर सिंचाई व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.४ पर्यटन तथा संस्कृति

### ३.४.१ पृष्ठभूमि

आतिथ्यता हाम्रो परम्परा हो । अतिथिदेवो भवः नेपालीको संस्कार हो । पर्यटन धर्म हो। पर्यटन सेवा हो। पर्यटन वैदेशिक मुद्रा आर्जनको प्रमुख क्षेत्र हो । नेपाल सरकार तथा प्रदेश सरकारको पञ्चवर्षीय योजना एवं वार्षिक योजनामा पर्यटन विकास गर्ने प्रमुख लक्ष्य राखिएको छ । यसै अनुसार नेपाल भ्रमण वर्ष भ्रमण दशक जस्ता प्याकेजको घोषणा गरिएको छ। प्रकृति, संस्कृति र साहसिक भ्रमण तथा खेलको अनुपम संगमकोरूपमा अवस्थित यस क्षेत्रमा आन्तरिक र वाह्य दुबै पर्यटकलाई उत्तिकैरूपमा आकर्षित गर्न सकिने सम्भावना रहेको छ । उपलब्ध स्रोतको प्रभावकारी परिचालन र प्रवर्द्धनमार्फत आर्थिक गतिबिधि विस्तारको लागि पर्यटन क्षेत्र महत्वपूर्ण आधारको रूपमा विकास हुँदैगइरहेको छ । यस गाउँपालिकामा रहेका जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधताले पर्यटन विकासमा महत्वपूर्ण योगदान गर्नेछन् । यहाँ रहेका पर्यटकीय गन्तव्यको विकास गरि पर्यटनप्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरि गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ । पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य सम्वाहक मानेको हुँदा पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापनमार्फत् अर्थतन्त्रको आधारशीला तयार पार्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्यगर्नुपर्ने आवश्यकता रहेकोछ।सबै तहका सरकार र निजी क्षेत्रको सहभागितालाई दिगो, सघन र उत्थानशील बनाउँदै आतिथ्य सेवाबाट आर्थिक, सामाजिक र सांस्कृतिक विकासतर्फ उन्मुख हुनु नै उपयुक्त देखिन्छ ।

### ३.४.२ समस्या तथा चुनौती

स्थानीय धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि प्रसस्त संभावना भएपनि दिगो पूर्वाधार विकास गर्न नसक्नु, पर्यटन सम्बन्धी स्थानीय नीतिगत तथा कानूनी व्यवस्थाको कमी, अलवेदर मोटर बाटोको पहुँच कमी, छिमेकी पालिका हरुसँग समन्वयमा एकीकृति पर्यटन विकास प्याकेज तयार नहुनु, पर्यटकीय स्तरका होटल र होमस्टेको कमी, पर्यटकीय प्याकेजको कमी, प्रचार प्रसारको कमी, पर्यटन उद्यमशिलताको कमी आदि प्रमुख समस्याका रुपमा रहेका छन ।

### ३.४.३ सोंच

"आर्थिक समृद्धिको आधार, पर्यटन पूर्वाधार"

### ३.४.४ उद्देश्य

- स्थानीय उत्पादन र पर्यटन सेवालाई परिपूरक बनाउनु ।
- पर्यटन पूर्वाधार र अन्य विकासको अन्तरसम्वन्ध विकास गर्नु ।
- सुरक्षित, शान्त, मनोरम, विविधतापूर्ण पर्यटन गन्तव्य बनाउनु ।
- पर्यटन मार्फत् आय र रोजगारीबाट गुणस्तरीय जीवनतर्फ अग्रसर रहनु ।

### ३.४.५ रणनीति

- पर्यटन क्षेत्रको विकास विस्तार र प्रवर्द्धनका लागि आवश्यक पर्ने नीति तथा कानुन निर्माण गरिनेछ ।
- निजी, सहकारी र गैर आवासीय नेपाली लगानीकर्तालाई लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।
- स्थानीय उत्पादन पर्यटनसँग आवद्धगर्ने अभियान सञ्चालन गरिनेछ ।
- पर्यटन गन्तव्यको व्यापक प्रचारप्रसार गरि आन्तरि करबाह्य पर्यटकलाई आकर्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- निजी, अन्तर्राष्ट्रिय क्षेत्र तथा गैरआवासीय नेपालीलाई गाउँपालिकाको पर्यटन पूर्वाधार विकास र पर्यटनप्रवर्द्धनमा आबद्ध हुन उत्प्रेरित गरिनेछ ।
- गाउँपालिकामा रहेका रणनीतिक महत्वका पर्यटकीय क्षेत्रको विकास र सौन्दर्यकरण गरिनेछ ।
- होमस्टे तथा स्तरीय होटेलको स्थापना गरि आन्तरिक तथा बाह्यपर्यटकको बसाई लम्ब्याउने अभियान सञ्चालन गरिनेछ ।
- आन्तरिक पर्यटकलाई धर्म संस्कृति रीतिरिवाजसँग एकाकार बनाइनेछ ।
- आधुनिक सूचना प्रविधिको उपयोग मार्फत पर्यटकीय क्षेत्र, सुविधा, प्याकेज लगायतका विषयमा व्यापक र नियमतिरूपमा बजारीकरण गरिनेछ ।
- मौद्रिक नीतले बैंक तथा वित्तीय संस्थाले पर्यटन क्षेत्रमा अनिवार्य लगानीको सीमा निर्धारण गरेकोले यसतर्फ बैक तथा वित्तीय संस्थालाई आकर्षित र सहजीकरण गरिनेछ ।

### ३.४.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| व्यवस्थित र स्तरीय ऐतिहासिक, धार्मिक पर्यटकीय स्थल तथा सम्पदा | संख्या | २ | २ | ३ | ३ | ३ |
| व्यवस्थित पार्क/उद्यान, पिकनिक | संख्या | २ | २ | ४ | ४ | ५ |
| बार्षिक वाह्य तथा आन्तरिक पर्यटक आगमन संख्या | संख्या | ३०० | ४०० | ५५० | ६५० | ७५० |
| स्तरीय होटलको सख्या | संख्या | १ | १ | १ | १ | १ |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २५० | ७५ | १७५ | ० | ० | २५० | ० | ० |
| २०८१/८२ | २७५ | ८२ | १९२ | ० | ० | २७५ | ० | ० |
| २०८२/८३ | ३०३ | ९१ | २१२ | ० | ० | ३०३ | ० | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको पर्यटन तथा संस्कृति उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटकिय क्षेत्रको संरक्षण तथा सम्बर्द्धन | धार्मिक, सस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकास, प्रवर्द्धन एवं मर्मत संभार गर्ने | सालबसाली | २५० | धार्मिक,पर्यटकीय तथा सांस्कृति क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा मर्मत संभार |
| | जम्मा | | | २५० | |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

बृहत पर्यटन विकास गुरुयोजना निर्माण, पर्यटकीय दृष्टिकोणले संभाव्य क्षेत्र र वस्तुको पहिचान, पूर्वाधारको विकास, सहज वित्तीय सेवा, आवास, स्वास्थ्य, सुरक्षा तथा सूचना सेवाको सुनिश्चितता, स्थानीय मौलिक कला, संस्कृति, खाद्यान्नको संरक्षण, पर्यावरणीय संरक्षण, आतिथ्य सत्कार जस्ता आधारभूत पक्षमा गाउँपालिका र समग्र स्थानिय बासी प्रतिबद्ध भएर लागेमा पर्यटनको क्षेत्रमा अपेक्षाकृत उपलब्धि हाँसिल हुने देखिन्छ । आधारभूत मानवीय सीप र कौशल तथा भौतिक पूर्वाधारको अभावमा पर्यटकीय क्षेत्रले विकासको गति नलिने जोखिम रहन्छ ।

## ३.५ उद्योग, वाणिज्य र आपूर्ति

### ३.५.१ पृष्ठभूमि

कृषिजन्य, पशुपन्छीजन्य र वनजन्य कच्चा पदार्थमा आधारित उद्योग सञ्चालनको सम्भावना रहेको छ । साथै सेवामूलक होटल रेष्टुरेन्ट, सूचना प्रविधि, निर्माण व्यवसाय, शैक्षिक संस्था, स्वास्थ्य संस्था जस्ता उद्योग व्यवसाय सञ्चालनमा अनुकूल

हावापानी रहेको छ । स्थानीय श्रम, सीप, श्रोत र साधनको उपयोग गरि घरेलु तथा साना उद्योग स्थापना गर्न सकिने प्रशस्त संभावना रहेकाछन् । गाउँपालिकाले निजी, सहकारी तथा सार्बजनिक क्षेत्रमार्फत एकल तथा साझेदारी लगानी मार्फत स्थानीय स्रोतसाधनको उपयोग गरि अघि बढ्ने नीति अख्तियार गरेको छ । वाणिज्य क्षेत्रको विकास र विस्तारले वस्तु तथा सेवाको सहज आपूर्ति गर्न मद्दत गर्दछ ।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारी मार्फत् अन्य क्षेत्रबाट भित्र्याइने वस्तु तथा सेवाको प्रतिस्थापन एवं म्तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान, विकास र विस्तार गर्दै व्यापार तथा वाणिज्य क्षेत्रलाई थप सबल बनाउन यसक्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ । उपभोक्ताको हकहितको संरक्षण र प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको नियमित आपूर्ति गर्नु गाउँपालिका लगायत सबै तहका सरकारको महत्वपूर्ण जिम्मेवारी हो । गाउँपालिकाले यी विविध क्षेत्रलाई सम्बोधन गर्ने गरि उपयुक्त नीति र कार्यक्रमका साथ अगाडि बढ्नुपर्ने आवश्यकता देखिन्छ ।

### ३.५.२ समस्या तथा चुनौती

गाउँपालिकामा उद्योग र उद्यमशिलताको कमी, औद्योगिक पूर्वाधारको कमी, औद्योगिक ग्राम स्थापना नहुनु, दक्ष प्राविधिक जनशक्तिको कमी, व्यावसायिक सीप र दक्षताको अभाव, वित्तीय पहुँचको कमी दुर्लभ र उत्पादित कृषिजन्य वस्तुहरु कच्चा रुपमै निकासी हुनु, यथोचित तथ्याङ्कको अभाव जस्ता समस्या र चुनौती रहेका छन ।

### ३.५.३ सोंच

“स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको सङ्ख्यात्मक तथा गुणात्मक वृद्धि गर्नु”

### ३.५.४ उद्देश्य

- उद्योगको स्थापना र उत्पादनवृद्धि गरि कुल गर्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।
- उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरि रोजगारीका अवसर सृजना गर्नु ।
- स्थानीय स्रोत साधनको महत्तम उपयोग गरि आन्तरिक उत्पादन वृद्धि गर्नु ।
- स्थानीय कच्चा पदार्थ, स्रोत,साधन र सीपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकास गरि व्यापार प्रवर्द्धन गर्नु ।
- गुणस्तरीय वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित तथा नियमित गर्नु ।

### ३.५.५ रणनीति

- स्थानीय स्रोत, साधन एवं सीपको उपयोग गरि लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापनार सञ्चालन गरिनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई गाउँपालिका अन्तर्गतका सबै वडा समेतको सहभागितामा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायसँग समन्वय गरि क्षमता विकास गर्दै गरिनेछ ।
- उद्योग ग्राम स्थापना र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- एक वडा एक औद्येगिक उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- उत्पादित वस्तुको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास गरिनेछ ।
- उद्योग ग्राममा स्थापना हुने उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ ।
- अन्य क्षेत्रको पूँजी तथा प्रविधिलाई आकर्षित गर्न कानुनी व्यवस्था गरिनेछ ।
- उद्योग ग्राममा अन्य क्षेत्रको लगानी भित्र्याउनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

- लगानी कर्तालाई उद्योग दर्ता देखि वहिर्गमन सम्मका सेवा सहज उपलब्ध गराइनेछ ।
- वस्तुको उत्पादन रउत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।
- साना, घरेलु तथा मझौला उद्योगलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय माग वमोजिमका वस्तु तथा सेवाको उत्पादन र विकास गरिनेछ ।
- स्वस्थ आपूर्ति प्रणालीका लागि आवश्यक ऐन, नियम, मार्गदर्शनको तर्जुमा, पूर्वाधार र संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।
- उत्पादन, आयात निर्यातर बिक्री मूल्य सम्बन्धी सूचना प्रवाह गर्ने प्रणाली विकसित गरिनेछ ।
- उत्पादक, आयातकर्ता, सञ्चयकर्ता, वितरकर थोक विक्रेताले बिक्री गर्ने बस्तुको सञ्चय र भण्डारण स्थितिको विवरण लिने प्रणालीको विकास गरिनेछ ।
- उपभोक्ता सचेतना तथा उपभोक्ता गुनासो सम्बन्धी स्वचालित प्रणालीको व्यवस्था गरिनेछ ।
- उपभोक्ता हकहित प्रवर्द्धनको लागि तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- आन्तरिक आवश्यकता पूर्ति गर्ने र निकासीजन्य कृषि तथा औद्योगिक वस्तुको उत्पादन क्षमतामा वृद्धि गर्ने कार्यमा सघाउ पु¥याइनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार तथा निजी क्षेत्रसँग साझेदारी गरी सेवा उद्योगको विकासमा पूर्वाधार निर्माण, छुट, सुविधा, सहुलियतमा सहजीकरण गरिनेछ ।
- सूचना प्रविधिमा आधारित सार्वजनिक प्रशासन मार्फत सार्वजनिक सेवाको लागत घटाइनेछ ।

### ३.५.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ५६ | ६० | ४० | ८० | १२० |
| गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायहरु | संख्या | ४० | ८० | १२० | १६० | २०० |
| व्यवसाय करबाट संकलित राजस्व | रु.हजारमा | २५ | ४० | ८० | १०० | १२० |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | ० | ० | १ | १ | २ |
| आवश्यकता पहिचानका आधारमा पुनर्ताजकी एडभान्स सिप विकास तालिम कार्यक्रम | संख्या | ४० | ४० | २० | ५० | ५० |
| उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | जना | ६९ | ३५ | ७० | १०० | १२० |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग, वाणिज्य र आपूर्ति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३६०० | २१६० | १४४० | ० | ० | ३६०० | ० | ० |
| २०८१/८२ | ३९६० | २३७६ | १५८४ | ० | ० | ३९६० | ० | ० |
| २०८२/८३ | ४३५६ | २६१४ | १७४२ | ० | ० | ४३५६ | ० | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको खाद्य सिंचाई उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु.हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | आर्थिक सर्वेक्षण तथा आर्थिक योजना तर्जुमा | स्थानीय आर्थिक विकासका लागी आर्थिक सर्वेक्षण गर्नुका साथै राजश्व सुधार कार्ययोजना निर्माण गर्ने | २०८१/०८२ | १८०० | आर्थिक सर्वेक्षणका साथै राजश्व सुधार कार्ययोजना निर्माण भएको हुनेछ |
| २ | पुर्नताजगी र एडभान्स र सीप विकास तालिम | आधारभूत तालिम लिएकाहरको क्षमता अभिवृद्धि गर्ने | २०८१/०८२ | २४० | एडभान्स तालिम लिएकाले उद्यम, व्यवसाय संचालन गरेका हुनेछन् । |
| ३ | प्रविधि हस्तान्तरण कार्यक्रम | अनुकुल वातावरण सिर्जना गरि गुणात्मक व्यबसाय बृद्धी गर्ने | सालबसाली | ११० | व्यवसाय करबाट संकलित राजस्वमा १० प्रतिशतले वृद्धि हुनेछ । |
| ४ | घरेलु तथा साना उद्योग संचालन अनुदान | घरेलु तथा साना उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने | सालबसाली | ५०० | व्यवसायिक क्षेत्रको उत्पादन र रोजगारीमा १० प्रतिशतले वृद्धि हुनेछ |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | | | २६५० | |

### ३.५.९ जोखिम तथा अनुमान पक्ष

उद्योग स्थापनाका संभाव्य क्षेत्रको पहिचान, उद्योग र श्रम मैत्री कानुनको तर्जुमा, पालिकाक्षेत्रको योजनाबद्ध शहरी विकास गरि सुविधासम्पन्न शहरमा बढ्दो बसाईसराइमा कमी, युवा पलायनलाई दुरुत्साहन, उद्यमशीलता विकास, विशेष कर छुट, अनुदान, सहुलियतपूर्ण ऋण मार्फत लगानी आर्कषण, उपभोक्ता हित कार्यक्रम, बजार अनुगमन जस्ता क्रियाकलाप सञ्चालन गर्न सकेमा गाउँपालिका क्षेत्रमा उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रको पर्याप्त विकास हुन सक्छ। भौतिक, आर्थिक, वित्तिय, प्राविधिक, मानवीय र पर्यावरणीय पूर्वाधारको पर्याप्त विकास हुन नसकेमा यो क्षेत्रको उद्देश्य प्राप्त नहुने जोखिम रहन्छ।

## ३.६ भूमि व्यवस्था,सहकारी र वित्तीय व्यवस्था

### ३.६.१ पृष्ठभूमि

उत्पादन तथा उत्पादकत्वको वृद्धिका लागि भुमिको पहिचान, व्यवस्थित अभिलेखन र वर्गिकरण गरी सोको आधारमा सहि प्रकारले उपयोग हुनु आवश्यक छ। साथै सार्वजनिक एवं पर्ति जग्गाको संरक्षण गर्ने र बाँझो जग्गालाई अनिवार्य उत्पादनशील कार्यमा उपयोग गर्ने कार्यलाई जोड दिनु आवश्यक छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमिवर्गीकरण एवं भूउपयोग योजना तयार गरि कृषक वर्गको भूमिमा पहुँच बढाई यस क्षेत्रमा लगानी अभिवृद्धि गर्दै जानुपर्ने हुन्छ।

कुल ग्राहस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान करिव दुई प्रतिशत रहेको छ।। सहकारीलाई निजी क्षेत्र र सरकारीक्षेत्र सरहको तीन खम्बे नीतीको रुपमा अख्तियार गर्न थालिएको छ। विशेषगरि ग्रामीण क्षेत्रमा छरिएर रहेको सानो सानो बचतलाई प्रवर्द्धन गरी संस्थागत पुँजी संकलन, परिचालन र निर्माणमा अहम भूमिका निर्वाह गरेको छ जुन कार्य आर्थिक, सामाजिक र पूर्वाधारको विकासमा महत्वपुर्ण हुन्छ। यस क्षेत्रले प्रत्यक्ष रूपमा सानो संख्याका विभिन्न तहका जनशक्तिलाई रोजगारीका अवसर उपलब्ध गराएको छ। गरिवी निवारणका लागि समेत विभिन्न लघु वित्त संस्थाहरूले स्थानीय लक्षित कार्यक्रमहरू सञ्चालन गरिरहेको सन्दर्भमा तिनिहरूको कार्यलाई गाउँपालिकाले प्रोत्साहन गरी साझेदारी समेत गर्दै जानु आवश्यक हुन्छ। वित्तीय परिचालनको माध्यमबाट निजी क्षेत्रको योगदानलाई आर्थिक समृद्धिमा रुपान्तरण गर्न सकिन्छ। दार्मा गाउँपालिकामा हाल १ वटा बैंक सञ्चालनमा रहेको छ। यस पालिकामा २ वटा लघुवित्त र २७ वटा सहकारी संस्था सञ्चालनमा छन्।

### ३.६.२ समस्या तथा चुनौती

भुमिको उपयोगको आधारहरू पहिचान नहुनु, उपयोगका आधारमा वर्गिकरण भएका जग्गाहरूको सोहि अनुरुप अनिवार्य प्रयोग नहुनु, स्थानीयको न्युन वित्तिय साक्षरता, सिमान्तकृत समुदायमा कमजोर वित्तिय पहुँच, सहकारीहरूको उच्च व्याजदर एवं सहकारी क्षेत्रभित्रको संस्थागत सुशासनको अभाव लगायतका विषयहरू यो क्षेत्र सम्वद्ध समस्याहरू हुन्।

समुदायमा बैङ्किङ माध्यमका सट्टामा अनौपचारिक माध्यमबाट ऋण सापटी लिने प्रचलन कायमै रहेका छ र। धितो राख्ने सम्पत्तिको अभाव, आवश्यक प्रमाण पुऱ्याउन नसक्नु, झन्झटिलो कागजी प्रक्रिया र आवश्यक सहयोगका लागि सेवा केन्द्रको अभाव कारण अनौपचारिक क्षेत्रबाट कारोवार हुने गरेको छ। घरेलु तथा साना उद्योग र सीमान्तकृत समुदायमा सर्वसुलभ वित्तीय सेवामा न्यून पहुँच रहेको छ। वित्तीय सेवामा महिला र पुरुषको समान पहुँच रहेको छैन।

### ३.६.३ सोंच

" सहकारीको सहुलियत लगानी, उद्यमशीलता र आम्दानी "

### ३.६.४ उद्देश्य

- कृषियोग्य भूमिमा सिंचाईको व्यवस्था, भुमि व्यवस्थापन र सेवा सम्बन्धी कार्यलाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउनु ।
- सहकारी क्षेत्रलाई सवल, प्रतिस्पर्धात्मक एवं व्यवसायिक वनाउदै वित्तिय र वैकिङ्ग सेवाको पँहुच वृद्धि गर्नु ।
- सहकारीको मुल्य र सिद्धान्तको अनुसरण तथा पारस्परिकता र स्वाबलम्वनको संस्कार विकास र सुशासन कायम गर्नु ।
- सहकारी संघसंस्थाहरूलाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरणतर्फ उन्मुख गराउन ती संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

### ३.६.५ रणनीति

- भुमिको व्यवस्थित उपयोग र संरक्षण गर्ने ।
- सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा क्रियाशिल तुल्याउने ।
- सहकारी तथा सम्वद्ध वित्तिय क्षेत्रको क्षमता अभिवृद्धि, विकास र विस्तार गर्ने ।
- सहकारी तथा वित्तिय क्षेत्रमा अनुशासन कायम गर्ने ।

### ३.६.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | १२ | १५ | २० | २३ | २६ |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ५५ |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | ५० | ६० | ६५ | ७५ | ८० |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था,सहकारी र वित्तीय व्यवस्था उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १०० | ८० | २० | ० | २०१ | १०१ | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८१/८२ | ११० | ८८ | २२ | ० | २२१ | १११ | ० | ० |
| २०८२/८३ | १२१ | ९७ | २४ | ० | २४३ | १२२ | ० | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको भूमि व्यवस्था,सहकारी र वित्तीय व्यवस्था उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स. | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत ( रु.हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | सहकारी प्रवर्द्धन सम्वन्धि कार्यक्रम | सहकारी सम्वन्धि सचेतना जगाउने | सालबसाली | १०० | सहकारी सम्वन्धि सचेतना तथा सहकारी संस्थाको नियमन |

### ३.६.९ जोखिम तथा अनुमान पक्ष

सार्वजनिक जग्गाको दुरुपयोग गर्ने प्रवृती तत्काल नियन्त्रण गर्न नसकेमा भूमीको अतिक्रमण झन् तिव्र हुने अवस्था रहन्छ । सिंचाई सुविधा पुगेका र नपुगेका कृषियोग्य भूमिको तथ्याङ्क उपलब्ध हुने, जमिनको चक्लाबन्दी गरी प्रयोगहीन उर्वर जमिनमा करार खेती हुनेछ । उल्लिखित कार्यलाई व्यवस्थित तवरबाट गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरु उत्पादन र व्यवसायमूलक क्षेत्रमा लगानी केन्द्रित गर्ने स्थानीय उत्पादनको बजारीकरणमा बढी क्रियाशिल हुनेछन् । यस्ता संस्थाहरुको खराब कर्जा न्यून जोखिम भएको हुनेछ ।

## ३.७ श्रम, रोजगार तथा गरिबी निवारण

### ३.७.१ पृष्ठभूमि

श्रम तथा रोजगारी अर्न्तगत दार्मा गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ले १०० दिनको रोजगारी सिर्जना गर्दछ, वेरोजगार यूवाहरुकोलागि त्यसबाट चालु आ.व. मा ४९२ जना प्रत्यक्ष रुपमा लाभ लिएका छन् । त्यसैगरि मुख्यमन्त्री रोजगार कार्यक्रमवाट ३५० जनाले प्रत्यक्ष रोजगार प्राप्त गरेका छन् । दार्मा गाउँपालिकामा करीव ८ हजार वेरोजगारीको तथ्यांक रहेको छ । यस गाउँपालिकाका अधिकांस वासिन्दाहरु कृषि क्षेत्रमा निर्भर छन् अत: कृषि क्षेत्रले आंशिक रोजगारी दिए पनि बर्षै भरि रोजगारिको सुनिश्चितता नहुदा यस नगरपालिकाका युवाहरु अन्य रोजगारीका लागि अवसरको खोजिमा रहेका छन । गाउँपालिकाले श्रम तथा रोजगारी शाखाको व्यवस्थापन गरी तथ्यांकहरु अध्यावधिक गर्ने तथा रोजगारीका दिर्धकालिन उपायहरुको अध्ययन गर्ने गरेको छ ।

दार्मा गाउँपालिका ग्रामीण प्रकृतिको भएको हुँदा प्राय: सबै क्षेत्रमा गरिवी व्याप्त रहेको छ । लक्षित घरपरिवारमा सामाजिक सुरक्षण कार्यक्रमहरू केन्द्रित गरी विभिन्न निकायबाट सञ्चालित गरिबी निवारण कार्यक्रम बीच समन्वय गर्ने नीति, योजना र बजेट कार्यक्रम बीच सामञ्जस्यता कायम हुनु पर्ने देखिन्छ । गरिवी निवारणको लागि प्राकृतिक स्रोत साधनको पहिचान, आँकलन एवम् प्राकृतिक सम्पदाको ह्रास नहुने गरी महत्तम उपभोग गर्दै पगाउँपालिकाको आर्थिक स्तर उकास्नु, गाउँपालिकामा उपलब्ध स्रोत तथा साधनहरूको समन्यायिक पहुँच विस्तार गर्नु आवश्यक देखिएको छ ।

### ३.७.२ समस्या तथा चुनौती

श्रम शक्ति र रोजगार आपूर्तीको विचमा सन्तुलन नहुनु, स्थानीय सिप एवं दक्षताको विकासमा युवा शक्तिलाई समाहित गर्न नसक्नु र जनसांख्यिक लाभांशको फाईदा लिने गरी श्रमशक्ति परिचालनका लागि ठुलो मात्रामा लगानीहरू आकर्षित गर्न नसक्नु यो क्षेत्रका विद्यमान समस्याहरू हुन् ।

आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा नै रोजगारीको अवसरहरू दिलाउनु, विभिन्न निकायबाट सञ्चालित गरिबी निवारण कार्यक्रम बीच समन्वयको अभाव रहनु, क्षमता विकासका कार्यहरू पर्याप्तन हुनु एव निति, योजना र बजेट कार्यक्रम बीच सामञ्जस्यता नहुनु जस्ता समस्याहरू विद्यमान रहेका छन् । ऊर्जाशील युवा जनशक्ति पलायन रोकी उत्पादनशील कार्यमा लगाउनु, तीनै तहका सरकार तथा गैरसरकारी क्षेत्रसँग असल समन्वय तथा साझेदारीको अभ्यासलाई मलजल गर्नु समस्या तथा चुनौती रहेका छन् । श्रमिकको आयलाई लगानीमा रुपान्तरण गरी स्थानीय स्तरको उत्पादन र उत्पादकत्व वृद्धि गरी गरिवी निवारण गर्नु चुनौतीपूर्ण कार्यहरू हुन् ।

### ३.७.३ सोंच

"रोजगारी प्रवर्द्धन मार्फत आर्थिक सवलीकरण"

### ३.७.४ उद्देश्य

१. स्थानीय स्रोत र आवश्यकता सुहाउँदो दक्ष, सीपयुक्त जनशक्ति उत्पादन गर्नु

२. स्थानीय स्तरमा रोजगारीका अवसरहरू वृद्धि गर्नु तथा गरिबी न्यूनीकरण गर्नु

३. विदेश पलायन हुने प्रवृत्ति कम गर्नु

### ३.७.५ रणनीति

- श्रम बजारलाई दिगो, समावेशी र मर्यादित बनाउँदै युवा जनशक्तिलाई बजार मागअनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास (बुस्टर) कार्यक्रममार्फत् स्थानीय श्रमबजारमा सहभागी हुने अनुकूल वातावरण निर्माण गर्नु ।
- संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक, पेशा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गरी श्रम बजारलाई व्यवस्थित गर्नु ।
- गरिब घरपरिवार पहिचान गरी अद्यावधिक विवरण राख्ने
- गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकीकृत् गर्ने ।

### ३.१.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | सङ्ख्या | ५१ | ३१ | २७ | २४ | २१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन | दिन | ६०००० | ४९२०० | ४३००० | ४०००० | ३८००० |
| गरिवीको रेखामुनीको परिवार | प्रतिशत | ७० | ८५ | ८२ | ८० | ७८ |

## ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम, रोजगार तथा गरिबी निवारण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३७०० | १११० | २५९० | ० | ० | १४९० | २२१० | ० |
| २०८१/८२ | ४०७० | १२२१ | २८४९ | ० | ० | १६३९ | २४३१ | ० |
| २०८२/८३ | ४४७७ | १३४३ | ३१३४ | ० | ० | १८०३ | २६७४ | ० |

## ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको खाद्य सिंचाई उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | रोजगार सम्वन्धि कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालवसाली | ३७०० | न्युन आय भएका बार्षिक २०० जना विपन्नले मौसमी रोजगार प्राप्त गरेका हुनेछन् । |
| | जम्मा | | | ३७०० | |

## ३.८.९ जोखिम तथा अनुमान पक्ष

श्रम, रोजगारी तथा गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । श्रम, रोजगारी तथा गरिबी निवारणका लागि समुदाय निजी क्षेत्र, स्थानीय सरकार, प्रदेश सरकार तथा सङ्घीय सरकारबीचको सहकार्यमा वृद्धि भएको हुनेछ । रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएमा वा बजेटको अभाव भएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद-४: सामाजिक क्षेत्र

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमि

सामाजिक तथा आर्थिक रूपान्तरणको महत्वपूर्ण आधारशीलाको रूपमा शिक्षा रहेको छ । दार्मा गाउँपालिकामा १८ वटा प्रा.वि, ७ वटा निमावि , ६ वटा मा.वि र १ उच्च मा.वि संचालनमा रहेका छन् । निजी क्षेत्र द्वारा संचालित १ वटा निजी विद्यालय छ । त्यस्तै २ वटा समुदायमा आधारित बाल विकास केन्द्रको संचालनले दार्मा गाउँपालिकाको शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

### ४.१.२ समस्या तथा चुनौती

विद्यालयका भौतिक पूर्वाधार कमजोर हुनु, सवै विद्यालयहरुमा अपाङ्ग मैत्री पूर्वाधार नहुनु, गुणस्तरीय शिक्षामा पहुँचमा कमी, बढ्दो अविभावकको चाहना भएपनि प्राविधिक विद्यालय नहुनु, विद्यालयमा पर्याप्त शैक्षिक सामग्रीको कमी, प्रविधिमैत्री शिक्षण सिकाईको कमी, वाल विकास केन्द्र व्यबस्थित नहुनु, गणित, विज्ञान तथा अंग्रेजी शिक्षकको कमी, कार्यमूलक शिक्षक तालिमको कमी, सवै विद्यालयमा मातृभाषामा शिक्षा नहुनु, छात्रा एवं अपाङ्गता मैत्री शौचालय न्यून हुनु यस क्षेत्रका प्रमुख समस्या र चुनौतीको रुपमा रहेका छन ।

### ४.१.३ सोंच

“गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको विकास, समृद्ध दार्मा गाउँपालिकाको आधार”

### ४.१.४ उद्देश्य

१. शिक्षण संस्थाको भौतिक पूर्वाधार र नवीन प्रबिधि मार्फत आधुनिकीकरण गर्नु ।

२. साक्षरतार जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।

३. व्यवहारिक, व्यवसायिक,प्राविधिक, अनुसन्धानमूलक र सिर्जनामुखी शिक्षा प्रणालीको विकास गर्नु ।

### ४.१.५ रणनीति

- शिक्षामा सबैको पहुँच पुऱ्याउन आवश्यक नीतिगत परिवर्तन गर्न पहल गरिनेछ ।
- शिक्षाको गुणस्तरमासुधार गर्न लगानीमा वृद्धि गरिनेछ ।
- नमूना प्रारम्भिक बालविकास केन्द्र स्थापना गरिनेछ ।
- दुर्गम तथा छरिएको बस्ती भएका क्षेत्रका विद्यालयलाई नमूना आवासीय तथा गाउँपालिकाका अन्य क्षेत्रका छनौट भएका विद्यालयलाई नमूना विद्यालयका रुपमा रुपान्तरण गरिने छ । राष्ट्रिय शैक्षिक नीति तथा त्यसमा आधारित आवश्यक ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गरिनेछ ।
- गाउँ शिक्षा समितको गठन र परिचालन गरिनेछ ।
- सवै विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन तथा परिचालन गरिनेछ ।
- बालमैत्री विद्यालयका लागि भौतिक पूर्वाधार, सेवा प्रवाहर गुणस्तरसुधार सम्बन्धी न्यूनतम सूचकको निर्धारण गरिनेछ ।
- गाउँशिक्षा कार्यालय तथा स्रोत केन्द्र समेतको भवन निर्माण गरिनेछ ।
- सवै बालविकास केन्द्र, विद्यालय, माध्यामिक शिक्षालयमा बालमैत्री सूचकका आधारमा सुविधायुक्त न्यूनतम भौतिक पूर्वाधार (भवन, कार्यालय तथा कक्षाकोठा, फर्निचर तथा डेष्क बेञ्च, छात्र र छात्राका लागि अलग अलग सौचालय

(छात्राका लागि आवश्यक सामाग्रि सहितको चेन्जिङ कक्ष समेत), खानेपानी, खेलमैदान, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्यूटर सहितका शैक्षिक उपकरण, बगैंचा लगायतको) निर्माण व्यवस्थापन गर्ने गराइनेछ ।

- आधारमा विद्यालय जाने उमेरका तर विद्यालय जाने अवसरबाट बञ्चित रहेका बालबालिकाको अवस्था विवरण सहितको सामाजिक नक्साङ्कन नियमित सार्वजनिक गरी विद्यालयमा पहुँच पुर्याइने गरी सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ ।
- लक्षित वर्गका बालबालिकाको विद्यालयमा पहुँच बृद्धिका लागि अभिभावक शिक्षा तथा पिछडिएका गरिब टोल बस्तीमा विद्यालय भर्नाका लागि जनचेतनामुलक घर दैलो कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका सवै विद्यालयमा पूर्वप्राथमिक शिक्षा कार्यक्रम तथा गाउँपालिका क्षेत्रका गरिव, सुकुम्बासी वस्तिमा आवश्यकता बमोजिम प्रारम्भिक बालविकास केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ ।
- गाउँपालिका सवै सामुदायिक तथा सस्थागत विद्यालयले बालमैत्री वातावरणमा आफ्ना शैक्षिक कार्यक्रम व्यवस्थित गरि सञ्चालन गर्ने गराउने साथै झोला र हित शिक्षण कार्यक्रम सञ्चालनका लागिआवश्यक पूर्वाधार तयार गरिनेछ ।
- अनौपचारिक शिक्षा तथा बाल शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- अति गरिव तथा बिपन्न बर्गका बालबालिकालाई शैक्षिक सामग्री र छात्रवृतिको व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका सवै वडामा साक्षरता अभियान सञ्चालन गरिनेछ ।
- बालमैत्री विद्यालयका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार सहितका स्रोतरसाधन तयार गरेका निजी स्तरमा सञ्चालित तथा सञ्चालन हुने प्रस्तावित विद्यालयलाई मात्र स्तरोन्नती, सञ्चालन सिफारिस तथा स्वीकृति दिइनेछ
- विद्यार्थी संख्या र विषयका आधारमा सवै सामुदायीक विद्यालयमा शिक्षक दरवन्दी मिलान गर्ने माध्यमिक विद्यालयमा कम्प्यूटर शिक्षालाई अनिवार्य गरिनेछ ।
- गाउँपालिका भित्र सम्भाव्य माध्यमिक तहमा कृषि,विज्ञान तथा प्राविधिक विषयको पठनपाठनको व्यवस्था मिलाइनेछ
- विद्यालय शैक्षिक गुणस्तर सुधार अभियान अन्तरगत सामुदायिक तथा संस्थागत विद्यालय साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सवै विद्यालयमा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- कक्षा पाँच भन्दा माथिको अध्ययन अध्यापन हुने विद्यालयमा बाल क्लब गठन, परिचालन र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सवै विद्यालयमा खेलकुद सामग्रीको व्यवस्थापन गर्ने गराउने ।
- प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने अति गरिब तथा बिपन्न, पिछडावर्ग, दलित, जानजाति तथा आदिवासी समुदायका बालबालिकालाई"दार्मा ज्ञान ज्योति छात्रवृत्ति"को व्यवस्था गर्ने ।
- सिकाई उपलब्धी र उत्तीर्ण संख्याको आधारमा एक विद्यालयएक शिक्षककादरले उत्कृष्ट विद्यालय र उत्कृष्ट शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गर्ने प्रत्येक वर्ष एक-एक वटा सामुदायिक विद्यालयमा नमूना विद्यालय विकास कार्यक्रम सञ्चालन गर्ने ।
- सवै वडामा स्मार्ट बोर्ड निर्माण (फ्रि वाईफाई जोन निर्माण) जनसाङ्ख्यिक बनौट भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालय गाभ्ने, सार्ने तथा नयाँ स्थापना गर्ने ।
- प्रत्येक विद्यालयमा उजुरी तथा सुझाव पेटिकाको व्यवस्था गर्ने ।
- विद्यालायलाई शान्ति क्षेत्र घोषणा गरि कार्यान्वयनमा ल्याउने ।
- नियमित अनुगमनका लागि सरोकारवाला सहभागि रहेको अनुगमन सम्यन्त्र निर्माण गर्ने ।
- सवै विद्यालयमा शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभवक तथा सहयोगी र साझेदार संस्थाको समेत आचार संहिता निर्माण गरि कार्यान्वयनमा ल्याउने आर्थिक पारदर्शिता र गुणस्तर सुधारका लागि प्रत्येक विद्यालयले सार्वजनिक सुनुवाईलाई कार्यान्वनयमा ल्याउने ।
- सिर्जनशील, व्यवहारिक र प्रयोगात्मक शिक्षा प्रणालीमा लगानी विस्तार गर्ने।
- सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने, गुणस्तर सुधार गर्ने र प्रविधिमैत्री शैक्षिक सामग्री, पाठ्यक्रम, शिक्षक, भौतिक पूर्वाधार विकासका कार्यक्रमलाई एकीकृतरूपमा सञ्चालन गर्ने।

### ४.१.६ शिक्षा नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | ९६.५ | ९७ | ९८.५ | ९९.५ | १०० |
| प्राथमिक तह खुद भर्ना | प्रतिशत | ९४.५ | ९८ | ९९ | ९९.५ | १०० |
| माध्यमिक तहमा खुद भर्नादर ( ९ देखि १२) | प्रतिशत | ५६.१ | ४७.६ | ४८ | ४९ | ५० |
| अनौपचारिक शिक्षा लिनेको अनुपात | प्रतिशत | १.० | १.१८ | २ | २.१ | २.५ |
| १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ९८ | ९८ | ९८ | ९८ | ९९ |
| शिक्षक तालिम कार्यक्रम | प्रतिशत | ९५ | ९५ | ९५ | ९६ | ९७ |
| दरवन्दि अनुसार शिक्षक पदपूर्तिको अवस्था | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| विद्युत्मा पहुँच भएका विद्यालयहरू | प्रतिशत | १५ | ३२ | ४० | ४५ | ५० |
| इन्टरनेटमा पहुँच विद्यालयहरू | प्रतिशत | २० | ३२ | ४० | ४५ | ५० |
| खानेपानी, सरसफाइ र स्वच्छता सुविधा उपलब्ध विद्यालय | प्रतिशत | ६ | ८ | १० | १५ | २० |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | १५ | १५ | २० | २५ | ३० |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| प्राविधिक शिक्षालय | संख्या | १ | १ | | १ | १ |

### ४.१.७ विषय क्षेत्रनत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७८०/८१ | १७५२७४ | १४८९८३ | २६२९१ | ० | ४०२४ | १७०३६५ | ८८४ | ० |
| २०८१/८२ | १९२८०१ | १६३८८१ | २८९२० | ० | ४४२७ | १८७४०२ | ९७२ | ० |
| २०८२/८३ | २१२०८१ | १८०२६९ | ३१८१२ | ० | ४८६९ | २०६१४२ | १०७० | ० |

## ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको शिक्षा उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु.हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालयहरुको भवन निर्माण तथा मर्मत सुधार अनुदान कार्यक्रम | भौतिक सुधार | सालबसाली | ४५,५०० | वटा विद्यालयको भौतिक पूर्वाधारमा सुधार आई शैक्षिक गुणस्तर सुदृढिकरण भएको हुनेछ |
| २ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण तथा वैकल्पिक शिक्षा कार्यक्रम | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण गर्ने | सालबसाली | ३,३९५ | विद्यालयको शैक्षिक गुणस्तर सुदृढिकरण भएको हुनेछ । |
| ३ | पाठ्यपुस्तक अनुदान स्यानिटरी प्याड तथा कार्यक्रम | नि:शुल्क पाठ्यपुस्तक वितरण गर्नुका साथै महिनावारि हुदा विद्यालय शिक्षा बाट बन्चित हुन बाट जोगाउनु | सालवसाली | ६८३८ | शैक्षिक सत्रको सुरुवातमै सबै विद्यार्थिको हातमा पाठ्यपुस्तक पुग्नुका साथै सबै किसोरीहरु निरन्तर विद्यालय आउनेछन |
| ४ | परीक्षा संचालन तथा व्यवस्थापन, पाठ्यक्रम निर्माण, शैक्षिक वुलेटिन तयारी तथा SAS प्रणाली कार्यान्वयन | विद्यालयमा शैक्षिक क्रियाकलाप तथा नियमित कार्य व्यवस्थित गर्ने | सालवसाली | ९०० | विद्यालयमा व्यवस्थित ढङ्गवाट परीक्षा संचालन हुनुका साथै स्थानीय पाठरयक्रम निर्माण तथा शैक्षिक वुलेटिन प्रकाशा तथा प्रणाली कार्यान्वयन भएको हुनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | Room to Read सँगको साझेदारी कार्यक्रम | गाउँपालिकाका विद्यालयको शैक्षिक अवस्था सुदृढ गर्ने | सालवसाली | ६०० | Room To Read सँगको साझेदारीमा गाउँपालिकाको शैक्षिक अवस्था सुदृढ भएको हुनेछ |
| ६ | साक्षरता कार्यक्रम साझेदारी | निरक्षर वालवालिका, युवा तथा निराक्षेरहरुलाई साक्षेर बनाउने | सालवसाली | १००० | साक्षरता कक्षा सञ्चालन |
| ७ | शिक्षा सम्बन्धी अन्य कार्यक्रम | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | १५४६२ | शैक्षिक पहुच र गुणस्तरमा हालको अवस्थाबाट कम्तिमा १० प्रतिशतले वृद्धि हुनेछ । |
| | जम्मा | | | ७३६९५ | |

### ४.१.९ जोखिम पक्ष तथा अनुमान

समग्र विद्यालय सुधारका लागि अध्यापन गर्ने शिक्षक-शिक्षिकामा नविनतम ज्ञान तथा सीप को विकास हुने, शिक्षामा समान लैङ्गिक अवसर बढाउने चेतनामुलक कार्यको संचालन हुने, समय समयमा शिक्षक-विद्यार्थी-अभिभावक अन्तरक्रियाबाट सबै पक्षमा रचानात्मक सुधार आउने, स्थानीय आवश्यकता र संभाव्यताको आधारमा पाठ्यक्रमको निर्माण हुने, नवीनतम सूचना प्रविधिको प्रयोग वृद्धि हुने, पाठ्यसामाग्री समयमै उपलब्ध हुनेछ । उल्लेखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

मुलुक तथा नागरिकको विकासका लागि स्वस्थ नागरिक हुनै पर्दछ । नेपालको संविधानले प्रत्क नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य वा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । आधारभूत स्वास्थ्य सेवालाई गाउँपालिकाका प्रत्येक वडा केन्द्रमा विस्तार तथा स्तरोन्नोति गरिलोक कल्याणकारी राज्यको मूल भूतमान्यतालाई व्यवहारमा उतार्नु गाउँपालिकाको कर्तव्य र जिम्मेवारी हो । गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सक र आधुनिक भौतिक पूर्वाधारको व्यवस्था गरि स्वास्थ्यसेवालाई प्रभावकारी वनाउन आमूल परिवर्तनको खाँचो रहेको छ ।

गाउँपालिका भित्र खोप सेवा, सरकारद्धारा निःशुल्क उपलब्ध गराइने औषधिको व्यवस्था, पोषणको अबस्थामा सुधार, गर्भवती सुत्केरी महिलाको स्वास्थ्य सुरक्षा, किशोरकिशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतना आदि सम्बन्धमा व्यवहारिक नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दै स्वस्थ नागरिक र स्वच्छ समाज निर्माणमा उल्लेख्य योगदान पुग्नजाने देखिन्छ । यसबाट राष्ट्रिय तथा दिगो विकासले लिएका लक्ष्य प्राप्तिमा महत्वपूर्ण परिपूरकको कार्य जिम्मेवारी पूरा हुन जानेछ । स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन आधुनिक चिकित्सा, होमियोप्याथी चिकित्सा, आयुर्वेदिक चिकित्सा, अकुपञ्चर चिकित्सा लगायतका बैकल्पिक चिकित्सा प्रणालीको एकीकृत तथा समन्वयात्मकरूपमा अगाडि बढाउनु पर्ने देखिन्छ ।

## ४.२.२ समस्या तथा चुनौती

विश्वव्यापी प्रकोपको रुपमा रहेको कोभिड-१९ जस्ता महामारीहरुका लागि पूर्व सावधानी मूलक कृयाकलापहरु कम हुनु, आपतकालिन अवस्थामा स्तरीय उपकरण सहितको उपचार केन्द्रहरु स्थापना नहुनु, सबै स्वास्थ्य संस्थामा प्रसुति सेवाको कमी हुनु, सरुवा तथा जटिल प्रकारका नसर्ने रोगको प्रकोप बढ्दै जानु, समुदायमा नै सुविधा सम्पन्न अस्पतालको अभावले रोग निदानमा समस्या, महिला प्रजनन स्वास्थ्य समस्या बढ्दै जानु, सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव, निशुल्क तथा अत्यावश्यक औषधीको समयमानै पर्याप्त मात्रामा बर्षभरी नै उपलब्ध नहुनु । अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको स्वास्थ्य चौकीको पहुँचमा कमी, बालबालिकाका पोषण अवस्था सन्तोषकनक नुहुनु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन ।

## ४.२.३ सोंच

“स्वास्थ नागरिक, गुणस्तरीय जीवनयापन”

## ४.२.४ उद्देश्य

१. निःशुल्क आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय एवं विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु ।
२. औपचारिक तथा अनौपचारिक शैक्षिक क्रियाकलापबाट आम नागरिकमा स्वास्थ्य सम्बन्धी निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक पद्धति र प्रणालीको अभिवृद्धि गर्नु ।
३. आधुनिक तथा बैकल्पिक समग्र स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु ।

## ४.२.५ रणनीति

- आधुनिक विधि र निश्चित मापदण्ड विकास गरि स्वास्थ्य संस्थाको संख्या, प्रकार, स्थान तथा आवश्यक स्वास्थ्य जनशक्तिको निर्धारण गर्न गुरुयोजना तयार गरि लागू गरिनेछ र क्रमशः समयसापेक्षरूपमा पेशागत जनशक्तिको व्यवस्था तथा क्षमता अभिवृद्धि गरिनेछ ।
- एक चिकित्सक र स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्थाको अवधारणालाई लागू गर्न तथा सेवाको पहुँच विस्तार गर्नका लागि सरकारी अस्पतालमा अतिरिक्त सुविधा सहितको विस्तारित स्वास्थ्य सेवा कार्यान्वयन गरिनेछ ।
- नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीका साथै औषधि तथा औषधिजन्य सामग्रीको उत्पादन, आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गरिनेछ
- स्वास्थ्य व्यवस्थापन समितिको गठन गरिनेछ
- आधारभूत स्वास्थ्य सम्बन्धी तथ्याङ्क अध्यावधिक गरिनेछ
- अस्पताल तथा स्वास्थ्य केन्द्रको निर्माणका लागि आर्थिक स्रोतको व्यवस्था गरिनेछ ।
- अस्पताल तथा स्वास्थ्य केन्द्र निर्माणका लागि जग्गाको व्यवस्थापन साथै सुविधा सम्पन्न अस्पताल र स्वास्थ्य केन्द्रको निर्माण गरिनेछ ।
- आयुर्वेद चिकित्सा, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धति तथा सेवालाई सञ्चालन गरिनेछ ।
- सबै स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाको शिप र दक्षता बृद्धिका लागि नियमित तथा प्रशिक्षणको व्यवस्था मिलाउने
- स्वास्थ्य हेल्पडेक्सको व्यवस्था गर्ने कुष्ठ रोग तथा सरुवा रोग लगायत स्वास्थ्यसँग सम्बन्धित सबै विषय र क्षेत्रका बारेमा सञ्चार स्रोत, एसएमएसल लगायतका सम्भाब्य सबै खाले प्रविधिको प्रयोग गरि जन चेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- विभिन्न किसिमका खोप, भिटामिन पोलियो थोपा, अल्वेण्डाजोल वितरण जस्ता अभियानगत कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
- लागू पदार्थ दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य विमालाई अनिवार्य गरिनेछ ।

- स्वास्थ्य केन्द्र मार्फत गर्भवती जाँच सेवालाई प्रभावकारी बनाउने
- कुपोषित बालबालिका तथा गर्भवती र सुत्केरी महिलाका लागि पोषण शिक्षा तथा पोषण सहयोग कार्यक्रम साथै आइरन चक्की तथा क्यालसियम चक्की वितरण कार्यक्रम सञ्चालन गरिनेछ
- सीमान्तकृत परिवारका गर्भवती महिलालाई सरसफाईको लागि निःशुल्क साबुन, सेम्पु तथा तेल वितरण गरिनेछ
- एम्बुलेन्स सेवालाई प्रभावकारी, सर्वसुलभ र सहुलियत पूर्ण बनाउने ।
- विभिन्न स्वास्थ्य संस्थाको सम्लग्नता र सहयोगमा प्रत्येक ३/३ महिनामा बिपन्न वर्ग, पिछडिएका तथा गरिब समुदाय बसोवास गरेका क्षेत्रलाई लक्षित गरि निःशुल्क स्वास्थ्य परीक्षण, औषधि तथा सर्जिकल उपकरण उपलब्ध गराउने ।
- समग्र स्वास्थ्य उपचार साथै महिला तथा बालबालिकाका लागि अनिवार्य खोप, सुत्केरी गराउने तथा महिला तथा बालपोषण, स्वास्थ्य सरसफाई, प्रजनन स्वास्थय, एच.आईभी.एड्स नियन्त्रण, परिवार नियोजन, महामारी, क्षयरोग औषधि सहितको घुम्ति स्वास्थ्य सिविर सञ्चालन गरिनेछ
- गाउँघर क्लिनिक सञ्चालन गर्ने साथै नवजात शिशुको नियमित तौल लिने व्यवस्था मिलाउने
- सरसफाईको लागि सीमान्तकृत परिवारमा जन्मेका बालबालिकाका लागि निशुल्क साबुन, सेम्पु तथा तेल वितरण गर्ने
- शिशु स्याहार केन्द्रस्थापना र सञ्चालन गरिनेछ ।
- व्यवस्थित परिवार प्रोत्साहन पुरस्कार वितरण गर्ने ।
- आधुनिक सूचना प्रविधिको उपयोग गर्दै उन्नत र भरपर्दो टेलिमेडिसिन तथा टेलिहेल्थका लागि आवश्यक जनशक्ति पूर्वाधारको निर्माण गर्ने ।

## ४.२.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| आधुनिक सुविधा सम्पन्न अस्पताल | संख्या | ० | ० | १ | १ | १ |
| पूर्ण खोप लिने वालवालिका | प्रतिशत | ९१ | ७३ | ९० | ९५ | १०० |
| प्रसूती सेवा केन्द्रहरू | संख्या | ३ | ४ | ५ | ५ | ६ |
| स्वास्थ्य संस्थामा प्रसूति हुने दर | प्रतिशत | ४८.५ | ४९ | ६० | ७० | ९० |
| परिवार नियोजन साधन प्रयोग गर्ने दर | प्रतिशत | १७ | २४ | २८ | ३२ | ३८ |
| घुम्ति स्वास्थ्य शिविर सञ्चालन | संख्या | १० | १५ | २० | २५ | २८ |
| स्वास्थ्य संस्थामा प्रसूति हुने दर | प्रतिशत | ३४.६ | ४८ | ६० | ७० | ९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रोटोकल अनुसार चार पटक पर्भवती जाँच गराउने गर्भवती महिला | प्रतिशत | ५४ | ४५ | ६० | ७० | ९५ |
| विरामि पर्दा स्वास्थ्य संस्था जाने व्यक्ति दर | प्रतिशत | ११५ | ९३ | ९५ | ९७ | १०० |
| वाल कुपोषण दर | प्रतिशत | ४ | ११ | ८ | ६ | ४ |
| महिला स्वास्थ्य स्वयंसेविका | संख्या | २७ | २७ | ३४ | ३४ | ३४ |
| मातृ मृत्युदर (प्रति एक लाख जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| नवजात मृत्यु संख्या | जना | २ | २ | ० | ० | ० |
| ५ वर्ष मुनिका वालवालिकाको मृत्यु (प्रति हजारमा) | संख्या | ० | ७ | ३ | १ | ० |
| घरवाट स्वास्थ्य सँस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | संख्या | ८०० | ८०० | ८०० | ८०० | ८०० |
| स्वास्थ्य विमामा आवद्ध परिवार | संख्या | १५ | २५ | २००० | ५००० | ७००० |
| वार्षिक सेवा प्राप्त गर्ने बिपन्न नागरिक | संख्या | २२ | ३० | ३० | ५० | १०० |

## ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३०७२३ | २४५७८ | ६१४५ | ० | २०१२ | २७३८५ | १३२६ | ० |
| २०८१/८२ | ३३७९५ | २७०३६ | ६७५९ | ० | २२१३ | ३०१२३ | १४५९ | ० |
| २०८२/८३ | ३७१७५ | २९७४० | ७४३५ | ० | २४३५ | ३३१३६ | १६०५ | ० |

## ४.२.८ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको स्वास्थ्य उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वहुक्षेत्रीय, विद्यालय तथा अन्य पोषण कार्यक्रम | पोषण कार्यक्रम अन्तरगतका बिभिन्न कार्यक्रम संचालन गर्नु | सालवसाली | १५६९ | पोषण कार्यक्रम अन्तरगतका बिभिन्न कार्यक्रम पुर्णरुपमा संचालन भएका हुनेछन्। |
| २ | आधारभुत, आकस्मिक र आयुर्वेदिक औषधि खरिद तथा ढुवानी | औषधिको मादण्ड अनुसार गुणस्तर आपूर्ति तथा भण्डार गर्नु | सालवसाली | ३६७४ | आवश्यक मात्रामा औषधी खरिद, ढुवानी र भण्डारण भएको हुने |
| ३ | मातृ तथा नवजात शिशु कार्यक्रम | मातृ तथा नवजात शिशुको मृत्युदरमा सुधार ल्याउनु | सालवसाली | ३०५६ | विद्यमान मातृ तथा नवजात शिशुको मृत्युदरमा ५० प्रतिशत कटौति भएको हुने |
| ४ | महिला स्वयंसेविका कार्यक्रम | समुदाय स्तरमा स्वास्थ्य शिक्षा र आवश्यक सेवाको पँहुच विस्तार गर्नु | सालवसाली | ७०० | महिला श्वयंसेविकाको संख्या समेत ८५ हुने गरी थप सेवा सुविधा उपलब्ध भएको हुने |
| ५ | सुत्केरी पोषण कोसेली कार्यक्रम | सुत्केरी महिलालाई पोषिलो खाना वितरण गर्ने | सालवसाली | ६९३ | नवजात वच्चालाई कुपोषणवाट जोगाउनुका साथै सुत्केरी आमालाई स्वस्थयमा सुधार आएको हुनेछ |
| ६ | स्वास्थ्य सम्वद्ध अन्य कार्यक्रम | स्वास्थ्य सम्वद्ध कार्यक्रमहरू सहज व्यवस्थापन गर्नु | सालवसाली | ७०४६ | नियमित स्वास्थ्य कार्यक्रमहरूको व्यवस्थापन सहित थप पूर्वाधार, लगानी र जनशक्तिको समुचित व्यवस्थापन भएको हुन |
| | जम्मा | | | १६,७३८ | |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

आधारभूत, विशेषज्ञ तथा आकस्मिक सेवा सम्बन्धी पूर्वाधारको विकास, प्राचिन र आधुनिक चिकित्सा प्रणालीको प्रयोग र संरक्षण, सरकठारका नीति र नाटगरिकको सचेतना विस्तार, प्रजनन स्वास्थ-सुरक्षित गर्भपतन सम्बन्धी सेवाको विस्तार, नाक, कान, घाँटी तथा मुटु, मृगौला लगायतका संवेदनशील अंगको सहज शल्यक्रियाको व्यवस्था, महिला तथा किशोरी शिक्षाको प्रचार-प्रसार, पोषण तथा खाद्य सुरक्षा लगायतका कार्यक्रममा विशेष ध्यान पुर्‍याउन सकिएमा गुणस्तरीय स्वास्थ

सेवा सुनिश्चित गर्न सकिन्छ। अपर्याप्त श्रोतसाधन र आवश्यक दक्ष जनशक्तिको अभावमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ४.३ खानेपानी तथा सरसफाई

### ४.३.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकालाई स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर निर्धारण, वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण र नियमन; सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको संकलन र व्यवस्थापन, फोहोरको पुन:उपयोग, प्रशोधन, विसर्जन र सो सेवाको शुल्क निर्धारण र नियमन, निष्कासित फोहरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारि क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी गर्ने लगायतको अधिकार प्रदान गरेको छ। साथै खानेपानीको सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको र अन्तर्राष्ट्रिय रूपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाई सम्बन्धी स्पष्ट लक्ष्यहरू निर्धारण गरेको छ।

### ४.३.२ समस्या तथा चुनौती

दिगो विकास लक्ष्य नम्बर ६ ले सबैका लागि सरसफाई तथा खानेपानीको उपलब्धता र दिगो व्यवस्थापनको प्रत्याभूति गर्ने कुरा उल्लेख गरेको छ तर खानेपानीको अवस्थालाई हेर्दा पानीको शुद्धिकरण, रासायनिक तथा जैविक जाँच गरी प्रारम्भिक स्वच्छताको सुनिश्चितता गर्न सकिएको छैन। आधारभूत तहको खानेपानीको सुविधा ३० प्रतिशत घरमा पुगेको भएतापनि खानेपानीको गुणस्तर सुनिश्चित गर्नुपर्ने आवश्यकता कायमै रहेको छ। वडा नं. १,४ मा खानेपानीको विशेष समस्या रहेको छ॥ पानीको मुहान कम हुनमा, जलवायु परिवर्तन, मानवीय क्रियाकलाप, पानीको पुर्नभरण, पोखरीहरु मासिनु, जनसंख्या वृद्धि आदिका कारण खानेपानीको आभाव दिनहुँ बढ्दै गएको छ।

गाउँपालिकाको बजेट तथा कार्यक्रमको प्राथमिकता सडक, सिंचाई जस्तै खानेपानी तथा सरसफाइ पनि हुने गरेको छ। जनस्तरमा सरसफाई सम्बन्धी सचेतनाको कमीका कारण शहरी क्षेत्रको स्वच्छता कायम राख्न कठिन भएको छ।

### ४.३.३ सोंच

"स्वच्छ र गुणस्तरीय खानेपानी, व्यवस्थित वितरण प्रणाली"

### ४.३.४ उद्देश्य

- प्रत्येक घरधुरिमा स्वच्छ र पर्याप्त खानेपानीको पँहुच स्थापित गर्नु।
- नियमित रूपमा सरसफाई (व्यक्तिगत, पारिवारिक र सामुदायिक) सम्ववन्धि जनचेतना अभिवृद्धि गर्नु
- फोहोरलाई स्रोतमै वर्गीकरण गर्नुका साथै उचित स्थनामा व्यवस्थापन गर्नु।

### ४.३.५ रणनीति

- एक घर एक धारा अवधारणा अनुसार स्वच्छ खानेपानीको उपलब्ध गराउनु।
- सवै घरमा पक्कि शौचालयको व्यवस्था गर्नुका साथै नियमित सरसफाईको अभ्यास वढाउने।
- घर र समुदाय स्तरमा नै व्यवस्थापन गर्न सकिने प्रकृतिको फोहोरलाई सोहि आधारमा व्यवस्थापन गर्ने/गराउने।

### ४.३.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ५० | ६० | ६५ | ७५ | ८० |
| सुचारु खानेपानी आयोजना | संख्या | १२० | १५० | १८० | १९० | २०० |
| निर्माणाधिन खानेपानी आयोजना | संख्या | ३५ | ५० | ६० | ७० | ९० |
| एक घर एक धारा भएका घरपरिवार | संख्या | ७०० | ९०० | १२०० | १५०० | १८०० |
| सुरक्षित खानेपानी घरपरिवार | संख्या | १०० | २०० | २५० | ४०० | ६०० |
| सार्वजनिक शौचालय | संख्या | ० | ० | ० | १ | २ |
| शौचालय भएका परिवार | संख्या | २९०० | ३१०० | ३१५० | ३२०० | ३२५० |
| शौचालय नभएका परिवार | संख्या | ३० | ५० | ४० | ३० | २० |
| गाउँपालिकाबाट नियमित फोहर संकलन हुने घरपरिवार | संख्या | ६० | ९० | १२० | १५० | १६० |
| खानेपानी सुद्धता परीक्षण भएका आयोजना | संख्या | ० | ० | २० | ३० | ५० |
| सरसफाई सम्बन्धी जनशक्ति तालिम | संख्या | १ | २ | १० | २५ | ५० |
| खानेपानी स्रोतको संरक्षण र सरसफाई | प्रतिशत | ५ | १० | २० | ३० | ६० |

## ४.३.७ विषय क्षेत्रनत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी तथा सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छः

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५२१०० | १०४२० | ४१६८० | ० | ० | ५२१०० | ० | ० |
| २०८१/८२ | ५७३१० | ११४६२ | ४५८४८ | ० | ० | ५७३१० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३ | ६३०४१ | १२६०८ | ५०४३३ | ० | ० | ६३०४१ | ० | ० |

## ४.३.८ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको खानेपानी तथा सरसफाई उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | दार्माकोट लिफ्ट खानेपानी आयोजना | लिफ्टि प्रविधिद्वारा वडा नं १. नागरिकलाई खानेपानी उपलब्ध गराउनु | २०८०/०८१ देखि २०८१/०८२ | ५००० | २०० घरघुरीले खानेपानी प्राप्त गर्नेछन् |
| २ | खानेपानी उपभोक्ता समितिलाई तालिम,छलफल तथा अर्न्तक्रिया तथा परिचालन | उपभोक्ता समतिलाई खोपानी तथा सरसफाईको वारेमा जानकारी गराउने | २०८०/०८१ | ९२७ | उपभोक्ता समति खानेपानीको महत्व वुझेका हुनेछन् । |
| ३ | खरिद प्रक्रिया सम्वन्धि तालिम तथा लिफ्ट खानेपानी मोटर खरिद | उपभोक्ता समितिलाई खरिद प्रक्रियाका वारेमा जानकारी गराउनका साथै लिफ्ट खानेपानीको मोटर खरिद गर्ने | २०८०/०८१ | ७०० | उपभोक्ता समितिलाई खरिद प्रक्रियाका वारेमा जानकार हुनेछन् । |
| ४ | मर्यादित महिनावरी, खोपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धि कार्यक्रम तथा दिवस | महिनावारी, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धि जनचेतना फैलाउने | २०८०/०८१ | १६८ | नागरिकहरु महिनावारी, खानेपानी, सरसफाइ तथा स्वच्छताको महत्वका वारेमा जानकार हुनेछन् । |
| ५ | वास मार्ट स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन | निजी क्षेत्रलाई वासमा सहभागी गराउने | २०८०/०८१ | ४५ | वास क्षेत्रमा निजी क्षेत्र सहभागी भएको हुनेछ |
| ६ | विद्यालय शौचालय निर्माण | विद्यालयमा स्वच्छता प्रवर्द्धन गर्ने | २०८०/०८१ | १४०५ | विद्यालयमा सरसफाई तथा स्वच्छता प्रवर्द्धन भएको हुनेछ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | मुख्य मर्मत संभार सम्पूर्ण वडा तथा मर्मत संभार कार्यकर्तासँग वैठक | खानेपानीका योजनाहरुको मर्मत संभार गर्ने | सालवसाली | १९०५ | आवश्यक खानेपानीका योजनाहरुको मर्मत संभार भएको हुनेछ |
| ८ | SUSUWA सँगका साझेदारी आयोजना | खानेपानी सुविधा उपलब्ध गराउनु | सालवसाली | ३६६०० | पालिकामा स्वच्छ पानीका व्यवस्था हुनेछ |
| | जम्मा | | | ४६७५० | |

### ४.३.९ जोखिम तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएको हुनेछ । जलवायु परिवर्तनबाट खानेपानीको स्रोत पर्ने नकारात्मक प्रभाव, आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन व्यवस्थित बसोबास, तरल तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ४.४ युवा तथा खेलकुद

### ४.४.१ पृष्ठभूमि

सक्षम, स्वस्थ, प्रविधिमैत्री र  सृजनशील युवा समकालीन नेपाली समुदायको परिचय हो। परिबर्तन र विकासको संवाहक युवा जनशक्ति हो । राष्ट्रिय विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरि युवा को सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनुपर्दछ। बजारको माग अनुरुप शिक्षा प्रविधि क्षमता विकासका अवसर उपलब्ध गराउन नसक्दा युवा बरालिने र कुलतको दलदलमा भासिएका छन् । आफ्नै मुलुक तथा गाउँठाउँमा शिक्षा स्वास्थ्य प्रविधि र रोजगारीका अवसरको न्यूनताले एकातिर राज्यले युवाबाट लाभ लिन सकिरहेको छैन भने अर्कोतर्फ अवसरको खोजिमा युवा विश्व बजारमा प्रतिस्पर्धी हुन नसक्दा सस्तो श्रममा जोखिमयुक्त काम गर्न बाध्य भएको छ ।

उत्पादन र उत्पादकत्व बढाउने पूँजीको रूपमा रहेका युवाको विदेश पलायन रोक्दै गाउँपालिकाको विकासको हरेक क्षेत्रमा युवाको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवालाई मूल प्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवा बाट गाउँपालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु आवश्यक देखिन्छ । पुस्ता हस्तान्तरणमा देखिएको अस्वभाविक संस्कार परिवर्तन गर्ने हरेक क्षेत्रमा युवा सहभागितालाई प्रोत्साहित गर्ने, आविष्कार, सृजनाका लागि उल्लेख्य रूपमा प्रोत्साहन कोष तथा कार्यक्रम बनाउनु युवा र मुलुक सबैको हित र समृद्धिको आधार हुने देखिन्छ ।

### ४.४.२ समस्या र चुनौती

युवामा अनुशासन, नैतिकता, धैर्यताता जस्ता गुण र क्षमताको विकास गर्नु, युवा प्रतिभा तथा जनशक्ति पलायन रोक्नु, युवामा वैदेशिक रोजगारीको मोह कम नहुनु, स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना गराउनु, युवा क्लबहरुसँग साझेदारीमा सामुदायिक विकास कृयाकलाप संचालन गर्नु, खेलकुद पूर्वाधारको निर्माण गर्नु, व्यावसायिक खेलकुदको विकास गर्नु, खेलकुद प्रतियोगिताको लागि आर्थिक तथा व्यवस्थापकिय पक्षमा सुधार गर्नु जस्ता समस्या र चुनौती विद्यमान रहेका छन् ।

## ४.४.३ सोंच

"स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"

## ४.४.४ उद्देश्य

- सबै युवालाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी वनाउनु ।
- गाउँपालिकाको आर्थिक विकास र समृद्धिमा उपलब्ध युवा शक्तिको महत्तम उपयोग गर्नु ।
- खेल तथा सामाजिक सांस्कृतिक क्षेत्रमा सहभागिता बढाउँदै युवा प्रतिभा आर्थिक सामाजिक प्रविधिको विकासमा लगाउनु ।

## ४.४.५ रणनीति

- युवालाई विकास एवं समृद्धि प्रति जिम्मेवार, कर्तव्य बोध, चरित्रवानर नैतिकवान् बनाउन युवा नीति नियम बनाई कार्यान्वयन गर्ने ।
- युवालाई उद्यम व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने ।
- सीपमूलक, व्यवसायिक तथा प्राविधिक शिक्षाका लागि प्राविधिक शिक्षालय स्थापना एवं शैक्षिक कार्यक्रम सञ्चालन गर्ने
- व्यापार व्यवसाय सञ्चालन व्यवस्थापनका लागि इच्छुक युवाले सर्वसुलभरुपमा न्यूनतम ब्याजदरमा ऋण प्राप्त गर्न सक्ने व्यवस्थाका लागि बैंक तथा वित्तीय संस्था सँग साझेदारी गर्ने
- गाउँपालिका भित्रै अवसरको सिर्जना गरि बैदेशिक रोजगारीमा जान चाहने युवालाई निरुत्साहित गर्ने साथै कारणबस बैदेशिक रो जगारीमा जान चाहने लागि सीप विकास सुरक्षित बैदेशिक रोजगारी तालिम सञ्चालन गर्ने ।
- युवा स्वयंसेवक, स्वरोजगारर उद्यम सञ्चालन गर्न सहुलियत कर्जाको उपलब्धता ।
- युवा नेतृत्व विकास र अध्ययन अनुसन्धानमा सहभागिता ।
- युवामा सकारात्मक सोंच विकासको अभियान सञ्चालन
- युवामा व्याप्त लागू पदार्थ दुर्व्यसनी रोक्न सचेतना तथा उद्धार कार्यक्रम सञ्चालन गर्ने
- आर्थिक विकास कार्यक्रमसँग आवद्ध गरि वर्तमान निर्वाह मुखी कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै आधुनिक एवं व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्ने तथा युवायुवतीबाट प्रवर्दधित उद्योग, व्यापार तथा व्यवसायको विकास, विस्तार र प्रवर्द्धनका लागि विशेष बजार सञ्जालको व्यवस्थापन गर्ने
- व्यवसायिक शिक्षामा आधारित सामुदायिक युवा पुस्तकालय तथा युवा सूचना केन्द्र स्थापना गरि सञ्चालन गर्ने
- युवा व्यायम शाला स्थापना, खेलकुद मैदान निर्माण र खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।
- खेलकुद विकास कार्यक्रमसँग आवद्धगरि खेलकुद तथा अतिरिक्त कृयाकलाप कार्यक्रम सञ्चालन गर्ने ।
- युवा प्रतिभा पुरस्कारको स्थापना गरि आर्थिक विकास र समृद्धि निर्माण साथै खेलकुद विकास र विस्तारमा संलग्न तथा सहयोग पुऱ्याउने युवायुवतीलाई प्रतिभा पुरस्कारबाट सम्मानित गर्ने।
- आजको युवा प्रविधिमैत्री पुस्ता (I generation, innovative, internet, isoatated, intellectual, social cultural Indifferent) भएकोले सूचना प्रविधिको उपलब्धता र गुणस्तर विकास गरी सेवा उद्यमशीलताको प्रवर्द्धन गर्ने।

## ४.४.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात | प्रतिशत | ५० | ६० | ५५ | ५० | ४५ |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्क (वार्षिक) | संख्या | २०० | ३०० | ३५० | ४०० | ५०० |
| सक्रिय युवा परिषद तथा युवा संजाल | संख्या | ७ | १० | १२ | १५ | १५ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | २०० | ३०० | ४५० | ५०० | ७०० |
| आयोजना हुने खेलकुद प्रतियोगिता बार्षिक | पटक | १ | २ | २ | ३ | ४ |
| कभर्ड हल | संख्या | ० | १ | १ | १ | १ |
| स्थानीय स्तरको खेलकुद मैदान | संख्या | २ | २ | २ | ३ | ३ |

## ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३७०० | १११० | २५९० | ० | ० | ३२५८ | ० | ० |
| २०८१/८२ | ४०७० | १२२१ | २८४९ | ० | ० | ३५८४ | ० | ० |
| २०८२/८३ | ४४७६ | १३४३ | ३१३३ | ० | ० | ३९४१ | ० | ० |

## ४.४.८ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको युवा तथा खेलकुद उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु.हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | खेलकुद विकास, प्रवर्द्धन तथा पूर्वाधार निर्माण कार्यक्रम (राष्ट्रपति रनिङ | खेलकुद क्षेत्रमा लगानी गरी राष्ट्रिय अन्तराष्ट्रिय स्तरको खेलाडी निर्माण गन | सालबसाली | ३००० | खेलकुद प्रतियोगीता संचालन हुनुका साथै पुर्वाधार निर्माण गर्नु । |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिल्ड, सहिद स्मृति कप,खेल प्रशिक्षण,स्काउट गठन तथा परिचालन,विविध खर्च आदि) | | | | |
| २ | युवा क्लव गठन तथा नमुना संसद अभ्यास कार्यक्रम | युवालाई संगठित गर्नुका साथै संसदयी अभ्यास सिकाउने | ०८१/०८२ | ४५० | युवाहरु संगठित हुनुका साथै संसदीय प्रक्रियाका वारेमा जानकार हुनेछन् । |
| ३ | युवामैत्रि स्थानीय शासनका लागी युवाका मुद्दमा वहस पैरवी कार्यक्रम | युवाको क्षमता अभिवृद्धि गरि स्थानीय शासनलाई युवामैत्रि वनाउने | ०८१/०८२ | २५० | गुवाहरुको वहस क्षमतामा वृद्धि भई स्थानीय शासनलाई युवामैत्रि हुनेछ । |
| | जम्मा | | | ३७०० | |

### ४.४.९ जोखिम तथा अनुमान पक्ष

गाउँपालिकामा बसोबास गर्ने युवाको अवस्था पहिचान गरी आवश्यकता सम्बोधन गर्ने विशिष्ट र सामान्य प्रकृतिका कार्यक्रम तर्जुमा, नवप्रवर्तनकारी सोच, व्यवसायीक खोच, कर्म गर्ने जोस र जागरणयुक्त युवालाई सहि मार्ग निर्देशन, आर्थिक-प्राविधिक सहयोग र अनुकरणीय कार्यलाई पहिचान गर्न सकेमा सम्पूर्ण युवाशक्ति विकासका संवाहक बन्न सक्छन् । वडा, पालिका, प्रदेश र राष्ट्रियस्तरका खेलमा पालिकाबाट प्रतिनिधित्व, परम्परागत मनोरञ्जनका माध्यमको संस्थागत संरक्षण भई स्वस्थ र समुन्नत गाउँको विकास भएको हुनेछ । युवा तथा खेलकुद लक्षित नीति/कार्यक्रम तर्जुमा गर्न नसकेमा सामाजिक सद्भाव स्खलन, हिंसा बढोत्तरी, विकासमा अवरोध हुन पुगी समाज अधोन्नतिको मार्गमा जाने जोखिम रहन्छ ।

## ४.५ महिला, बालबालिका र सामाजिक समावेशीकरण

### ४.५.१ पृष्ठभूमि

दार्मा गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक समावेशी र न्यायोचित वातावरण तयार गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिइरहेको छ । सामाजिक समावेशीकरण र लक्षित वर्गको हितका सम्बन्धमा लक्षित समुह विकास कार्यक्रम संचालन हुनुले यस क्षेत्रमा लक्षित वर्गमा अधिकार र अवसरका सम्बन्धमा चेतनाको बृद्धिहुँदै गएको छ। न्यायिक समितिको क्रियाशीलता, ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई परिचय पत्र, अपाङ्गता परिचय पत्र कार्यविधि तर्जुमा जस्ता पहलहरुले समेत लक्षितवर्गको हितका निमित्त सकारात्मक कार्य हुँदै आईरहेको छ । बालबालिकाको क्षमता वृद्धि,महिलाको सिप श्रम र श्रृजनालाई विकास प्रकृयामा लगाई अधिकतम् लाभ लिन दार्मा गाउँपालिकाले आवश्यक सासकिय प्रवन्ध मिलाउने छ ।

### ४.५.२ समस्या तथा चुनौती

समानता तथा समाजिक समावेशीकरणको सम्बन्धमा भएका कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा देखिएका जटिलता, सिमान्तकृत, जनजाती लगायत समाजमा देखिएका सामाजिक कुरिति, जातिय, लैङ्गिक, भाषिक, धार्मिक, विभेद

अन्त्य गर्ने कार्य व्यवहारीक रूपमा पूर्ण कार्यान्वयन नहुनु, महिलामाथि हुने विभेद तथा हिंसाजन्य घटनाहरू बढ्नु, परम्परागत सामाजिक संरचनालाई विस्थापन गर्न नसक्नु, यौनजन्य हिंसा विद्यमान हुनु, महिलाको भुमिका औपचारिकमा कम र घरायसी काममा बढी केन्द्रित हुनु, महिला लक्षित कार्यक्रमको कमी, महिला, अपाङ्गता तथा वाल मैत्री पूर्वाधारको कमी लगायतका विषयहरू गाउँपलिकाको प्रमुख समस्याहरू हुन् । राज्यका सबै तह र निकायहरूमा समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहिकरण गर्न ज्ञान, दक्षता र क्षमता भएका जनशक्तिको उचित व्यवस्थापन गर्नु, अन्तर निकाय र समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु यसक्षेत्रका प्रमुख चुनौती हुन् ।

### ४.५.३ सोंच

"विभेदरहित र समतामूलक समाजको निर्माण"

### ४.५.४ उद्देश्य

- महिला, बालबालिका, दलित, अपाङ्गता भएका, ज्येष्ठ नागरिक,सहिद परिवार, घाइते, तथा द्वन्द पीडित एवम् अन्य सीमान्तीकृत समुदायका लागि जीवनोपयोगी सीप र आय आर्जनका आधार/अवसरहरू उपलब्ध गराउने ।
- जातीय भेदभाव तथा छुवाछुत, लैङ्गिक विभेद, बालविवाह, घरेलु हिंसा तथा कुप्रथा अन्त्य गरी आत्मसम्मान र न्यायपूर्ण समाज सिर्जना गर्ने ।
- गाउँपालिकामा गठन हुने विभिन्न समिति, उपसमित, संयन्त्र तथा रोजगारीका अवसरमा सामाजिक समावेशीकरणको सिद्धान्त स्थापित गर्ने ।

### ४.५.५ रणनीति

- अपाङ्ग, महिला, दलित, जनजाती लगायत विपन्न वर्गलाई उद्यम व्यवसायमा आकर्षित गर्ने । महिला, अपाङ्गता भएका, दलित, लोपोन्मुख, आदिवासीहरूका लागि गुणस्तरीय, व्यावसायिक सीपमूलक र जीवनपयोगी तालिमको सुनिश्चितता गर्ने ।
- जेष्ठ नागरिक/अपाङ्ग/गरिब/असहाय/विपन्न/आर्थिक अवस्था कमजोर भएका समुदायलाई नगरपालिकाले प्रदान गर्ने सेवा सुविधामा समतामूलक नीति अवलम्बन गर्ने
- लक्षित वर्गको आर्थिक अवस्थामा सुधार गर्न सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने
- गर्भवती तथा सुत्केरी महिलाहरूको पोषणमा सुधार गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने
- आर्थिक अवस्था कमजोर भएका दलित, एकल महिला, जनजाति र राज्यले तोकेका अन्य विपन्न वर्गहरूलाई आयआर्जन गरी आत्मनिर्भर हुन आवश्यक सहयोग गर्ने
- अब निर्माण हुने सबै प्रकारका सार्वजनिक तथा ठूला व्यापारिक भवन तथा सार्वजनिक स्थलहरू महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपाङ्गतामैत्री सुनिश्चित हुने गरी नीति निर्माण गरिने ।
- समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति निर्माण सहित कार्यान्वयनमा जाने

### ४.५.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| वार्षिक रूपमा घरेलु हिंसाअन्तर्गत गाउँपालिकामा दर्ता भएका मुद्दा | संख्या | १७ | २५ | २० | १५ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वालविवाह भएका १८ वर्ष मुनिका वालवालिका | जना | ४२ | ५० | ४० | ३० | २० |
| गाउँसभामा महिला सहभागिता | प्रतिशत | १४ | १४ | १४ | १४ | १४ |
| कार्यपालिकामा महिला सहभागिता | संख्या | ३ | ३ | ३ | ३ | ३ |
| व्यवस्थापकीय पदहरूमा महिलाको अनुपात | अनुपात | ३० | ३५ | ४० | ५० | ६० |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ५५ |
| जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएका घरपरिवार | प्रतिशत | १५ | २० | २५ | ३० | ४० |
| लक्षित तथा पिछडिएका वर्गलाई क्षमता विकास तालिम | संख्या | ० | ० | ७ | १२ | १५ |
| वैंक खाता भएका महिला | प्रतिशत | ४० | ५५ | ६० | ६५ | ७० |
| महिला साक्षरता | प्रतिशत | ६५ | ७५ | ८० | ८५ | ९० |
| महिला तथा जेष्ठ नागरिक लक्षित स्वास्थ्य घुम्ति सेवा | संख्या | ० | ० | ५ | ८ | १२ |
| कुनै पनि प्रकारको अंपागता हुने जनसंख्या | संख्या | ८ | १० | ८ | ५ | २ |
| अपाङ्ग व्यक्तिको क्षमता विकास र रोजगारी समवन्धि तालिम | संख्या | ० | ० | ३० | ४० | ५० |
| वाल क्लव | संख्या | १० | १५ | २० | २५ | ३० |

## ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा  महिला, बालबालिका र सामाजिक समवेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ : ्

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | ८०० | ७२० | ८० | ० | ० | ३५८ | ४४२ | ० |
| २०८१/८२ | ८८० | ७९२ | ८८ | ० | ० | ३९४ | ४८६ | ० |
| २०८२/८३ | ९६८ | ८७१ | ९७ | ० | ० | ४३३ | ५३५ | ० |

## ४.५.८ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु.हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | लैगिक हिसां घरेलु हिसा वालविवाह न्युनिकरण सम्वन्धी सचेतना मुलक कार्यक्रम वडा टोल तथा विद्यालयस्तरीय | लैगिक तथा घरेलु हिसाँ तथा वालविवाह न्युनिकरण | सालवसाली | १०० | टोल छिमेकतथा समुदायमा हुने विभिन्न प्रकारका हिंसामा कमी आएको तथा वालविवाह गर्नेको संख्या घटेको हुन |
| २ | दिवसीय कार्यक्रम<br>-नारी दिवस ,<br>-लैगिक हिसां विरुद्को १६ दने अभियान<br>-२१ मार्च<br>-२१ ज्येष्ठ | समाजमा रहेका विभिन्न कुरिति कुप्रथाहरुलाइ कमी गर्न दिवस मार्फत सन्देश प्रवाह गर्ने | सालवसाली | १५० | महिला, वालवालिका तथा दलित समुदायको सशक्तिकरणमा टेवा पुग्ने |
| ३ | जेष्ठ नागगरिक लक्षित स्वास्थ्य धुम्ति सेवा सुगर, प्रेसर,कोलेटोंल सम्वन्धी | जेष्ठ नागरिकको स्वास्थ्य स्थितिमा सुधार गने | सालवसाली | ५० | दार्मा गा.पा भित्र रहेका जेष्ठ नागरिकले स्वास्थ्य सेवा लिएका हुनेछन |
| ४ | अपाङ्गता भएका व्यक्तिहरु र सरोकारवालाविच समावेशी विकास कार्यक्रम | अपाङ्गता भएका व्यक्ति्तहरुको मनोवल वढाउने तथा आत्मनिर्भर गराउने | सालवसाली | १०० | अपाङ्गताको सवालका वारेमा सरोकारवालालाई जानकारी हुनका साथै आवश्यक नीति निर्माणमा तर्जुमा भएको हुनेछ |
| ५ | जनजातीहरुको आयआर्जनामा सुधार ल्याउन सिपमुलक तथा | जनजाती समुदायको आयस्तर बढाउन | सालवसाली | १०० | जनजातीहरु आर्थिक रुपमा आत्मनिर्भर भएका हुनेछन् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यावसायीमुलक कार्यक्रम तथा वितरणमुखि कार्यक्रम | | | | |
| ६ | दलित समुदायको क्षमता विकास कार्यक्रम | दलित समुदायको क्षमता वृद्धि गर्ने | सालबसाली | २०० | दलित समुदाय जातीय विभेद तथा छुवाछुत समवन्धी कानुनी प्रावधानका वारेमा जानकार हुनेछन् । |
| ७ | सहिद परिवार सम्मान कार्यक्रम | सहिद परिवारको मनोबल उच्च बनाउने | सालवसाली | १०० | मनोबल उच्च भएको हुनेछ |
| | **जम्मा** | | | **८००** | |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

पर्याप्त बजेटको व्यवस्था, जनचेतनामुलक कार्यक्रमको संचालन र महिला सहभागिताका लागि उनिहरुलाई सशक्तिकरण जस्ता कार्यक्रम संचालन हुनेछन। यससँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

## ४.६ सामाजिक सुरक्षा तथा पञ्जीकरण

### ४.६.१ पृष्ठभूमि

मानिस सामान्य अवस्थामा बाहेक जेष्ठ, असक्त वा अन्य कारणले आधारभूत मानवीय आवश्यकताबाट बन्चित हुने अवस्था भएमा ती प्रकारका आवश्यकताहरू पूरा हुने सुनिश्चितता हुनु नै सामाजिक सुरक्षा हो। सामाजिक सुरक्षा अन्तर्गत नेपाल सरकारले समेत सुरक्षा भत्तामार्फत जेष्ठ, असक्त वा अन्य कारणले आधारभूत मानवीय आवश्यकताबाट बन्चित हुने नागरिकहरूलाई नगद उपलव्ध गराउने कार्य गरिरहेको छ। लाभग्राहीले यस्तो भत्ता रकम बुझ्केकोमा कुनै पनि दायित्व बहन गर्नु नपर्ने भएकाले यो निःशर्त अनुदानको रूपमा रहेको हुन्छ। यस किसिमबाट प्रदान गरिँदै आएको सामाजिक सुरक्षा भत्ता देशैभरिका विभिन्न वर्गका लाभग्राही समूहहरूलाई धनी-गरीब, विशेष क्षेत्र आदिमा लक्षित नगरी समान रूपमा लागु भएको छ। त्यसैगरी नगरपालिकाले समेत आधारभूत आवश्यकताबाट बञ्चित हुने प्रकृतिका उच्च जोखिममा रहेका बालवालिका, गरिब लक्षित, अपाङ्ग, लोपोन्मुख लगायतलाई प्रत्यक्ष लाभान्वित हुने गरी आवश्यक कार्यक्रम सञ्चालन गर्नु आवश्यक हुन्छ। राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिका महत्वपूर्ण व्यक्तिगत घटनाहरूलाई आधिकारिक रूपमा रेकर्ड राख्नु र त्यो कार्यका लागि घटनादर्ताको सर्वमान्य सिद्धान्तअनुसार यसलाई स्थायी, अविच्छिन्न तथा अनिवार्य कार्यको रूपमा निरन्तरता दिनुपर्ने हुन्छ। तसर्थ जन्म, मृत्यु, विवाह, बसाईंसराई र सम्बन्धविच्छेद गरी पाँच किसिमका घटनाहरूलाई दर्ता गर्ने आधिकारीक रूपमा नगरपालिकाले गर्नुपर्ने हुनाले त्यसका लागि आवश्यक रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरणसम्बन्धी कार्यहरू सँगसँगै गर्नुपर्दछ।

### ४.६.२ समस्या तथा चुनौती

लाभग्राही व्यक्तिको सचेतना र जानकारीवाट बञ्चित भई सुविधाबाट विमुख हुने एवं अति आवश्यक परेपछि मात्र जन्म, मृत्यु, विवाह, बसाईंसराई र सम्बन्धविच्छेदका घटनादर्ता गर्ने परिपाटिले यर्थाथ विवरण अभिलेखनमा समस्या भैरहेको देखिन्छ। निरक्षर लाभग्राही व्यक्तिलाई समेत बैंकिङ्ग प्रणालीबाट भुक्तानि भैरहेको सामाजिक सुरक्षा भत्तालाई आवश्यक सहजीकरण गरी प्रभावकारी वितरणको व्यवस्थापन गर्नु चुनौती रहेको छ।

### ४.६.३ सोंच

"आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण"

### ४.६.४ उद्देश्य

१.सवै प्रकारका आधारभूत हक एवं आवश्यकताबाट बञ्चित नागरिकहरूलाई सामाजिक सुरक्षाको समुचित व्यवस्थापन गर्नु ।
२. समयमा नै सवै प्रकारका घटनादर्ता गरी विवरण अद्यावधिक गर्नु ।

### ४.६.५ रणनीति

१. आधारभूत आवश्यकताबाट बञ्चित उच्च जोखिममा रहेका नागरिकको सम्मान र संरक्षण गर्ने ।
२. घटनादर्ता प्रक्रियालाई सरल, सहज र प्रभावकारी बनाउने ।

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| लक्षित वर्गका सुमदायहरूको सामाजिक सुरक्षामा आवद्ध अनुपात | प्रतिशत | ८५ | ९० | ९५ | १०० | १०० |
| तोकिएको समय ३५ दिन भित्र नै घटना दर्ता र पञ्जिकरण गर्ने | प्रतिशत | ७५ | ८० | ९५ | १०० | १०० |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सामाजिक सुरक्षा तथा पञ्जीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५२८० | १५८४ | ३६९६ | ० | ० | ५२८० | ० | ० |
| २०८१/८२ | ५८०८ | १७४२ | ४०६६ | ० | ० | ५८०८ | ० | ० |
| २०८२/८३ | ६३८९ | १९१७ | ४४७२ | ० | ० | ६३८९ | ० | ० |

## ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सामाजिक सुरक्षा तथा पञ्जीकरण उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स. | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत ( रु.हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सचेतना कार्यक्रम | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताका सम्वन्धमा जनचेतना वृद्धि गर्नु | सालवसाली | ५०० | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना सम्वन्धमा, पटक अभिमुखीकरण, कार्यक्रम व्यवस्थापन भएको हुने |
| | जम्मा | | | ५०० | |

## ४.६.९ जोखिम तथा अनुमान

सामाजिक सुरक्षा कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

# परिच्छेद-५: भौतिक पूर्वाधार

## ५.१ आवास, भवन तथा बस्ती विकास

### ५.१.१ पृष्ठभूमि

व्यवस्थित र सुरक्षित आवास समृद्ध गाउँपालिका विकासको आधारशिला हो । नेपालको संविधानले अव्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, वातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ। भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका घरपरिवारलाई सुविधा सम्पन्न, वातावरणमैत्री आवासको व्यवस्थापन र विपन्न तथा शहरी क्षेत्रमा अनधिकृत तथा अव्यवस्थितरुपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकता राखी गाउँपालिकाले कार्य गर्नुपर्ने देखिन्छ। सामाजिक तथा आर्थिक विकासको लागि भवन निर्माण क्षेत्रको महत्वपूर्ण योगदान रहेको हुन्छ। विपदबाट जोगिन तथा स्वस्थ जीवनका निमित्त सुरक्षित एवं भौगोलिक अवस्थिति अनुकूलको भवन निर्माण तथा उपयोग सबै नागरिकको संवैधानिक अधिकारको रूपमा रहेको छ। गाउँपालिका भित्र भवन निर्माणलाई सुरक्षित बनाउन भवन संहिताको पालनालाई प्रभावकारी बनाउँदै लैजान नीतिगत, कार्यक्रमगत तथा जनचेतनामूलक कार्यक्रम संचालनमा जोड दिनु पर्ने देखिन्छ।

### ५.१.२ समस्या तथा चुनौती

आवासको निर्माण गर्दा परम्परागत तरिकाले निर्माण गर्नु, प्राविधिकको परामर्श नलिनु, निर्माण सामाग्री कम गुणस्तर र खर्चिलो हुनु, सुरक्षित,स्वास्थ्य र सुविधायुक्त आवास नहुनु, , भू-उपयोग नीतिलाई कार्यान्वयन गर्न नसकिनु, गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरित आवास निर्माण हुनु तथा मापदण्ड अनुसार भएको वा नभएको अनुगमन गर्ने कार्य प्रभावकारी नहुनु जस्ता समस्या र चुनौती रहेका छन्।

### ५.१.३ सोंच

"भूउपयोग योजना सहितको पूर्वाधार, गाउँवासीको जीवनस्तरमा सुधार"

### ५.१.५ उद्देश्य

- सुरक्षित बस्ती विकासका लागि आधारभूत पूर्वाधारको निर्माण गर्नु
- स्थानीय स्रोत तथा साधनको समुचित उपयोग गर्दै दिगो बस्ती विकास गर्नु
- एकीकृत् आवास तथा बस्ती विकास गरी अनधिकृत, अब्यवस्थित र छरिएर रहेका विपन्न र सीमान्तकृत घर परिवारलाई एकता बद्ध गर्नु।

### ५.१.६ रणनीति

- भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत र परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत वस्ती निर्माण गरी स्थानान्तरण गर्ने
- स्थानीय स्रोतकारूपमा रहेका काठ, ढुँङ्गा, बालुवा, गिटीको संरक्षणर उपयोग गर्ने।
- लोकमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गर्ने।
- कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गर्ने
- पुनर्निर्माण हुन बाँकी रहेका निजी आवास, सार्वजनिक भवन, विद्यालय र स्वास्थ संस्था पुनर्निर्माणका लागि संघ तथा प्रदेश सरकार र पुनर्निर्माण प्राधिकरणसंग समन्वय गरी सम्पन्न गर्ने।

## ३.१.७ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| न्युनतम आवश्यक पूर्वाधार सुविधा भएका घरधुरी | प्रतिशत | १७ | २० | ३५ | ५० | ६० |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ७ | १२ | १५ | २५ | ३२ |
| गरिब बस्तीहरू र अवैध जमिनमा बसोबास गर्ने जनसंख्या | संख्या | ५० | ४५ | ५० | ४५ | ४० |
| मुख्य बजार र शहरी वस्ति क्षेत्रमा ढल निकास व्यवस्थापन भएको क्षेत्र | प्रतिशत | २० | ३० | ४० | ४५ | ५० |
| सार्वजनिक यातायातको उपलब्धता | प्रतिशत | १० | २० | ४० | ५० | ६० |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ६० | ८० | ९० | ९५ | १०० |

## ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास, भवन तथा वस्ती विकास, उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ११४०० | ११४० | १०२६० | ० | ० | ९१९० | २२१० | ० |
| २०८१/८२ | १२५४० | १२५४ | ११२८६ | ० | ० | १०१०९ | २४३१ | ० |
| २०८२/८३ | १३७९४ | १३७९ | १२४१५ | ० | ० | १११२० | २६७४ | ० |

### ५.१.८ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको खाद्य सुरक्षा तथा पोषण उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु.हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको प्रशाकीय भवन निर्माण | सेवालाई प्रभावकारी बनाउनु | २०७९/८० देखी २०८०/८१ सम्म | ५००० | गाउँपालिकाको सेवा प्रवाह चुस्त हुनुका सकाथै सेवाग्राहिको काम छिटो छरितो रुपमा हुनेछ । |
| २ | वडा नं १ कार्यालयको भवन निर्माण | सेवालाई प्रभावकारी बनाउनु | २०८०/८१ | २५०० | वडा नं १ मा वडा कार्यालयको भवन निर्माण भएको हुनेछ । |
| ३ | सुरक्षित नागरिक आवास कार्यक्रम | विपन्न नागरिकलाई आवास प्रदान गर्ने | सालबसाली | २४०० | विपन्न नागरिकले आवास प्राप्त गरेका हुनेछनु । |
| ४ | वडा कार्यालय घेरवार, प्रतिक्षालय निर्माण तथा मर्मत सम्भार कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु | सालबसाली | १५०० | आवास, भवन तथा शहरी विकास सम्बन्धी मर्मत सम्भार तथा स्तरोन्नती सेवा सुचारु हुनेछ । |
| | जम्मा | | | ११,४०० | |

### ५.१.९ जोखिम तथा अनुमान पक्ष

जोखिमयुक्त क्षेत्रको नक्साङ्कन भई सुरक्षित स्थानमा स्थानान्तरणको योजना तयार भएको हुने, सुरक्षित भवन निर्माण आचारसंहिता कार्यान्वयन हुने, बहुसरोकारवाला निकायको सहभागितामा लक्षित वर्गको लागि सुरक्षित आवास निर्माण हुने, गाउँपालिका भित्र अपाङ्गमैत्री सार्वजनिक र संस्थागत भवन निर्माण हुन सकेमा सुरक्षित आवास र बस्ती निर्माण हुने देखिन्छ । स्थानीय निर्माण सामाग्रीको प्रयोगलाई प्रोत्साहन गर्न नसकेमा, भवन निर्माण सम्बन्धी मौलिकताको संरक्षण र भवन निर्माण आचार संहिता कडाईका साथ कार्यान्वयन हुन नसकेमा सुरक्षित आवास निर्माणको लक्ष्य प्राप्ति चुनौतीपुर्ण हुन्छ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

विकास प्रकृयालाई ठोस गति तथा दिशा प्रदान गर्न सडकको उपलब्धता प्रारम्भिक शर्त हो। सडक विकासले उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुर्याउन उल्लेखनीय योगदान गर्दछ । गाउँपालिकाका सबै वडाहरूमा सडक सञ्जाल पुगेको छ ।

सडक सञ्जाल अन्तर्गत आउने विभिन्न खोलानालाहरूमा पुल निर्माण तथा मर्मतले बाह्रैमासे आवत जावतको प्रत्याभूति गराउँदछ। बाह्रै महिना सुरक्षित तवरबाट सवारीसाधन सञ्चालन गर्न सकिने सडक पूर्वाधार आजको आवश्यकता हो।

गाउँपालिकाले पूर्वाधारको विकासमा ध्यान दिएको भएपनि धेरै जस्तो बाटोहरु ग्रावेल अवस्थामै रहेका छन्। जसले गर्दा वर्षा र गर्मी दुवै समयमा जनताले हिलो र धूलोको सामना गर्नुपरेको अवस्था छ। यसले एकातिर जनस्वास्थ्यमा गम्भीर असर पार्ने देखिन्छ भने अर्कातिर जनताले स्वच्छ वातावरणमा जिउने मौलिक हकको उल्लंघन भएको देखिन्छ। स्थानीय स्तरमा यात्रु वोक्ने सवारी साधन एकदम कम चल्ने भएकाले यहाँका जनताहरुले निकै कष्टकर रुपमा पैदल यात्रा गर्नुपर्दछ। गाउँपालिका क्षेत्रभित्र करिव १० वटा झोलुङ्गे पुल छन् जसले स्थानीय वासिन्दालाई आवत जावत गर्न सहज भएको छ। कृषि सडकको अभावले गर्दा कृषि तथा पशुपालनलाई बजारीकरण तथा वितरणमा समस्या परेको छ। आगामी दिनमा ग्राभेल सडकलाई पक्की सडकमा र कच्ची सडकलाई ग्राभेल सडकमा स्तरोन्नति गरी सुरक्षित, लागत प्रभावी र समय बचत हुनेगरी सडक पूर्वाधारको विकास तथा विस्तारको लागि गाउँपालिकाले पहिलो प्राथमिकता दिनु पर्ने देखिन्छ।

### ५.२.२ समस्या तथा चुनौती

गाउँपालिका भित्रका बजार र आवास क्षेत्रमा निर्माण भएका सडकहरूमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापनमा कमी रहेको छ। भित्रि सडक समेतको मापदण्ड लागु हुन नसक्दा धेरैजसो सडक साँघुरा छन् र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि स्पष्ट हुन सकेको छैन। बजार तथा ग्रामिण क्षेत्रमा पक्की, ग्राभेल र कच्ची सडकहरूमा विभिन्न स्थानमा खाल्डाखुल्डी रहेको र आवश्यक स्थानहरूमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन। वातावरणीय संरक्षणको उपाय अवलम्बन र आर्थिक तथा सामाजिक विश्लेषणबिना सडक निर्माण गर्ने क्रम बढ्दै गइरहेको छ।

### ५.२.३ सोच

"वातावरणमैत्री र दिगो सडक पूर्वाधार, गुणस्तरीय सञ्जाल"

### ५.२.४ उद्देश्य

- विद्यमान सडकहरुको स्तर-उन्नती र दिगो, गुणस्तरीय पुलहरु निर्माण गरी सम्पूर्ण गाउँवासीहरुमा यातायातको सुविधा सहज गराउनु।
- एकीकृत शहरी विकास तथा ग्रामीण यातायात पूर्वाधार निर्माण गर्नु।

### ५.२.५ रणनीति

- पूर्वाधार निर्माणका लागि प्रदेश, संघ तथा विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्ने।
- छिमेकी स्थानीय सरकारहरूसँग सहकार्य गर्ने।
- पूर्वाधार निर्माणका लागि विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्ने।
- वातावरणमैत्री दिगो यातायात प्रणालीको विकास गर्ने।

### ५.२.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| ग्राभेल सडक | कि.मि. | ७ | १० | २० | ४० | १०० |
| मिश्रित सडक | कि.मि. | १२ | १५ | १० | ५ | ५ |
| धुले सडक | कि.मि. | २७० | २९० | २७० | २०० | १०० |
| कालोपत्रे सडक | कि.मि. | ० | ० | ० | १० | १० |
| कल्भर्ट निर्माण | संख्या | २० | २५ | ५० | ६० | ८० |
| झोलुङ्गे पुल | संख्या | ७ | १० | ४ | ३ | ५ |
| पक्की पुल | संख्या | १ | १ | २ | २ | २ |
| १२ महिना संचालन हुने सडक | कि.मि. | ७ | १० | २० | ४० | १०० |

## ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातयात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छः

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २१६०० | २१६० | १९४४० | ० | १००६० | २६९९ | ८८४१ | ० |
| २०८१/८२ | २३७६० | २३७६ | २१३८४ | ० | ११०६६ | २९६९ | ९७२५ | ० |
| २०८२/८३ | २६१३६ | २६१४ | २३५२२ | ० | १२१७३ | ३२६६ | १०६९७ | ० |

## ५.२.८ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सज्डाँडा, झ्यारीवाङ, सिलिङि सस्पेन्सन झोलुङे पुल | आवत जावत सहज वनाउने | २०८०/८१ देखि २०८१/८२ | ३९०० | गाउँबासीलाई झुलुङ्गे पुल निर्माण पश्चात आवत गर्न सहजता हुनेछ । |
| २ | जलेखर्क भालसमारे आल भालुखोला भैयारथान सम्म सडक निर्माण | स्थानीय उत्पादन बजार सम्म पुऱ्याउने र आवत जावत सहज बनाउनु | २०८०/८१ | १५०० | सडक निर्माण भई आवतजावत सहज हुनेछ । |
| ३ | फारुला वजार भित्र सडक मर्मत योजना | स्थानीय उत्पादन बजार सम्म पुऱ्याउने र आवत जावत सहज बनाउनु | २०८०/८१ देखि २०८१/८२ | १५०० | सडक मर्मत भई आवतजावत सहज हुनेछ । |
| ४ | फारुला मौलाहाले जान् मुख्य सडकदेखि वडा कार्यालय सम्म जाने वाटो मर्मत | सडक स्तरोन्नती गरी यातायात व्यवस्था सहज गर्नु | सालवसाली | १५०० | सडक मर्मत भई आवतजावत सहज हुनेछ । |
| ५ | विष्टगाउँ पानीचौर ठानागाउँ पाजाखोला सडक मर्मत | स्थानीय उत्पादन बजार सम्म पुऱ्याउने र आवत जावत सहज बनाउनु | २०८०/८१ देखि २०८१/८२ | २००० | सडक मर्मत भई आवतजावत सहज हुनेछ । |
| ६ | सडक निर्माण, स्तरवृद्धि तथा सार्वजनिक निर्माणकालागी इन्धन खरिद | सडक सञ्जाल विस्तार गर्नु | सालवसाली | २२०० | सडक मर्मत भई आवतजावत सहज हुनेछ । |
| ७ | अध्ययन, अनुसन्धान तथा परामर्श सेवा | पर्यटकीय क्षेत्रमा पँहुच वृद्धि गर्नु | सालवसाली | १००० | खरिद गुरुयोजना निर्माण हुनुका साथै तथा अन्य अध्ययन, अनुसन्धान तथा परामर्श सेवा प्राप्त हुनेछ |
| ८ | सडक सफाइ तथा साना आयोजनाहरुको निर्माण तथा मर्मतको लागी मर्मत संभार कोष | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालबसाली | ८००० | सडक मर्मत भई १२ महिना यातायातको आवागमन तथा नागरिको आवतजावत सहज हुनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा** | | | २१,६०० | |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

पालिकाको विशेषता र आवश्यकताका आधारमा सडक र हवाई पूर्वाधारको निर्माण हुने, सार्वजनिक स्थलमा विद्युत, शौचालय र प्रतिक्षालय निर्माण हुने, सडक पूर्वाधार निर्माणमा जस्तै मर्मत संभारका लागि पनि वार्षिक बजेट विनियोजन भएमा यातयातका पूर्वाधार निर्माण र प्रभावकारी सञ्चालनमा आउन सक्नेछन् । स्थानीयबासीको आवश्यकताको आधारमा रुटको निर्धारण, यातायातको सञ्चालन, प्रभावकारी अनुगमन हुन नसकेमा यातायात क्षेत्रमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.६ जलस्रोत, विद्युत तथा उर्जा

### ५.६.१ पृष्ठभूमि

दार्मा गाउँपालिकालाई प्राप्त हुने अनुदान तथा आन्तरिक आम्दानीको अवस्थालाई विश्लेषण गर्दा जल विद्युतमा लगानी गर्न सक्ने देखिदैन । संघ, प्रदेश र निजी क्षेत्रसंगको सहकार्य तथा सहलगानीमा लघु जलिवद्युत आयोजना संचालन गर्न सकिने संभावना चाहिं रहेको छ । संभाव्यताको आधारमा लघु जल विद्युतको विकासमा गाउँपालिकाले प्राथमिकता दिनु पर्ने देखिन्छ । आर्थिक तथा सामाजिक विकासका लागि उर्जाको भरपर्दो तथा आवश्यकता अनुसारको उपलब्धता हुनुपर्दछ । उर्जाको पर्याप्त उपलब्धताबाट मात्र औद्योगिकीकरण व्यवसायीकरणमा सहजता आउने हुन्छ । महिलाको जीवनस्तरमा सुधार बालबालिकाको पठनपाठनमा सुधार एवं स्वस्थ वातावरण बनाउन पनि ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। जलविद्युतको उत्पादन प्रसारण तथा खपतको कार्यले स्थानीय रोजगारी सिर्जना, बचत, लगानी र उद्यमशीलता प्रवर्द्धनमा योगदान पुर्याउने हुँदा जलविद्युतमा लगानी र सहकार्यका कार्यक्रम तर्जुमामा गाउँपालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने आवश्यकता रहेको छ ।

### ५.६.२ समस्या तथा चुनौती

वैकल्पिक तथा स्वच्छ ऊर्जा विस्तार कार्यक्रम, विद्युतको खपत तथा हरित ऊर्जा प्रवर्द्धनका लागि गाउँपालिका स्तरीय एकीकृत नीति तथा कार्ययोजना तयार हुन नसक्नु समस्याको रुपमा रहेको छ । परम्परागत ऊर्जाको प्रयोग निरुत्साहन गरी जलविद्युत् तथा वैकल्पिक ऊर्जाको उपयोग प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक ऊर्जाको क्षेत्रमा यथेष्ट लगानी जुटाउने कार्य चुनौतीपूर्ण छ ।

### ५.६.३ सोंच

“भरपर्दो र स्वस्थ उर्जाको उपलब्धता र ब्यवसायिक उपयोग”

### ५.६.४ उद्देश्य

- गाउँपालिकाका सवै घरधुरीमा विद्युतको पहुँच विस्तार गर्नु ।
- उत्पादनशील क्षेत्रमा विद्युतको खपत विस्तार गर्नु
- विद्युत उत्पादनमा वृद्धि गर्दै स्वच्छ उर्जाको उपलव्धता र उपयोग सुनिश्चित गर्नु ।
- विद्युत व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु ।

## ५.६.५ रणनीति

- उज्यालो दार्मा अभियान अर्न्तगत गाउँपालिका भरि विद्युत लाइनलाई विस्तार तथा दिगो बनाउन संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गर्ने
- विद्युत तथा वैकल्पिक उर्जालाई गाउँपालिकाको आर्थिक समृद्धिको आधारका रुपमा विकास गर्ने ।
- जलस्रोतका मुहान तथा जलाधार क्षेत्र संरक्षण र संवर्द्धनमा समुदायको क्षमता विकास गरी परिचालन गर्नु ।
- हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने ।
- विद्युत सञ्जालको नियमित मर्मत सम्भार र संरक्षण गर्नू

## ५.६.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| विद्युतमा पहुँच भएका जनसंख्या | प्रतिशत | ३० | ४० | ६० | ८० | १०० |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ७० | ८० | ७५ | ७० | ६५ |
| खाना पकाउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १० | १५ | २५ | ३० | ३५ |
| विद्युतका लागि नविकरणीय सौर्य उर्जा प्रयोग गर्ने परिवार | प्रतिशत | ६० | ७० | ६० | ५० | ३५ |

## ५.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलस्रोत, विद्युत तथा उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १००० | १०० | ९०० | ० | ० | १००० | ० | ० |
| २०८१/८२ | ११०० | ११० | ९९० | ० | ० | ११०० | ० | ० |
| २०८२/८३ | १२१० | १२१ | १०८९ | ० | ० | १२१० | ० | ० |

### ५.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको जलस्रोत, विद्युत तथा उर्जा उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु.हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | स्वच्छ तथा किफायती वैकल्पिक उर्जामा पहुँच वृद्धि गर्ने | सालबसाली | १००० | २० सोलार प्यानल, २०० सुधारिएको चुल्हो र १० वायोग्यास जडान हुनेछन् |
| | **जम्मा** | | | **१०००** | |

### ५.६.९ जोखिम तथा अनुमान पक्ष

औद्योगीकीकरण एवम् आर्थिक गतिशीलता र कृषि क्षेत्रको आधुनिकीकरणले जलविद्युत क्षेत्र आर्थिक सम्वाहकको रूपमा स्थापित हुने, लघु तथा घरेलु उद्योगहरूको प्रवर्द्धनबाट विद्युत खपत बढ्ने, कृषिमा विद्युतीकरण गरी कृषि उत्पादन र उत्पादकत्व बढ्ने र वैकल्पिक उर्जालाई समेत प्रवर्द्धन भई वनमा वा अन्य आयतित उर्जाको खपतमा कमी ल्याउन सकिने अनुमान गरीएको छ । उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धि हासिल हुनेछ ।

सहज, सुलभ र भरपर्दो वितरण प्रणाली विस्तार एवं सुदृढीकरण नहुने, र परम्परागत उर्जा उपयोगको विस्थापनका लागि समुचित मात्रामा उपकरणहरूको वितरण र व्यवस्थापन गर्न नसकिएमा जोखिम रहने देखिन्छ ।

## ५.७ सूचना तथा संचार

### ५.७.१ पृष्ठभूमि

दार्मा गाउँपालिकाले नीति कार्यक्रममा स्मार्ट र समुन्नत पालिकाका रूपमा विकास गर्ने लक्ष्य छ ॥ मोवाइल नेटवर्कका सन्दर्भमा नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलले मोबाइल सेवा दिएता पनि सेवा प्रभावकारी हुनसकेको छैन । गाउँपालिका तथा अन्तर्गतका सवै कार्यालयमा आधुनिक सूचना तथा सञ्चार सुविधामा पहुँच रहेको छ । गाउँपालिकामा इन्टरनेटको उपयोग विस्तार भइसकेको छ । फाइवर तथा वायरलेस इन्टरनेट कार्यालय तथा व्यक्तिगत रुपमा प्रयोग भएता पनि गुणस्तरीय र भरपर्दो हुनसकेको छैन ।

गाउँपालिकामा ९० प्रतिशत भन्दा बढि घरधुरीले सवैभन्दा प्रभावकारी मानिएको मोवाइल फोन प्रयोग गर्ने गरेका छन् । गाउँपालिकाले आफ्नो आधिकारिक वेभसाइट तथा फेसवुक पेजबाट नियमित रुपमा सुचना समाचार सम्प्रेशण गर्दै आएको छ । त्यस्तै सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता एवम् लेखा प्रणाली समेत अनलाईन सफ्टवेयरको प्रयोग मार्फत सेवा प्रवाह गर्दै आएको छ । यसबाट सेवा प्रवाहमा छरितो र गुणस्तरीयता कायम गर्न मद्दत पुगेको छ ।

### ५.७.२ समस्या तथा चुनौती

सवै प्रकारका सञ्चार सेवामा सबै नागरिकको पहुँच पुग्न नसक्नु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यून उपयोग हुनु, सूचना प्रविधिको विकास र साइबर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्थापनको कमी हुनु, आवश्यक जनशक्ति र प्राविधिक ज्ञानको अभाव हुनु, सञ्चार माध्यम पूर्ण रूपमा मर्यादित, जिम्मेवार, जवाफदेही, उत्तरदायी र विश्वसनीय हुन नसक्नु र नियमनका सन्दर्भमा आवश्यक कानुन र नीतिगत व्यवस्थाको अभाव यस क्षेत्रका समस्याहरू हुन् ।

सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरुपयोग नियन्त्रण गर्ने, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समयसापेक्ष प्रयोग गर्ने, सञ्चार माध्यममा प्रसारित समाचार मर्यादित र विश्वसनीय बनाउने, बढ्दो साइबर अपराधको सामना गर्ने र सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा विभिन्न परियोजना तर्जुमा तथा कार्यान्वयनमा अन्तर सरकारी समन्वय गर्नु चुनौतीको रुपमा देखापरेका छन् ।

### ५.७.३ सोंच

"प्रविधिमा आधारित विद्युतीय सुशासन"

### ५.७.४ उद्देश्य

- सेवा प्रवाह, समाज र शासन प्रणालीलाई दिगो र उत्थानशील सूचना प्रविधिमा आधारित बनाउनु
- आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउँदै गाउँपालिकाभर पहुँच वृद्धि गर्नु

### ५.७.५ रणनीति

- सूचना र सञ्चार क्षेत्रको विकासको लागि नीतिगत र कानूनी पूर्वाधार तयार गर्ने
- गाउँपालिकाको शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गर्ने,
- गाउँपालिकाको सूचना सार्वजनिकीकरण, आर्थिक गतिविधि र बोलपत्र आव्हानमा आधुनिक सञ्चार प्रविधि प्रयोग जोड दिने,
- युवा लक्षित सूचना प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवर्द्धन गरी गुणस्तरीय रोजगारीको वृद्धि गर्ने ।
- सामाजिक न्याय तथा सांस्कृतिक कुरीति न्यूनीकरणमा सूचना तथा प्रविधिको विकास र उपयोगमा समाजका सबै वर्ग तथा क्षेत्रलाई सहभागी गराउने ।
- सूचना प्रविधिको अनुसन्धान, विकास र उपयोगमा गाउँपालिका तथा निजी क्षेत्रको सहभागिता बढाउँदै आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रको विकास गर्ने ।
- सुरक्षित एव ंभरपर्दो सरकारी तथ्याङ्को विकास गर्ने ।
- सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणमा अधिकतमरूपमा सूचना प्रविधिको उपयोग बढाई लागत, समय, गुणस्तर, विश्वासनीयता र पारदर्शिताको प्रवर्द्धन गर्ने ।
- सूचना प्रविधिमा आधारित रोजगारीको बृद्धि गर्ने ।

### ५.७.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | ६ | ८ | १० | १२ | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ८० | ९० | ९५ | १०० | १०० |

## ५.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सुचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १५० | ६० | ९० | ० | ० | १५० | ० | ० |
| २०८१/८२ | १६५ | ६६ | ९९ | ० | ० | १६५ | ० | ० |
| २०८२/८३ | १८२ | ७३ | १०९ | ० | ० | १८२ | ० | ० |

## ५.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सुचना तथा सञ्चार उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधिमैत्रि शासन प्रवर्द्धन सालबसाली कार्यक्रम | सूचना तथा सञ्चार प्रविधिमैत्रि शासन व्यवस्था निर्माण गर्ने | सालबसाली | १५० | नयाँ प्रविधि, स्फटवेएर, कम्प्युटरको प्रयोग, इन्टरनेट सेवा विस्तार विद्युतीय प्रणालीवाट सेवा प्रवाह प्रवाह गरेका सेवालाई सामाजिक सञ्जाल, वेवसाईटमा प्रकाशन गरिने |
| | जम्मा | | | १५० | |

## ५.७.९ जोखिम पक्ष तथा अनुमान

सूचना तथा सञ्चारका क्षेत्रमा भित्रिएका नवीनतम प्रविधिको प्रयोग गर्न सार्वजनिक र निजी सेवा प्रदायकबीच सहकार्य हुने, लक्षित वर्गका सञ्चार सेवाको पहुँच विस्तार कार्यक्रम केन्द्रित हुने, गाउँपालिकाको वेबसाइट निरन्तर अद्यावधिक गरी सार्वजनिक सूचनामा पहुँच बढाउने, सञ्चारका माध्यमबाट प्रकाशन र प्रशारण हुने सामाग्रीको गुणस्तरीय विकासको लागि

क्षमता अभिवृद्धि गर्ने जस्ता कार्य गरिएमा अपेक्षित उपलब्धि हासिल हुने संभावना रहन्छ। प्रविधि खर्चिलो र दक्ष मानविय श्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सुचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेशष हुने जोखिम रहन सक्छ।

# परिच्छेद -६ : वन, वातावरण तथा बिपद् व्यवस्थापन

## ६.१ वन,भुसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

हाम्रो देशको कुल क्षेत्रफलको करिब २९ प्रतिशत भूभाग वनजंगलले ओगटेको छ। दार्मा गाउँपालिकामा वनजङ्गलले ३२८० हेक्टर भूभाग ओगटेको छ । जस मध्ये १६५० हेक्टर झाडी, बुट्यान आदि रहेका छन् । दार्मा गाउँपालिकामा ३२ वटा सामुदायिक वन दर्ता भएका छन् । यहाँ उष्ण तथा उपोष्ण हावापानी पाइने भएकाले साल, सिसौ, तथा वनस्पति तथा विभिन्न जातका वन्यजन्तुमा स्याल, पाटे वाघ, रतुवा, खरायो तथा कोइली, काग, ढुकुर, गिद्ध, गौंथली, सिमटाल्ला, भँगेरा आदि चराचुरुङ्गी पाइन्छ। यहाँ पाइने जडिबुटीहरूमा टिम्मुर, अलैंचि, अदुवा, वेसार, सुठबे, तितेपाती, असुरो, गुर्जो, आँक, कुरिलो आदि मुख्य छन्। त्यसैगरि फलफुलमा आँप, सुन्तला,केरा, कागति आदि पाइन्छन्।

स्थानिय श्रोत साधनको सहि उपयोगनै कुनै पनि पालिकाको विकास र समुन्नतिको मुख्य आधार हो। वन तथा वातावरणको दिगो उपयोग, संरक्षण र सम्वर्द्धन बाट नै पालिकाको सामाजिक तथा आर्थिक क्षेत्रको विकास हुनेमा कुरामा कुनै संशय रहँदैन ।

### ६.१.२ समस्या तथा चुनौती

अवैज्ञानिक सडक पूर्वाधार निर्माणको क्रममा भूक्षय तथा पहिरोको जोखिम बड्दै रहेको छ। वातावरण संरक्षण सम्बन्धी जनचेतनाको कमी, वनसंरक्षणमा पर्याप्त कार्यक्रमको कमी, खाना पकाउन इन्धनको रुपमा वनजङ्गलमा आश्रित रहनु, जलाधार क्षेत्रको कमजोर व्यवस्थापन, वैज्ञानिक वन व्यवस्थापनको अवधारणा अनुसार वन क्षेत्रको संरक्षण गर्ने र त्यसका लागि सवै सरोकारपक्षको सहमति बनाउने, वनपैदावरको दिगो संरक्षण हुने गरी समतामुलक उपयोगको व्यवस्था गर्ने, सार्वजनिक वन क्षेत्रमा हुने अतिक्रमण नियन्त्रण गर्ने, समयमा नै डढेलो नियन्त्रण गर्ने, प्लाष्टिक र शिशाजन्य फोहोर मैलाको उचित व्यवस्थापन नहुँदा माटो प्रदुषण र अन्य वातावरणीय ह्रास वढ्दै जानु, रसायनिक मल तथा बिषादीको असन्तुलित प्रयोगको कारण पर्यावरणीय र मानवीय स्वस्थ्यमा नकारात्मक प्रभाव देखा पर्नु, जलवायु परिवर्तनको नकारात्मक असर बढ्दै जानु , वन क्षेत्रमा हुने भुक्षय नियन्त्रण गर्ने यस क्षेत्रका प्रमुख समस्या र चुनौती हुन ।

### ६.१.३ सोंच

"स्वच्छ तथा दिगो शहरी पर्यावरण"

### ६.१.४ उद्देश्य

- वैज्ञानिक वन व्यवस्थापनको अवधारणा अनुसार वन तथा जैविक विविधताको संरक्षण गर्नु।
- दिगो विकासको लक्ष्य हासिल गर्न विकास र वातावरणका बीचमा सन्तुलन स्थापित गर्नु।
- प्राकृतिक विपतबाट हुने जोखिम तथा क्षति न्यूनीकरणका लागि विपत व्यवस्थापन योजना निर्माण गरि समुदायस्तरमा कार्यन्वयन गर्ने
- हरित विकासको अभ्यास तथा जल वायुपरिवर्तन अनुकूलित गराउनु।

### ६.१.५ रणनीति

- पूर्वाधार निर्माणको कार्यमा हरियाली प्रबर्धन गर्ने र वनको सुरक्षणलाई प्राथमिकता दिने
- वातावरणको संरक्षण विपद् न्यूनीकरण र दिगो विकासका लागि प्राकृतिक स्रोत माथिको निर्भरता र अत्यधिक दोहनता घटाउने।
- विभिन्न जोखिमयुक्त क्षेत्रमा ग्रिन जोनको अवधारणालाई कार्यान्वयन गर्ने।
- जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम सञ्चालन गर्ने।

- वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा सार्वजनिक निकाय गैरसरकारी संस्थाका बीचमा समन्वय र साझेदारी र सहलगानी गर्ने ।
- वातावरणमैत्री योजना अनुरूप योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तरनिकाय समन्वयलाई सुदृढ गर्ने ।
- हरित अर्थतन्त्रको विकास सम्बन्धी कार्यक्रमलाई आर्थिक क्रियाकलापका सबै क्षेत्रमा आन्तरिकीकरण गर्ने ।

### ६.१.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | ०७९/८०. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| वनले ढाकेको क्षेत्र | प्रतिशत | ४० | ४५ | ४७ | ५० | ५५ |
| पार्क तथा उद्यान | संख्या | ० | १ | १ | २ | २ |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन,भुसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १५० | ३० | १२० | ० | ० | १५० | ० | ० |
| २०८१/८२ | १६५ | ३३ | १३२ | ० | ० | १६५ | ० | ० |
| २०८२/८३ | १८२ | ३६ | १४५ | ० | ० | १८२ | ० | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको खाद्य सुरक्षा तथा पोषण उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बन, हरियाली तथा जैविक विविधता संरक्षण तथा प्रवर्द्धन सालबसाली कार्यक्रम | वृक्षा रोपण,हरियाली क्षेत्र विस्तार, जैविक विविधता संरक्षण तथा वनको दिगो व्यवस्थापन गर्नु । | सालबसाली | १५० | सामुदायिक वनहरुको दिगो व्यबस्थापन मार्फत प्राप्त बन पैदावारवाट जिविकोपार्जन तथा रोजगारीमा हुनेछ । |
| | जम्मा | | | १५० | |

### ६.१.९ जोखिम तथा अनुमान पक्ष

निजी वन प्रवर्द्धनको संभाव्यता अध्ययन गर्ने, हरित क्षेत्र विस्तारको लागि बोटविरुवाको बेर्ना वितरण, भूसंरक्षणको लागि नदीजन्य कटान रोक्नका लागि तारजाली लगाउने, बायो इजिनियरिङ्ग विधि अवलम्बन गरी निर्माण गर्ने जस्ता कार्य गर्न सकिएमा वन तथा भूसंरक्षण क्षेत्र गर्न सकिन्छ । भूउपयोग नीति अनुसार उद्योगको स्थापना हुने, पर्यावरणमैत्री बालीनाली प्रणाली प्रयोग हुने, भौतिक निर्माण सम्बन्धी विकासका कार्य सञ्चालन गर्दा दीर्घकालीन वातावरणीय प्रभावको अध्ययन हुने, औद्योगिक, अस्पतालजन्य, मानवजन्य फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन हुने तथा मृत जनावारको उचित व्यवस्थापन भएमा वातावरण संरक्षण हुनसक्छ । वातावरण संरक्षण सम्बन्धी जनचेतनाको कमी, नदीजन्य तथा खानीजन्य पदार्थको अधिक दोहन, दीर्घकालीन असरको अध्ययन नगरी सञ्चालन गरिने विकास निर्माणका कार्यले पृथ्वीबाट मानव लगायत अन्य प्राणीको पनि लोप हुने जोखिम आउन सक्छ तथा पर्यावरणीय सन्तुलनलाई ख्याल नगरी विकास निर्माणका कार्य गरिएमा प्राकृतिक सन्तुलन बिग्रन गई प्राकृतिक विपद् आउने जोखिम रहन्छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

यस गाउँपालिकाबासीले हालसम्म घरबाट निस्कने फोहोरमैला आफनै तरिकाले विर्सजन गर्ने गरेका छन् । गाउँपालिकाका सवै ग्रामीण क्षेत्रमा स्थानीयस्तरमै फोहोरमैला व्यवस्थापनको अभ्यास रहेको छ । यहाँ फोहरमैला व्यवस्थापनका लागि १ वटा ल्यान्डफिल्ड साइट रहेको छ । मुख्य बजार क्षेत्रमा सर्वसाधरण, जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरुवाट साप्ताहिक रुपमा फोहोरमैला सकलन हुने गरेको छ भने ग्रामिण भेगका घरधुरीहरूबाट उत्सर्जन हने फोहोरहरू जलाउने र गाड्ने गरिएको छ । यसैगरी प्राकृतिक स्रोत संरक्षण, प्लाष्टिक नियन्त्रण, फोहोर जलाउने कार्यलाई निरुत्साहन गरी प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षणका प्रयासहरु अगाडि बढाएको छ ।

### ६.२.२ समस्या तथा चुनौती

गाउँपालिका क्षेत्रमा फोहोरमैला व्यवस्थापनको लागि संकलन, ढुवानी र सुरक्षित विसर्जनको उचित व्यवस्थापन गर्न सकिएको छैन । जथाभावी फोहोर फ्याक्ने, प्लाष्टिकको अत्याधिक प्रयोग गर्ने, ढल तथा प्रशोधन केन्दको व्यवस्था नहुँदा तरल फोहोरको उचित व्यवस्थापन नहुने जस्ता वातावरणीय समस्याहरू वृद्धि भईरहेका छन् ।

वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनमा सार्वजनिक निजि साझेदारीको नीति अवलम्बन गरी फोहर मैला व्यवस्थापनको दिगो समाधान हुन सकेको छैन । फोहोरमैलालाई प्रत्येक घरबाट नै फोहोरको वर्गिकरण गरी शुन्य फोहोरको अवधारण अनुसार कुहिने, नकुहिने, सिसाजन्य, फलाम, कागज, धातु, काठ, कपडा र प्लाष्टिकजन्य फोहोरलाई व्यवस्थीत गरी वातावरणलाई स्वच्छ, हरीयाली र सफा राख्नु चुनौतिका रुपमा रहेको छ ।

### ६.२.३ सोंच

"फोहरको वैज्ञानिक व्यवस्थापन, दार्माको अभियान"

### ६.२.४ उद्देश्य

- गाउँपालिकालाई स्वच्छ, सफा र हराभरा गराउनु ।
- फोहोरको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी प्रविधिमैत्री फोहोरमैला व्यवस्थापन र आन्तरिक अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु

### ६.२.५ रणनीति

- आधुनिक, दिगो र उपयूक्त ल्याण्डफिल्ड साईडको व्यवस्था गर्ने ।
- प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन तथा व्यवस्थापनको वैकल्पिक व्यवस्था गर्ने ।
- फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी प्रशोधन गर्न सार्वजनिक निजि साझेदारी गर्ने ।

### ६.२.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| निर्माण र सुचारु ल्याण्डफिल्ड साइट | संख्या | ० | ० | १ | १ | २ |
| ल्याण्डफिल साइटको क्षेत्रफल | रोपनी | ० | ० | ३ | ३ | ६ |
| फोहोर संकलन साधन | संख्या | ० | ० | ० | १ | १ |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | १५ | ४० | ५० | ६० | ७० |
| स्रोतमा नै फोहर वर्गीकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | ७ | १० | १२ | १५ | १८ |
| फोहोर मैला तथा ढल व्यवस्थापन सम्वन्धि सचेतना कार्यक्रम (वार्षिक) | संख्या | ० | २ | ५ | ७ | ९ |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहरमैला व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २०० | ६० | १४० | ० | ० | २०० | ० | ० |
| २०८१/८२ | २२० | ६६ | १५४ | ० | ० | २२० | ० | ० |
| २०८२/८३ | २४२ | ७३ | १६९ | ० | ० | २४२ | ० | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको वातावरण तथा फोहरमैला व्यवस्थापन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | व्यवस्थित डम्पिङसाइट निर्माण | फोहोर मैला स्रोतमा न्युनीकरण र विसर्जन हुने गरी प्रभावकारी व्यवस्थापन गर्नु | सालवसाली | १५० | १ वटा फोहोर मैला व्यवस्थापन केन्द्र स्थापना र संचालन भएको हुने |
| | जम्मा | | | १५० | |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको फोहरमैला व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारी, उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिताको अवस्था भएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

संवैधानिक व्यवस्था तथा प्रचतिल कानून बमोजिम गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यहरु गर्दै आएको छ। दार्मा गाउँपालिका बहु-प्रकोपको दृष्टिले अत्यन्त जोखिममा रहेको छ। यस गाउँपालिकामा आगलागी, वाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, खडेरी, लागयतका प्राकृतिक तथा मानविय प्रकोपका घटना दिन प्रतिदिन बढ्दै गएको देखिन्छ। गाउँपालिकाभित्र मुख्य डाँडाहरूमा सडक बाटो खन्नु, वन जंगलको विनाश हुनु, सचेतनाको कमी, लापरवाहीपूर्ण व्यवहारका कारण प्रकोपबाट प्रभावितहरूको संख्या बढ्दै गई रहेको छ। जलवायु परिवर्तनको असरको हुन सक्ने जोखिम न्यूनीकरण गर्न जोखिम क्षेत्रको पहिचान, नक्शाङ्कन र रोकथाम, पूर्व तयारी तथा जोखिम व्यवस्थापन कार्यहरु सञ्चालन गर्नुपर्दछ। जलवायु परिवर्तनको असरको कारण जलसतह घट्दै गएको हुँदा सो समस्या समाधानको लागि

पुनर्भरण पोखरी, भएका तालतलैया तथा सीमसार क्षेत्रको संरक्षण गर्ने नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । यस गाउँपालिकामा प्रमुख विपद्को प्रकोपका रुपमा बर्षातको समयमा डुवान तथा हिउदयाममा सुख्खा खडेरी तथा अत्याधिक सडक दुर्घटना रहेका छन् ।

### ६.३.२ समस्या तथा चुनौती

विगत केही दशक देखि विश्वभरी नै जलवायुजन्य र अन्य विपद्हरु बढ्दै गएकाछन् । बढ्दै गएको विपद्को आवृत्ति, प्रवृत्ति र सघनता अनुरुप स्थानीयतह तथा स्थानीय समुदायसँग आकस्मिक प्रतिकार्यको क्षमता र विपद् पूर्व तयारी रहेको देखिएको छैन । गाउँपालिकामा मूख्य प्रकोपहरुमा पहिरो, बाढी, वन डढेलो, खडेरी, रोगकीरा, असिना, हुरी बतास रहेका छन् । भूमिको व्यवस्थित तथा वैज्ञानिक रुपमा उपयोग हुनन सक्दा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ । विभिन्न स्थानमा नाँगा डाँडा रहेका वर्षातको समयमा हुँदा पहिरोको अत्याधिम जोखिम रहेको छ ।

### ६.३.३ सोंच

विपद व्यवस्थापनमा सवल र सक्षम दार्मा

### ६.३.४ उद्देश्य

- विपद् जोखिम न्यूनीकरणलाई मुलप्रवाहिकरण गरी पुर्वतयारी, प्रतिकार्य, रोकथाम र व्यवस्थापनका लागि नीतिगत र संरचनागत व्यवस्था गर्नु ।
- विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वसुचना प्रणाली स्थापना तथा सुदृढ गर्नु ।

### ६.३.५ रणनीति

- प्राकृतिक तथा गैर प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने
- विपद्वाट हुने भौतिक तथा मानविय क्षति न्युनीकरण गर्ने
- जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्ने
- जलवायु परिवर्तनका कारण उत्पन्न प्रकोप, वातावरणीय जोखिम र मानव स्वास्थ्यमा पर्ने असर पर्ने असर प्रतिरोधका लागि जलवायु कोष सञ्चालन गर्ने

### ३.३.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | ० | २ | ० | ० | ० |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ० | ० | ५ | १० | १५ |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. लाखमा | ३ | ५ | ४ | ३ | २ |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | १ | १ | २ | २ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विपद् व्यवस्थापन कोष रकम | रु. लाखमा | २०० | ३०० | ५०० | १००० | १५०० |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५०० | ३०० | २०० | ० | ० | ५८ | ४४२ | ० |
| २०८१/८२ | ५५० | ३०० | २०० | ० | ० | ६४ | ४८६ | ० |
| २०८२/८३ | ६०५ | ३०० | २०० | ० | ० | ७० | ५३५ | ० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन र जलवायु अनुकुलन सम्वद्ध सालवासाली कार्यक्रम | विपद्सम्वन्धी घटनाको न्युनीकरण एवं रोकथाम गर्नु र जलवायु सम्वद्ध कार्यक्रमको निरन्तरता दिनु | सालवसाली | ५०० | विपदबाट हुने क्षतिमा वार्षिक ३० प्रतिशत कमी आउनेछ। |
| | **जम्मा** | | | ५०० | |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा प्रत्येक वर्ष दोहोरिने प्राकृतिक जोखिम न्युनीकरणको लागि जोखिमयुक्त क्षेत्रको नक्सांकन हुने, जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा बस्ती स्थानान्तरण हुने, जलवायु परिवर्तनबाट सिर्जना हुने समस्या र अनुकुलनताका उपाय अवलम्बन हुने, संक्रमण र महामारीजन्य रोगको बारेमा गाउँपालिका भौतिक र वित्तीय रुपमा

सबल अवस्थामा हुने तथा तीनै तहका सरकारबाट सञ्चालित कार्यक्रमबीच समन्वयात्मक सम्बन्ध बनाउन सकेमा विपद्जन्य समस्या र जलवायु परिवर्तन अनुकुल बालीनाली लगाउन सकिन्छ । विपद्को पूर्व सूचना प्रणालीको स्थापना, पूर्व तयारीका कार्यक्रम, राहत, उद्धार तथा पुनर्स्थापना कोष जस्ता आधारभूत कार्यक्रम सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन्छ

# परिच्छेद-७ : सुशासन तथा संस्थागत विकास

यस क्षेत्रमा नीति, कानुन, न्याय तथा सुशासन, मानज संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

## ७.१ नीति, कानुन, न्याय तथा प्रशासन

### ७.१.१ उद्देश्य

दार्मा गाउँपालिकाको शासकिय संरचना क्रमिक रुपमा व्यवस्थित हुदैगईरहेको छ । गाउँपालिकाले संवैधानिक रुपमा एकल अधिकार भित्र रहेका क्षेत्रहरुलाई सम्वोधन गर्ने गरी कानुन तयार पारेको छ । गाउँपालिका मातहत ५ वटा विषयगत समितिहरु क्रियाशिल छन् । जवाफदेहिता तथा पारदर्शितालाई कार्यान्वयन गर्न गाउँपालिकाले बार्षिक रुपमा २ पटक सार्वजनिक सुनुवाई हुने गरेको छ । गाउँपालिकाको कुल आयोजना मध्ये २१० वटा उपभोक्ता समितिबाट तथा १० वटा ठेक्का प्रक्रिया बाट, समयमा आयोजना सम्पन्न भएको छ । अर्को तर्फ हाल १२४ जना कर्मचारी गाउँपालिकामा कार्यरत छन । गाउँपालिकाले आवश्यकता अनुसार व्यवस्थापिकाको हैसियतमा कानुन तर्जुमा गरी कार्यान्वयन गर्ने अवसर उपलब्ध रहेको छ । हालसम्मको तथ्यांक अनुसार न्यायिक समितिमा जम्मा ३२ वटा उजुरीहरू परेकामा निर्णय तथा मेलमिलाप गरी जम्मा २७ मुद्दाहरू फछ्र्यौट भएका छन्, ५ ओटा मुद्दा न्यायिक समितिमा विचाराधीन रहेका छन् ।

### ७.१.२ समस्या तथा चुनौती

गाउँपालिकाले गरेका काम कारवाहीको पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व अभिबृद्धि गर्न सार्वजनिक सुनुवाई तथा परीक्षण हुने गरेको भएपनि सेवा प्रवाहमा त्यस्को प्रभाव कम देखिनु, गाउँपालिकामा विकास कार्य तथा सेवा प्रवाहको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने प्रभावकारी संयन्त्र नहुनु, व्यवस्थित र प्रभावकारी सुचना प्रणाली नहुनु, जवाफदेहिता तथा पारदर्शितासँग जोडिएका समस्या हुन् । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेषगरी विपन्न तथा लक्षित वर्गलाई सूसूचीत गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र त्यसको परिपालना हुन सकिरहेको छैन

### ७.१.३ सोंच

“सवल र सक्षम प्रशासन, दिगो सुशासन”

### ७.१.४ उद्देश्य

- गाउँपालिकाको सेवा प्रवाहलाई सरल, सहज छरितो र जवाफदेही बनाउनु ।
- न्याय प्रशासनलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउनु ।

### ७.१.५ रणनीति

- सुशासन तथा नीति, कानुन, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने,
- गाउँपालिकाको नीति, कानुन तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व वृद्धि गर्ने,
- न्यायमा नागरिकको पहुँचका लागि चुस्त र स्तरीय न्यायिक सम्पादन गर्ने

## ३.१.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ४५ | ५० | ५५ | ६० | ६५ |
| स्वीकृत नीति, कानून र कार्यविधि | संख्या | - | - | - | - | - |
| १. नीति | विषय | २ | २ | ३ | ४ | ५ |
| २. ऐन | विषय | ८ | १२ | १५ | १८ | २० |
| ३. नियम तथा विनियम | विषय | २ | २ | ४ | ६ | ८ |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | विषय | ४५ | ५९ | ६२ | ६५ | ७० |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | ४५ | ५० | ५५ | ६० | ६५ |

## ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानुन, न्याय तथा प्रशासन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १३०० | १३०० | ० | ० | ० | १३०० | ० | ० |
| २०८१/८२ | १४३० | १४३० | ० | ० | ० | १४३० | ० | ० |
| २०८२/८३ | १५७३ | १५७३ | ० | ० | ० | १५७३ | ० | ० |

## ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको नीति, कानुन, न्याय तथा प्रशासन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नीति कानुन सुशासन तथा न्याय प्रवर्धन कार्यक्रम | प्रशासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | १३०० | नीति, कानून तथा कार्यविधि तर्जुमा तथा परिपालनामा ६० प्रतिशतले वृद्धि हुनेछ । |
| | जम्मा | | | १३०० | |

### ३.१.९ जोखिम तथा अनुमान पक्ष

गाउँपालिकाको कार्यसम्पादन र कार्यक्रम कार्यान्वयनमा सवै प्रकारका कानुनी आधार प्राप्त भई सहजता हुने, अन्तर सरकार तहहरूवीच सुदृढ सम्बन्ध, सहकारिता, सह-अस्तित्व र समन्वयको विकास हुने, नगरपालिका थप जिम्मेवार एवं पारदर्शी हुने, शान्ति सुरक्षा कायम गर्नमा आवश्यक दक्ष जनशक्ति तयार हुने र स्रोत उपकरणहरूको समुचित व्यवस्थापन हुने अनुमान गरिएको छ ।

स्थानीय सरकारबाट प्रवाह हुने सेवा सुविधाहरू सहज, समतामुलक र समावेशी हुनुपर्ने, सवै प्रकारका सुरक्षा निकाय, स्थानीय प्रशासन एवं नगरपालिका विचमा आवश्यक समन्वयको विकास हुनुपर्ने र शान्ति सुरक्षा एवं न्याय सम्पादनमा समेत स्थानीयवासी र प्रहरी प्रशासनविच सहकार्य र विश्वासको वातावरण कायम हुनुपर्ने, अन्यथा उद्देश्य प्राप्तिमा जोखिम रहने देखिन्छ ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

दार्मापालिकाले नयाँ भवन निर्माणको अन्तिम चरणमा छ भने ३ वटा वडा कार्यालयको आफ्नै भवनबाट र अन्य ३ वटा वडा कार्यालयले भाडामा कार्यलय सञ्चालन गरी सेवा प्रवाह गरिरहेका छन् । यस गाउँपालिकामा जम्मा ६ वडा रहेका छन् । स्वीकृत संगठन संरचना अनुसार गाउँपालिकामा १२ वटा विभिन्न शाखाहरू रहेका छन् जसमा ४० जना स्थायी , ६२ जना करार कर्मचारी तथा २१ जना स्वयंसेवक कर्मचारी गरी जम्मा १२४ जना कर्मचारहिरु छन् । गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरी गाउँपालिका र वडामा समेत प्रयोगमा ल्याइएको छ ।

गाउँपालिका कार्यालयमा तथा सम्पूर्ण वडा कार्यालयहरूमा सूचना तथा सञ्चार सहितका न्युनतम सेवा सुविधाहरू उपलब्ध छन् भने सेवा प्रवाहको क्षेत्रमा सेवा प्रवाहमा प्रयोगमा आधुनिक सफ्टवेयरहरू घटना दर्ता, विद्युतीय हाजिरी, सामाजिक सञ्जाल, वेवसाइट, फ्रि वाइफाइ, सुचना पाटी समेत उपयोग गर्ने गरिएको छ । सङ्गठनात्मक तथा क्षमता विकासका कार्यहरूमा पनि गाउँपालिकाले अन्तर सरकारी समन्वय र अन्य विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरी तदनुरुपका कार्यहरू गरिरहेको छ ।

### ७.२.२ समस्या तथा चुनौती

संस्थागत संरचना, मानव संशाधन विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति मा निरन्तर सुधार आएपनि अझ प्रभावकारी बनाउनुपर्ने पक्षहरु प्रसस्तै देखिन्छन । जनशक्तिको परिचालन तथा नगरको सेवा र सुविधा गुणस्तरीय र कार्य सम्पादन नतिजामुखीमार्गमा भएता पनी उत्कृष्ठ सेवा प्रभावका लागि थप योजना आवश्यक देखिन्छ ।

गाउँपालिका तथा वडा कार्यालयहरुबाट समेत सेवा प्रवाहका दृष्टिले जनमैत्री बनाउन, कर्मचारीको दक्षता तथा विषय विज्ञ कर्मचारी परिचालन गर्नु, जनप्रतिनिधिमा पर्याप्त कानूनी तथा प्राविधिक आदान प्रदान गर्ने कुरामा थप सुधार गर्नुपर्ने पक्षहरु देखिएका छन् । गाउँपालिकाले योजना तर्जुमा तथा कार्यान्वयनमा परिवर्तित राजनीतिक संरचनालाई पूर्ण रुपमा आत्मसाथ गर्न कर्मचारी प्रशासन र जनप्रतिनिधि बीचको बुझाईमा एकरुपता हुन नसक्नु संगठन तथा मानव संशाधनसँग सम्बन्धित समस्या प्रमुख समस्याको रुपमा रहेका छन् ।

## ७.२.३ सोंच

“जवाफदेही र पारदर्शी जनप्रशासन, सूचना प्रविधिमा आधाारित विधिको शासन”

## ७.२.४ उद्देश्य

- प्रशासनिक संरचनालाई प्रविधिमैत्री, पारदर्शी र मितव्ययी वनाउनु,
- दक्ष जनशक्तिको विकास गरी परिणाममुखी नगरपालिकाको विकास गर्नु ।
- निर्वाचित जनप्रतिनिधि, कर्मचारी तथा नागरिक समाजको क्षमता अभिवृद्धि गर्नु,

## ७.२.५ रणनीति

- स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने ।
- गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने ।
- प्रशासनिक संयन्त्र तथा कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्य सम्पादनलाई व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउने,

## ७.२.६ नतिजा सुचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | ०८१/८२ | ८२/८३ |
| गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | ११८ | १२१ | १२५ | १२८ | १३० |
| गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | ४७ | ५१ | ५५ | ५७ | ६० |
| गाउँपालिका तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ४० | ४० | ५० | ५५ | ६० |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | संख्या | ६ | ६ | ६ | ६ | ६ |
| संस्थागत स्वमूल्यांकनको प्राप्तांक प्रतिशत | प्रतिशत | – | ८३.५ | ८७ | ८९ | ९० |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, क्षमता विकास तथा जनशक्ति व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

